CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं. २६८२
दर्ता नं. २९३६०

जगद्गुरु आदि शंकराचार्य प्रणीत

सौन्दर्यलहरी



र

रसतरंगिणी

(नेपाली_व्याख्या)

व्याख्याकार
गिरिधारी भट्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः–
सत्संग परिवार
जावलाखेल, ललितपुर– ४
नेपाल ।

प्रथम संस्करण
संख्या १००० थान

प्रकाशन मितिः–
सम्वत् २०४६ साल

(सर्वाधिकार व्याख्याकारमा सुरक्षित)

मूल्यः– रु. [illegible]/-

मुद्रकः– मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

नं. २६८२
दर्ता नं. २९३६०

सत्संग प्रकाशनको अष्टम पुष्प

जगद्गुरु आदि शंकराचार्य प्रणीत

सौन्दर्यलहरी
र
रसतरंगिणी

(नेपाली व्याख्या)

व्याख्याकार:
पं. श्री गिरिधारी भट्ट

सम्पादक:
श्रीकृष्ण गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्ता नं. 29260

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवती श्रीमहात्रिपुरसुन्दरी

क्वणत्काञ्चीदामा करिकलभकुंभस्तननता ।
परिक्षीणा मध्ये परिणतशरच्चन्द्रवदना ॥
धनुर्बाणान्पाशं श्रृणिमपि दधाना करतलैः ।
पुरस्तादास्तां नः पुरमथितु राहो पुरुषिका ॥७॥

—सौन्दर्यलहरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय मन्तव्य

"सत्सङ्ग परिवार" वैदिक सनातन धर्मको एक शुद्ध संस्था हो । यसले कर्मकाण्डको साथै भक्ति र ज्ञानकाण्डको समेत अभिबृद्धिमा सहयोग गर्दै आएको छ। यो केवल धार्मिक संस्थामात्र नभएर सामाजिक संस्था पनि हो। यसले आफ्नो दैनिक पाठ, पूजा, प्रवचन, व्याख्या, आदिको साथै रुद्री, चण्डी, होम र व्रतबन्ध जस्ता कार्यक्रम गर्दै आएको छ। अनि कतै खानेपानीको व्यवस्था, कतै भूकम्प-पीडितलाई सहयोग गर्दै आएको छ भने, कतै स्कूलको निर्माण पनि गरिदिएको छ। त्यसै गरी समाजमा धर्म र सामाजिक सेवाको महत्वमाथि चेतना जगाउने लक्ष्य राखी विद्वत्वर्गद्वारा रचना गरिएका कृतिहरूको प्रकाशन गरी श्रद्धालुवर्गलाई लाभान्वित पनि गराउँदै आएको छ। संवत् २०४० सालदेखि हालसम्म जम्मा सात ग्रन्थको प्रकाशन गरी यस परिवारले प्रकाशन – पुष्पवाटिकामा नयाँनयाँ पुष्पको रौनक थप्दै पनि आएको छ। हालै पनि केही पुष्पहरू मुद्रणालयको गर्भभित्रै छन् र निकट भविष्यमै तिनको प्रकाशन हुनेछ। यस क्रममा यो एक नौलो पुष्प हुन जानेछ, किनभने अहिले-सम्मका ग्रन्थहरूले तन्त्र-- रहस्यलाई छोएका थिएनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचलित पूजा पाठ र न्यासध्यानको क्रममा यसले "शक्ति तत्व" तर्फ जिज्ञासा जगाउने काम गर्दछ।

यस्तै– शक्ति 'पूजनको' रहस्यलाई भलिभाँती पहिचान गरेका परंपूज्य गुरु पण्डित दुर्गाप्रसाद भट्टराईज्यूले सारै मीठो शैलीमा लेख्नु भएको दुर्गा "स्तुति" प्रलापमालाको।

"भजमन दुर्गा, भजमन दुर्गा, भजमन दुर्गा, भज श्यामा।
पतितोद्धारिणि ! दुर्गतिहारिणि ! कलुषनिवारिणि! हे आमा॥

– बालकपुकार।

त्यस्तै–

देऊ पराभक्ति म केही माग्दिन।
त्यो काखमा राख जमाई दिन्दिन॥
तिम्रो परप्रेममहाँ डुबीकन।
आमा ! सदा शान्त रहोस यो मन ॥३६॥

–क्षमापुष्प

-जस्ता हरफहरूले उनै दुर्गा भवानी महामायाको स्तुति गाउन त केटाकेटीदेखि नै सिकाएको थियो। आज त्यही सिलसिलामा "सत्सङ्ग परिवार" को तर्फबाट प्रकाशन गरिने परिपाटीभित्र श्री श्री श्री १०८ स्वामी जगद्गुरु आदि शंकराचार्यज्यूद्वारा लिखित "सौन्दर्य लहरी" को नेपाली भाषामा व्याख्या गरिएको "रसतरंगिणी" को यो नयाँ ग्रन्थ पाउँदा "सत्सङ्ग परिवार" सारै नै हर्षित छ।

विश्वरूपा भगवतीले नै यो ब्रह्माण्डलाई ढाकेर बसेकी छन्। "भूमि, जल, तेज, वायु, आकाश र मनसमेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी नै हौ। शिवकी वामाङ्गी भएकीले सम्पूर्ण जगत् तिम्रै लीलागार हो। सबै पदार्थमा तिमीनै सच्चित् आनन्दरूपले रहेकी छौ" -भनी जगद्गुरु स्वयं उद्गार व्यक्त गर्नु हुन्छ :–

मनस्त्वं व्योमस्त्वं मरुदसि मरुत्सारथिरसि ।
त्वमापस्त्वं भूमिस्त्वयि परिणतायां नहि परम् ॥
त्वमेव स्वात्मानं परिणमयितुं विश्ववपुषा ।
चिदानन्दाकारं शिवयुवति भावेन विभृषे ॥३४॥

–सौन्दर्यलहरी

यस किसिमको ग्रन्थका व्याख्याता विद्वान् नैष्ठिक श्री गिरिधारी भट्टज्यूप्रति यस "सत्सङ्ग परिवार" हृदयैदेखि वन्दना तथा कृत्तज्ञता ज्ञापन गर्दछ । यस्तो जगदम्बा भगवतीको आराधना गरिएको अपूर्व ग्रन्थलाई प्रकाशन गर्ने सौभाग्य पाएर सत्सङ्ग परिवार पनि आफूलाई अत्यन्त धन्य ठान्दछ ।

यस ग्रन्थको प्रकाशनले शक्तिसाधनामा रुचि राख्ने सबै व्यक्तिहरूलाई अवश्य लाभ पुऱ्याउने छ भन्ने विश्वास गर्दछु । साथै यसको प्रकाशनमा सहयोग गर्ने मुद्रण विभागका महानिर्देशक श्री रामचन्द्र उपाध्याय, कम्पोज सुपरभाइजर श्री भक्तप्रसाद श्रेष्ठ, सहायक इष्टिमेटर श्री रामबहादुर डंगोल तथा उहाँका सहयोगी कर्मचारीहरूमा हार्दिक साधुवाद ! अस्तु देव्यर्पणम् ।

हरिप्रसाद पौडेल,
अध्यक्ष,
सत्सङ्ग परिवार,
जावलाखेल–४
ललितपुर, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

"शिव:शक्त्यायुवतो यदि भवति शक्त:प्रभवितुं" प्राकृत आश्रय नपाई बिउले आफ्नो रूप बदल्दैन। यौटा बरको गेडामा हजारौं हाँगाबिंगा र पातहरू अदृश्य भएर रहेका हुन्छन्, तर त्यो गेडाले धरतीको कुनै एक छेउ पाएन भने ती अनेकौं हाँगाबिंगा र पातहरू दृश्यमान भएर फैलिन सक्दैनन् । त्यसै गरी बीज रूपका शिवलाई धरतीरूपी शक्तिले अदृश्य रूपबाट दृश्य रूपमा प्रकट गरिदिन्छिन्। शक्ति प्रकृति रूपमा छिन् भने, शिव पुरुष रूपमा । संपूर्ण ब्रह्माण्डको रचनामा देखिने सृष्टि, स्थिति र संहाररूपी त्रित्व-विधा शक्तिको अभावमा बिलकुल रहनै सक्दैन । प्रत्येक बिरुवा उम्रनु, फैलिएर फुल्नु फल्नु, वैलिएर झर्नु, मर्नु, आदि सृष्टि स्थिति र लयको रूपले यो विश्वमात्र होइन, अनन्त ब्रह्माण्ड नै ढाकिएर रहेको छ। यसैले नै शक्तिलाई देवी रूपमा मानिएको हो र उनीबिना दोस्रो नदेखिने हुनाले नै उनलाई आदि शक्ति मानिएको छ। सामान्य पशुपक्षी कीराफट्याङ्ग्रा र मानिस मात्र होइन देवता पनि उनको इशारा नपाए फिटिक्क चल्न सक्दैनन् । त्यस्ती ती सर्वाधाररूपा महामाया भगवतीलाई थोरै मात्र पुण्यले कसरी जान्न सक्नु ? अहो ! धन्य छयौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवी पराम्बा, तिम्रो शक्ति अपरम्पार छ। त्यही शक्तिको लागि ब्रह्मा, विष्णु र रुद्र पनि सदा तिम्रो आराधना गरिरहन्छन् । सम्पूर्ण विश्व रचना गर्ने ब्रह्माजीको अगाडि यौटा सिन्को भाँच्न नसक्ने मनुष्य प्राणी के हो र ? ब्रह्माजीको रचनालाई व्यवस्थित ढंगले पालना गर्ने विष्णु भगवान्को दृष्टिमा, त्यस्तै यो सम्पूर्ण चराचरलाई पल भरमा नाश गर्न सक्ने रुद्रको अगाडि मानव शक्ति कुन गणनामा आउन सक्छ र ? तर पनि मानिस म यस्तो, म उस्तो भनी नाना रङ्गको घमण्ड गरी आफ्नो डंका पिट्दछ। अहङ्कारले अरूलाई होच्याउँछ, आफ्नो बडप्पनको बखान गर्दछ। ती परमपूजनीया जगज्जननीको वास्ता गर्दैन । धिक्कार छ मनुष्य तेरो जन्मलाई, यदि 'तँ उनको कृपाखातिर सम्झना राख्दैनस्, खोजी गर्दैनस् भने ! तेरो त्यस्तो अज्ञान देखी दया लाग्दछ। आफैंमात्र जान्ने सुन्ने, ठूलो राम्रो र गुणावान् संझने तेरो बिब्ल्याँटो बुद्धि देख्दा खेद लाग्दछ। तेरो पूर्वजन्मको अपराधले गर्दा नै तेरो यस्तो स्थिति भएको हो भन्ने सम्झी। अब थोरै समय भए पनि उनै आमाप्रति केही झुक्न सिक्नु पर्‍यो। उनको दूधको भारालाई साहुको ऋण सम्झनु पर्‍यो। ऋणको सबै सावाँ तिर्न नसके पनि थोरै प्रतिशत व्याजमात्र तिर्न अग्रसर हुन पर्‍यो, नत्र उऋण हुन नसकी जिन्दगीभर दुःखको भुमरीमा तैंले घुमिरहनु पर्नेछ। तँजस्तो कृतघ्नको मुख हेर्नु पनि पुण्यात्माको लागि ठूलो अपराध ठहर्छ। बेला छँदै तँ आफ्नो बाटो बना। नत्र अझै अँध्यारो खाडलमा खस्नु पर्नेछ। हे पराम्बा-विमुख मनुष्य, होश गर ! उनको कृपा नभएमा बडे बडे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरूको पनि कुनै पुरुषार्थ रहँदैन भने मांस पिण्डको शरीरधारी मानिसको लाश बाहेक के हुन्थ्यो र ? तर जे भए पनि उनको केही न केही कृपा भएर नै हामी बोल्न चल्न र हिंडडुल गर्न सक्दछौं। यो दुई दिनको चोला, आज होला, भोलि नहोला। मौका छोपिहालौं, उनको सेवा आराधना गरिहालौं। नत्र बेला बितेपछि त्यो बेला फेरि फर्किंदैन। त्यो बेलाको फाइदा त्यै बेलाले लिईहाल्छ। हामी ठगिन्छौं। घोर दुःखमा धकेलिन्छौं। शुंभ–निशुंभ र महिषासुरजस्ता बडेबडे पराक्रमी र धनीमानी भएका हामीहरु अझै पनि ममात्र खाऊँ ममात्र लाऊँ, ममात्र मोज गरूँ, कसैको वास्ता नगरूँ अरू दुःखले पिल्सिएर मरून् भन्ने शोषण र दुष्टताको विचार गर्छौं भने हाम्रो के गति होला ? भगवती कतिन्जेल सहलिन् ? अनि हामीजस्ता नराधम अपराधीको वलि नखाए तिनलाई नरदेवी नै कसरी भन्नु र ? काम, क्रोध, लोभ, मद, मात्सर्य- आदिले घेरिएर मदमत्त भएका अहंकारी हामीजस्ताको बलि भगवतीलाई अति नैं मन पर्दछ। अर्काको उन्नति र भलाई देख्न नचाहने, दुष्कर्मद्वारा धन-सम्पत्ति, स्वास्नी र सन्तान बटुलेर प्रतिष्ठित हुन खोज्ने हाम्रो घमण्डलाई चूर गर्ने उपाय उनै पराम्बा जान्नु हुन्छ। र त्यो प्रक्रिया जारी नै रहन्छ।

नेपाल हामी नेपालीको लागि मातृभूमि त हो हो, त्यतिमात्र नभएर देवभूमि पनि हो। एकातिर यसलाई मन्दिरै मन्दिरको देश भनिन्छ भने अर्कोतिर यसलाई शिव–पार्वतीको देश पनि भनिन्छ। यो हिमाली तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहाडी देश पनि हो । यहाँको गौरीशंकर, अन्नपूर्णजस्ता हिमाल र शिवपुरीजस्ता पर्वतीय नाममा यिनै शिव पार्वती नाम अङ्कित छन् भने अधिकांश अग्ला पहाड पर्वत र खोल्सा दोभानमा यिनै शिव–शक्तिले बास गरेका छन् । जस्तो पिण्डेश्वर, गुप्तेश्वर, कागेश्वर, धनेश्वर, आदेश्वर आदि र कालिन्चोकी, पलान्चोकी, फुलचोकी, शैलेश्वरी, मनकामना, चम्पादेवी आदि देव देवीहरू पहाड टाकुरामा छन् । श्री पशुपति नाथ, कुशेश्वर, आशापुरेश्वर, गोकर्णेश्वर, गुह्येश्वरी, दक्षिणकाली, वज्रबाराही शोभा-भगवती, आदि खोँच र नदी किनारामा छन् । यसरी केलाउँदा यो देशको पूर्वदेखि पश्चिमसम्मको सम्पूर्ण भागलाई यिनै देवदेवीले ढाकी संरक्षण गरेर राखेको देखिन्छ । त्यस्तो हुँदा प्रत्येक छोराछोरीले बाबु आमाको लाडप्यार पाएर आफ्ना बाबु आमाका अनन्य भक्त भएजस्तै हामी नेपाली पनि शिव पार्वतीका भक्त छौँ, छौं । अनि हामी शैव पनि हौं र शाक्त पनि हौं । अनि हामी योगीश्वरका चेला भएकाले ब्रह्म–परक मात्र नभएर शक्तिपूजक भएकाले मन्त्र, यन्त्र र तन्त्रपूजक पनि हौँ । यी सबै हाम्रा साधनाका साधन हुन् । किनभने हाम्रा कामक्रोधादि जति पनि विपक्षीहरू छन् ती सबैलाई मर्दन गर्नको लागि आत्मबल दिने र हामीउपर आइलाग्ने तिनै जगत्का आपत्विपत् लाई नियन्त्रण गर्न यिनै मन्त्र यन्त्रले आडभरोस दिएका छन् । जस्तैः-

[1]मन्त्रस्यात्मबलं विपक्षदलने स्तोत्रं पवित्रं च ते ।
यन्त्रं वादिनियत्रणं त्रिजगतां जैत्रंच चित्रञ्च ते ।।७।।

–बगलामुखी स्तोत्रम्, श्री रुद्रयामल

---

१ मन्त्रं तावबलं– यो पाठान्तर पनि छ। संपादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकाघरका दाजुभाई छुट्टिंदा कुनै भाईले बाबुको बढी सेवा गर्दछ त कुनै भाईले आमाको भनेजस्तै हामीनेपाली पनि शिव र शक्तिको पूजा–आजा साथसाथै र घटीबढी गरी बेग्ला बेग्लै पनि गर्दछौं। तर प्रत्येक भाईले बाबु–आमालाई जसरी सकार्न कर लाग्छ त्यसैगरी सम्पूर्ण मानव त्यसमा पनि हामी नेपालीले त यिनै आराध्य स्वरूपा देवदेवीको अनन्य याद र श्रद्धाले स्तुति पाठ पूजा ध्यान आदि गर्न करै लाग्दछ। यी सबैका बाबु आमा नै हुन्। यसमा अर्को मत छँदै छैन। तर प्रत्येक बालबालिका तथा छोराछोरीको लागि बाबुभन्दा पनि आमा सारै नै नजिक हुन्छिन्। उनीहरुको विशेष झुकाव, माया र ममता आमाप्रति केही न केही बढी नै हुन्छ। त्यस्तै, आफ्ना सन्तानप्रति बाबुको भन्दा आमाको माया पनि बढी नै हुन्छ। यो कुरालाई हामी सबैले बुझ्नु पर्दछ। यही नै हाम्रो धर्म र दर्शन पनि हो।

यस्तो आफ्नो धर्म र दर्शनलाई वास्ता नराखी आफ्नो थालको भाग छोडेर अर्काको प्लेटको वस्तुलाई हेरी लोभ गरी पछिलाग्ने कृतघ्न हामीलाई यहाँ बाँच्न पनि अधिकार छैन। परन्तु कठै! त्यस्ता लोभीलाई अन्यत्र मर्न पनि अधिकार छैन। किनभने त्यो अर्कैको थलो हो। त्यहाँ त्यो लोभीको कुनै हक दैया लाग्दैन। आखिर धोबीको कुकुर न घरको न घाटको हुन्छ। त्यस्तो लोभले ग्रस्त अपराधी पनि यदि भगवतीको शरणमा परी स्तुति आराधना, पूजा, पाठ, आदि गर्छ भने उसका सम्पूर्ण दुष्कर्मलाई क्षमा गरी त्यसको उद्धार गरिदिनुहुन्छ। आखिर "आमा" भनेर रुने कराउने जस्तोसुकै थेचरो, दुष्ट र मूर्ख छोरालाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती आमाले नजिक गई दुःख वेदना सोध्छिन् । बालक भएमा काखमा लिई सुमसुम्याउँछिन्, प्रेम गर्छिन् । "कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ।" छोरो दुष्ट भयो भन्दैमा आमा दुष्ट कदापि बन्दिनन् । यदि दुःखमा परेको कसैले उनको स्मरण मात्र गर्दछ भने पनि सद्बुद्धि दिन्छिन् र सुखी बनाउँछिन् । अरुको दुःख दरिद्रता हरण गर्नमा त्यस्तो उदार चित्त भएकी कृपालु देवीको हामी सदा स्तुति गाऔं ।

सुख सबै मानिसले चाहेको वस्तु हो । तर अरूलाई दुःख दिएर अरूको धन सम्पत्ति लुटेर, खोसेर वा शोषण गरेर आफ्नो परिश्रम नै नगरी वा कम गरेर त्यो सुख खोज्छौं भने त्यो महापाप हो । त्यसबाट हामीले दण्ड पाउनै पर्छ, दुःख भोग्नै पर्छ । हैन, त्यस्तो पाप गर्दैनौ र दुःख दण्ड भोग्न चाहन्नौं भने वास्तविक सुख बाहिर खोज्नु पर्दैन, त्यो हामीसँगै छ । हामीले त्यसलाई जान्न बुझ्न, पाउन खोजेमा त्यो सजिलैसंग पाइन्छ पनि । त्यो अरूले दिइने वस्तु पनि होइन । बुद्धि बिग्रेकाहरू त्यो अरुबाट पाइने वस्तु भनी छानवीन गर्दैनन् । **"मन एव मनुष्याणां कारणं बन्ध मोक्षयोः ।"** आखिर त्यो मनको कारणले हुने हुँदा मनलाई शान्त पार्नको लागि अन्तर्मुखी हुन नसक्ने व्यक्ति कमसेकम बहिर्मुखी भएर भए पनि आमाको सेवा गर्न त सक्दछ ? यदि आमाको विरोधमा उठ्दछ र आमालाई दुःख हुने काम गर्दछ भने त्यस्ता व्यक्तिलाई नराधम र दुर्जन नभने कसलाई भन्ने ! यदि घरकी आमा पनि छैनन् भने मन्दिरकी आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त छिन् । ती को हुन्, तिनको रहस्य के हो ! तिनलाई किन स्थापना गरिएको हो ! तिनको पूजा आराधना, स्तुतिगान, आदि किन गरिन्छ ? यो आजभोलि मात्र गरिएको हो कि आदि कालदेखि गर्दै आएको हो ! यस्ता अनेकौं खोजीको कुरामा ध्यान दिनु पनि सुखकै लागि हो। अझै घर भित्रकै कुरा लिऊँ । त्यो पनि आमामात्र नभर आमा जाति सबैलाई लिंदा शक्तित-त्वको रहस्य बुझ्न सजिलो पर्दछ । आमा भन्नु, दिदी बहिनी भन्नु वा स्वास्नी भन्नु, अझ छोरी भन्नु, ती सबै एकै रूप हुन् । व्यवहारमा तत्तत् नाता साइनो भए तापनि तिनको रूप त्यही नै यौटै हो । आखिर समाजमा नारीको कुन स्थान छ ? तिनको महत्व के हो ? परि-वारमा तिनको के देन छ ? यो कुरा बुझ्न अति आव-श्यक छ । यथार्थमा नारी अबला होइनन् ती त सबला र शक्तिशाली हुन् भन्ने कुरा नारीपूजनले जनाउँछ । किनभने– "**यत्र नार्यस्तु पूज्यन्ते, रमन्ते तत्र देवताः ।**" जहाँ नारीहरूलाई आदर सत्कार गरिन्छ, त्यहाँ संपूर्ण देवताहरू रमाउँछन्, खुशी हुन्छन् । तात्पर्य हो–हर हाल-तमा नारीहरू सुखी रहुन्, खुशी रहुन् । यो हाम्रो पूर्वीय वैदिक दर्शनको रहस्य हो ।

मन्त्राणां मातृका देवी शब्दानां ज्ञानरूपिणी ।
ज्ञानानां चिन्मयातीता शून्यानां शून्यसाक्षिणी ॥
यस्याःपरतरं नास्ति सैषा दुर्गा प्रकीर्तिता ॥२४॥

–श्री देव्यथर्वशीर्ष, दुर्गा सप्तशती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात्–अक्षरमा अ देखि क्ष (ह) सम्मका सबै वर्णमा मन्त्ररूप, शव्दमा त्यसको अर्थरूप, ज्ञानमा चेतन रूप र केही पनि होइन छैन भन्ने हो भने त्यसको साक्षी रूपनै तिमी हौ। अनि सबैभन्दा उत्तम तिमी दुर्गा हौ भनी शक्तितत्त्वको वर्णन गरिएको छ।

"क्ष कारपर्यन्त अ देखि अक्षर।
सबै तिमी हौ पदमा बराबर ॥
जति म उच्चारण गर्छु जे जहाँ।
आमा ! तिमी हौ सब मातृका तहाँ ॥
दुर्गा तिमी हौ भवदुगतारिणी।
सुमङ्गला मङ्गलमोदकारिणी ॥"

– प्रलापमाला

यसरी बाह्य रूपमा हेर्दा पनि सम्पूर्ण स्त्रीजातिलाई उनै आद्या शक्तिको रूपले श्रद्धापूर्वक हेरिएको छ। अझ **'मातृवत्परदारेषु'** (अरू स्त्रीलाई आमा सरह मान) भन्ने महान् उक्ति केवल परस्त्रीलाई मात्र भनिएको होइन। यो त सम्पूर्ण स्त्री जातिलाई हाम्रो वैदिक दर्शनले देखाएको आदर्श हो, मान्यता हो र विशालताको पराकाष्ठा हो। यस्तो उदारताको कुरा हो जुन अत्याधुनिक प्रजातान्त्रिक मुलुकहरूले पनि सोच्न सकेका छैनन्। नारी अधिकार र मान्यताको यस्तो गहिरो कुरा आजको विश्वमा धनी र सम्पन्न मानिएका मध्यपूर्वका देशमात्र होइनन् कि विकसित कहलिएका पश्चिमी राष्ट्रहरू पनि यस कुरामा पछाडि नै दखिन्छन्। यो कुरा निश्चय हो। किनभने– **"नगृहं गृह मित्याहुर्गृहिणी गृहमुच्यते"**, प्रत्येक पुरुषको घर भन्नु नै झुपडी वा महल होइन, बरु त्यो झुपडी वा महलकी घरपट्टी हुन्। अर्थात् श्रीमती हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो कुरा विश्वका सबैले बुझेका छैनन् । यदि कुनै पनि घरमा घरपट्टिनी गतिली भैनन् भने त्यो घरको स्थिति कुनै हालतमा पनि राम्रो हुन सक्दैन । त्यो घर भाँडिन्छ । छोराछोरीको बानीबेहोर ठीक रहँदैन । कोही कसैको अदबमा हुँदैनन् । अनुशासन भताभुङ्ग बिग्रन्छ । अनि उन्नति कता हो कता ? प्रत्येक परिवार चिन्ता र सुर्ताले पीडित हुन्छन् । शान्ति कसैलाई हुँदैन । अनि सुख कसरी ?

"या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता । नमस्तस्यै नमोनमः ।" ४६।।

–दुर्गासप्तशती, पंचमोऽध्याय

यसरी शान्तिको कुरा दुर्गा सप्तशतीले बताउँछ कि तिनै नारीरूपिणी देवी सबै प्राणीमा शान्तिरूपले रहेकी छन् । त्यस्ती नारीलाई नमस्कार भनी बारम्बार प्रणाम गरिन्छ । अर्थात् घरघरको नारी देवीरूपमै हुन्छिन्, यदि उनलाई पूजिन्छ भने । नत्र तिनै नारीले रुद्राणीको रूप पनि लिन्छिन् । राम्रीमा अत्यन्तै राम्री (रूप स्वभावमा पनि) तथा नराम्रीमा (क्रोधी र विनाशकारिणी) समस्त संहारक रुद्राणी नै बन्दछिन् ।

अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमोनमः । १३।।

–दुर्गासप्तशती, पंचमोऽध्याय

यसरी तिनै नारी सिर्जना गर्ने सृष्टि रूपकी ब्रह्माणी, स्याहारसंभार गर्ने स्थिति रूपकी वैष्णवी र नाश बिगार गर्ने रुद्र रूपकी रुद्राणी पनि बन्दछिन् । त्यतिमात्र नभएर बेला बेलामा विभिन्न रूप र स्वभाव लिने भएकीले तिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सात रूपले सप्तमातृका, आठ रूपले अष्टमातृका, नौ रूपले नवदुर्गा, दश रूपले दश महाविद्या र यसै गरी अनेकौं रूप लिन सक्दछिन् । जहाँ जस्तो रूप लियो, त्यही नामले पुकारिन्छिन् । जस्तोः–

त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ।
लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेवच ॥
खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ॥ ८०॥

–दुर्गासप्तशती, प्रथम अध्याय

तिमी नै श्री, ईश्वरी, बुद्धि, बोधलक्षणा, लज्जा, पुष्टि तुष्टि, शान्ति, खड्गिनी, शूलिनी, घोरा, गदिनी, चक्रिणी आदि हौ ।

यसरी विभिन्न रूप र नामधारिणी ती नारीको जसले स्तुति गर्छ, श्रद्धा विश्वास गर्छ र भरोसा राख्दछ, त्यसले त्यही कुरा पाउँछ पनि । जस्तोः–

विद्या लक्ष्मीः सर्व सौभाग्यमायु पुत्रैः पौत्रैः सर्वसाम्राज्यसिद्धिः मानं भोगो वश्यमारोग्यसौख्यं प्राप्ते तत्तद्भूतलेस्मिन्नरेण ॥१४॥

–बगलामुखी स्तोत्रम्, श्रीरुद्रयामल

विद्या, लक्ष्मी सर्वसौभाग्य, आयु, छोरा, छोरी, नाति-नातिना, सम्पूर्ण, साम्राज्य, सिद्धि, मान, भोग, वशीकरणशक्ति आरोग्य, सुख आदि कुरा श्रद्धावान् पुरुषले यही पृथ्वीमा प्राप्त गर्न सक्दछ । यदि उनको स्तुति कसैले श्रद्धा र भक्तिपूर्वक गर्दछ भने त्यस्ताको अज्ञानरूपी अन्धकारको नाश गर्न सामान्य बत्ती होइन स्वयं श्री सूर्य भगवान् भई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अझ बढी उज्यालो गराउन चम्काइदिने, मूर्खतालाई हटाउन चेतनाको झरना नै ओइराइदिने, दरिद्रलाई चिन्तामणिको माला पहिराइदिएर सम्पूर्ण चिताएको कुरा पुऱ्याइदिने, अनि जन्ममरण रूप भवसागरमा डुबेकालाई पृथ्वीको उद्धार गर्ने भगवान् वराहको दाऱ्हा जस्तो आधार भएकी छन् ।

अविद्यानामन्तस्तिमिरमिहिरद्वीपनगरी
जडानां चैतन्यस्तबकमकरन्दश्रुतिझरी ॥
दरिद्राणां चिन्तामणिगुणनिका जन्मजलधौ ।
निमग्नानां द्रँष्ट्रा मुररिपुवराहस्य भवती ॥३॥
–सौन्दर्यलहरी

तर जसले उनको विरोध गर्दछ, तिनलाई देवीले दुःख दण्ड दिन्छिन्, मार्छिन् पनि । त्यति मात्र होइन । उनी आफ्ना भक्तहरूलाई भन्छिन्– जुन जुन बेला त्यस्ता दानवको उत्थान भएर अनेक बाधा आइलाग्छ, त्यसै बेलामा अवतार लिएर शत्रुहरूको नाश गरिदिनेछु ।

इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ।
तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥४॥
–दुर्गासप्तशती, एकादशोऽध्याय

अन्तर्मुखी भएर अर्को पक्षबाट हेर्दा प्रत्येक व्यक्तिमा आधा पुरुषत्व छभने आधा नारीत्व पनि रहेको हुन्छ । यसै कुराको बोध गराउनको लागि 'अर्धनारीश्वर' को परिकल्पना गरी दुई रूपको यौटै शरीर देखाइएको छ; दाहिनातर्फ पुरुषको र बायाँतर्फ नारीको । यसबाट पनि स्त्रीशक्तिलाई बेग्लै हो भनी टाल्नु हुँदैन र त्यसलाई आफ्नो नगीचै मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होइन कि आफैं हो भनेर आत्मसात् गर्न जान्नु पर्दछ। यसैमा हाम्रो महत्ता पनि छ। आखिर यी दुवै अङ्गविना परिवार तथा समाजै चल्न सक्दैन। यो रहस्यलाई अलग्गिन दिनु भएन। वरु जति सकिन्छ, नजिक्याउनु पऱ्यो। यो कुराको गूढ रहस्य बुझ्नको लागि हाम्रो शरीरभित्र छवटा मासुका ग्रन्थिहरू(षट्चक्र) छन् तिनलाई जान्नुपऱ्यो। तिनको लक्षण तथा महत्त्व पत्तो लगाई कुण्डलिनी शक्ति जगाउने प्रयास गर्नुपऱ्यो। मूलाधार चक्रमा रहेको कुण्डलिनी शक्तिलाई उठाई क्रमशः स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धाख्य र आज्ञा चक्रलाई समेत भेदन गरेर सहस्रारमा पुऱ्याई पुनः फर्काई आफ्नै ठाउँमा राख्न सक्नाले ठूलो शक्ति मिल्दछ, सिद्धि पाइन्छ र ब्रह्मज्ञान हुन्छ। साधकको बुद्धि विचार र साधना अनुसार कोही सामान्य शक्तिले तुष्ट हुन्छन् त कोही ठूलो सिद्धिपट्टि दौडेर भौतिक उपलब्धिमा रमाउँछन्। ज्यादै कममात्र साधकले ब्रह्मज्ञान हासील गर्दछन्। त्यस्ता उत्तम कोटिका साधक पाउनु नै दुर्लभ देखिन्छ। यसरी जागेकी कुण्डलिनी शक्ति जव सहस्रार चक्रमा पुग्छिन् त्यस स्थितिलाई शिवजीसंग अर्थात् शक्तिले आफ्ना पतिसँग भेट गरी विहार गरेको अभिनय झल्काइएको छ। जस्तो:–

महीं मूलधारे कमपि मणिपूरे हुतवहं
स्थितं स्वाधिष्ठाने हृदि मरुतमाकाशमुपरि ।
मनोऽपि भ्रूमध्ये सकलमपि भित्वा कुलपथं
सहस्रारे पद्मे सह रहसि पत्या विहरसि ॥ ६॥

– सौन्दर्यलहरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूलाधार चक्रमा साँढे तीन फन्को बेह्रिएर रहेकी नागिनीरूप कुण्डलिनी उठेर ईडा र पिङ्गला नाडीको बीच बाटो सुषुम्ना नाडीद्वारा षट्चक्र र चन्द्र सूर्य मण्डलको भेदन गरी सहस्रार चक्रमा (शिवजीसँग मेल हुन्छ) पुग्दछे, त्यो बेला साधक निश्चल योगी बनी अपूर्व आनन्द अनुभव गर्छ । यै अवस्थालाई महर्षिहरूले शिवशक्तिको मैथुनावस्था भनेर वर्णन गरेका छन् । तर त्यो कुनै शारीरिक मैथुन होइन । केवल भावनात्मक हो ।

'सहस्रारोपरि बिन्दौ कुण्डल्या मेलनं शिवे ।
मैथुनं शमनं दिव्यं यतीनां परिकीर्तितम् ॥

एकातिर यो संपूर्ण ब्रह्माण्डलाई शिवशक्तिको मेलन स्थितिको वर्णन गरेर "श्रीचक्र" को रूपमा परिकल्पना गरिएको छ ।

चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि ।
प्रभिन्नाभिः शंभोर्नवभिरपि मूलप्रकृतिभिः ॥
त्रयश्चत्वारिंशद्वसुदल-कलाब्ज-त्रिवलय-
त्रिरेखाभिः सार्धं तव चरणकोणाः परिणताः ॥११॥

— सौन्दर्यलहरी ।

अर्थात्– हे देवि, शिवत्रिकोण चार र शक्तित्रिकोण पाँच गरेर यी नौ मूल प्रकृतिद्वारा त्रितालीस त्रिकोणको तिम्रो वासस्थान बन्दछ । अनि शिवजीको बिन्दुस्थानदेखि भिन्न अष्टदल, षोडशदल र त्रिरेखा (त्रिवृत्त) सहितको चक्र बन्दछ । यो नै तिम्रो (शक्ति) स्वरूप पनि हो । यसैलाई भनेको पनि छ ।

"नवचक्ररूपं श्रीचक्रम्" ॥३॥

—भावनोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्कोतिर त्यही श्रीचक्रलाई सूक्ष्म रुपमा समेटेर मनुष्य शरीरभित्रै पनि कल्पना गरिएको छ। जस्तो:–

शरीरं चिन्तयेत् आदौ निजं श्रीचक्ररूपकम् ।

शक्तिको उपासनालाई महर्षिहरुले वेग्लावेग्लै दृष्टिले हेर्दा मतमतान्तर बन्न गएको छ। मन्त्रात्मक रुपले यो ब्रह्माण्डलाई हेर्दै जाँदा पिण्डाण्ड पनि त्यही रूपमा घट्न गएको पाइन्छ। यही मन्त्रलाई तन्त्रको नाम दिएर तन्त्र रहस्यको निरूपण गरिएको छ। हादि, कादि र सादि नामले तन्त्र–विद्यालाई तीन मतमा विभाजन गरिएको छ। माथि उल्लेख गरिएको श्रीचक्र को जुन परिकल्पना हो, त्यो कादि मतले वर्णन गरिएको छ।

"कादि मतेनान्तश्चक्रभावनाः प्रतिपादिताः ॥३६॥

–भावनोपनिषद्

श्री श्री श्री १०८ जगद्गुरु आदि शङ्कराचार्य भगवान्-द्वारा विरचित यो शतश्लोकी सौन्दर्य लहरीको नेपाली व्याख्या नेपालमा प्रकटरूपमा यही नै पहिलो ग्रन्थ मान्नु उपयुक्त होला। यो ग्रन्थ स्वयंलाई लिएर चर्चा गर्दा, यहाँ यौटा कुरा के शंका गर्न सकिन्छ भने एक त आवाल ब्रह्मचारी स्वामी श्री शङ्कराचार्य, त्यसमा पनि अद्वैत वेदान्त दर्शनका प्रतिपादक, उहाँले यस ग्रन्थमा नारीको स्वभाव, गुण, चरित्र, श्रृंगार, आदिको विशेष विशेष कुरालाई लिएर विशेष ढंगले कसरी वर्णन गर्नु भएको ? त्यतिमात्र नभएर यता शक्तिरूपा नारीको वैशिष्ट्यको वर्णन गर्दागर्दै ती पराम्बाको परब्रह्म रुपको अनन्य भावले शरणमा पर्नु हुन्छ भने तिनै पराम्बा भगवती सदाशिव भगवान्सँग गएर मिल्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ भनेर द्वैत भावको वैशिष्ट्य स्पष्ट गरिदिनु हुन्छ।

वास्तवमा ब्रह्मचारीले नारीको महिमा गाउनु ठूला ठूला योगी महात्माहरुको साधनाकोटिको कुरा हो। यसमा हामीजस्ता सर्व साधारण जनताको बुद्धि बर्कतले भ्याउने कुरा नै भएन। उहाँले यो सौन्दर्यलहरीमात्र नभएर अरू पनि कति कति देवीस्तुति तथा "देव्यपराध–क्षमापनस्तोत्र" अनि बेग्लै "आनन्द लहरी" जस्ता शक्ति उपासना सम्बन्धी दर्शन प्रस्तुत गर्नु भएको छ। अर्को तर्फ शिवशक्तिको वर्णन गर्दा द्वैत रूप देखिन्छ भने उहाँ द्वैतवादी त होइन। यो कसरी भयो भन्ने पनि प्रश्न उठ्दछ। तर तीनै शक्तिरूपा महामाया दुर्गा भन्नु हुन्छ-

एकैवाहं जगत्यत्र द्वितीया का ममापरा।
पश्यैता दुष्ट मय्येव विशन्त्यो मद्विभूतयः ॥५॥

–दुर्गासप्तशती, दशमोऽध्याय।

शुंभ दैत्यले हे दुर्गा 'तिमी अरू स्त्रीहरुको सहायता लिएर मसंग घमण्ड गरी लड्न आउँछ्यौ भनी हप्काउँदा उहाँ भन्नु हुन्छ- हे दुष्ट! यो संसारमा म बाहेक अरू को छ र? यी सबै मेरै विभूति हुन्। ममै बिलाउँछन्।

यही सिद्धान्तलाई यस ग्रन्थमा पनि –

"शिवःशक्त्या युक्तो यदि भवति शक्तः प्रभवितु"

–सौन्दर्यलहरी

भनेर ती शिव त केवल शव बन्दछन्, यदि शक्तिको युक्तता वा मिलन त्यहाँ नहुने हो भने। अर्थात् शक्तियुक्त नभएमा शिवत्वको अस्तित्व वर्णन गर्न मिल्दैन भनेर शिव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्कोतिर त्यही श्रीचक्रलाई सूक्ष्म रूपमा समेटेर मनुष्य शरीरभित्रै पनि कल्पना गरिएको छ। जस्तो:–

शरीरं चिन्तयेत् आदौ निजं श्रीचक्ररूपकम् ।

शक्तिको उपासनालाई महर्षिहरुले बेग्लाबेग्लै दृष्टिले हेर्दा मतमतान्तर बन्न गएको छ। मन्त्रात्मक रुपले यो ब्रह्माण्डलाई हेर्दै जाँदा पिण्डाण्ड पनि त्यही रूपमा घट्न गएको पाइन्छ। यही मन्त्रलाई तन्त्रको नाम दिएर तन्त्र रहस्यको निरूपण गरिएको छ। हादि, कादि र सादि नामले तन्त्र–विद्यालाई तीन मतमा विभाजन गरिएको छ। माथि उल्लेख गरिएको श्रीचक्र को जुन परिकल्पना हो, त्यो कादि मतले वर्णन गरिएको छ।

"कादि मतेनान्तश्चक्रभावना: प्रतिपादिता: ।।३६।।

–भावनोपनिषद्

श्री श्री श्री १०८ जगद्गुरु आदि शङ्कराचार्य भगवान्-द्वारा विरचित यो शतश्लोकी सौन्दर्य लहरीको नेपाली व्याख्या नेपालमा प्रकटरूपमा यही नै पहिलो ग्रन्थ मान्नु उपयुक्त होला। यो ग्रन्थ स्वयंलाई लिएर चर्चा गर्दा, यहाँ यौटा कुरा के शंका गर्न सकिन्छ भने एक त आबाल ब्रह्मचारी स्वामी श्री शङ्कराचार्य, त्यसमा पनि अद्वैत वेदान्त दर्शनका प्रतिपादक, उहाँले यस ग्रन्थमा नारीको स्वभाव, गुण, चरित्र, श्रृंगार, आदिको विशेष विशेष कुरालाई लिएर विशेष ढंगले कसरी वर्णन गर्नु भएको ? त्यतिमात्र नभएर यता शक्तिरूपा नारीको वैशिष्टचको वर्णन गर्दागर्दै ती पराम्बाको परब्रह्म रूपको अनन्य भावले शरणमा पर्नु हुन्छ भने तिनै पराम्बा भगवती सदाशिव भगवान्सँग गएर मिल्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ भनेर द्वैत भावको वैशिष्ट्य स्पष्ट गरिदिनु हुन्छ।

वास्तवमा ब्रह्मचारीले नारीको महिमा गाउनु ठूला ठूला योगी महात्माहरुको साधनाकोटिको कुरा हो। यसमा हामीजस्ता सर्व साधारण जनताको बुद्धि बर्कतले भ्याउने कुरा नै भएन। उहाँले यो सौन्दर्यलहरीमात्र नभएर अरू पनि कति कति देवीस्तुति तथा "देव्यपराध–क्षमापनस्तोत्र" अनि बेग्लै "आनन्द लहरी" जस्ता शक्ति उपासना सम्बन्धी दर्शन प्रस्तुत गर्नु भएको छ। अर्को तर्फ शिवशक्तिको वर्णन गर्दा द्वैत रूप देखिन्छ भने उहाँ द्वैतवादी त होइन। यो कसरी भयो भन्ने पनि प्रश्न उठ्दछ। तर तीनै शक्तिरूपा महामाया दुर्गा भन्नु हुन्छ-

एकैवाहं जगत्यत्र द्वितीया का ममापरा।
पश्यैता दुष्ट मय्येव विशन्त्यो मद्विभूतयः ॥५॥
–दुर्गासप्तशती, दशमोऽध्याय।

शुंभ दैत्यले हे दुर्गा 'तिमी अरू स्त्रीहरुको सहायता लिएर मसंग घमण्ड गरी लड्न आउँछ्यौ भनी हप्काउँदा उहाँ भन्नु हुन्छ- हे दुष्ट ! यो संसारमा म बाहेक अरू को छ र? यी सबै मेरै विभूति हुन्। ममै बिलाउँछन्।

यही सिद्धान्तलाई यस ग्रन्थमा पनि –
"शिवःशक्त्या युक्तो यदि भवति शक्तः प्रभवितु"
–सौन्दर्यलहरी

भनेर ती शिव त केवल शव बन्दछन्, यदि शक्तिको युक्तता वा मिलन त्यहाँ नहुने हो भने। अर्थात् शक्तियुक्त नभएमा शिवत्वको अस्तित्व वर्णन गर्न मिल्दैन भनेर शिव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्कोतिर त्यही श्रीचक्रलाई सूक्ष्म रुपमा समेटेर मनुष्य शरीरभित्रै पनि कल्पना गरिएको छ । जस्तो:–

शरीरं चिन्तयेत् आदौ निजं श्रीचक्ररूपकम् ।

शक्तिको उपासनालाई महर्षिहरुले बेग्लाबेग्लै दृष्टिले हेर्दा मतमतान्तर बन्न गएको छ । मन्त्रात्मक रुपले यो ब्रह्माण्डलाई हेर्दै जाँदा पिण्डाण्ड पनि त्यही रूपमा घट्न गएको पाइन्छ । यही मन्त्रलाई तन्त्रको नाम दिएर तन्त्र रहस्यको निरूपण गरिएको छ । हादि, कादि र सादि नामले तन्त्र–विद्यालाई तीन मतमा विभाजन गरिएको छ । माथि उल्लेख गरिएको श्रीचक्र को जुन परिकल्पना हो, त्यो कादि मतले वर्णन गरिएको छ ।

"कादि मतेनान्तश्चक्रभावनाः प्रतिपादिताः ॥३६॥

–भावनोपनिषद्

श्री श्री श्री १०८ जगद्गुरु आदि शङ्कराचार्य भगवान्-द्वारा विरचित यो शतश्लोकी सौन्दर्य लहरीको नेपाली व्याख्या नेपालमा प्रकटरूपमा यही नै पहिलो ग्रन्थ मान्नु उपयुक्त होला । यो ग्रन्थ स्वयंलाई लिएर चर्चा गर्दा, यहाँ यौटा कुरा के शंका गर्न सकिन्छ भने एक त आबाल ब्रह्मचारी स्वामी श्री शङ्कराचार्य, त्यसमा पनि अद्वैत वेदान्त दर्शनका प्रतिपादक, उहाँले यस ग्रन्थमा नारीको स्वभाव, गुण, चरित्र, श्रृंगार, आदिको विशेष विशेष कुरालाई लिएर विशेष ढंगले कसरी वर्णन गर्नु भएको ? त्यतिमात्र नभएर यता शक्तिरूपा नारीको वैशिष्ट्यको वर्णन गर्दागर्दै ती पराम्बाको परब्रह्म रूपको अनन्य भावले शरणमा पर्नु हुन्छ भने तिनै पराम्बा भगवती सदाशिव भगवान्सँग गएर मिल्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ भनेर द्वैत भावको वैशिष्ट्य स्पष्ट गरिदिनु हुन्छ।

वास्तवमा ब्रह्मचारीले नारीको महिमा गाउनु ठूला ठूला योगी महात्माहरुको साधनाकोटिको कुरा हो। यसमा हामीजस्ता सर्व साधारण जनताको बुद्धि बर्कतले भ्याउने कुरा नै भएन। उहाँले यो सौन्दर्यलहरीमात्र नभएर अरू पनि कति कति देवीस्तुति तथा "देव्यपराध–क्षमापनस्तोत्र" अनि बेग्लै "आनन्द लहरी" जस्ता शक्ति उपासना सम्बन्धी दर्शन प्रस्तुत गर्नु भएको छ। अर्को तर्फ शिवशक्तिको वर्णन गर्दा द्वैत रूप देखिन्छ भने उहाँ द्वैतवादी त होइन। यो कसरी भयो भन्ने पनि प्रश्न उठ्दछ। तर तीनै शक्तिरूपा महामाया दुर्गा भन्नु हुन्छ-

एकैवाहं जगत्यत्र द्वितीया का ममापरा।
पश्यैता दुष्ट मय्येव विशन्त्यो मद्विभूतयः ॥५॥

–दुर्गासप्तशती, दशमोऽध्याय।

शुंभ दैत्यले हे दुर्गा 'तिमी अरू स्त्रीहरुको सहायता लिएर मसंग घमण्ड गरी लड्न आउँछ्यौ भनी हप्काउँदा उहाँ भन्नु हुन्छ- हे दुष्ट ! यो संसारमा म बाहेक अरू को छ र ? यी सबै मेरै विभूति हुन्। ममै बिलाउँछन्।

यही सिद्धान्तलाई यस ग्रन्थमा पनि –
"शिवःशक्त्या युक्तो यदि भवति शक्तः प्रभवितु"

–सौन्दर्यलहरी

भनेर ती शिव त केवल शव बन्दछन्, यदि शक्तिको युक्तता वा मिलन त्यहाँ नहुने हो भने। अर्थात् शक्तियुक्त नभएमा शिवत्वको अस्तित्व वर्णन गर्न मिल्दैन भनेर शिव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिलाई द्वैत भावमा होइन कि अद्वैत भावमा वर्णन गर्नु भएर, उही अद्वैत दर्शनलाई छर्लङ्ग पार्नु भएको छ। यस्तो रहस्यात्मक महान् ग्रन्थ नेपाली भाषा-भाषीको लागि सारैनै दुर्लभ थियो। यसमा तान्त्रिक दर्शन पनि त्यतिकै ओतप्रोत भएर रहेको छ। त्यतिमात्र होइन मन्त्र रहस्य पनि एक भएर यसै ग्रन्थमा थुप्रिएको छ। अनि ठूलठूला साधकहरुको लागि अनेकानेक साधनकला तथा साधनफल पनि यसै भित्र छिपेको छ। त्यसो हुँदा यो ग्रन्थ यति गूढ र बृहद् छ कि यसको आकार मात्र हेरेर यसको इयत्ता यत्ति हो भन्न मिल्दैमिल्दैन।

चतुष्षष्ट्यातन्त्रैः सकलमभिसंधाय भुवनं।
स्थितस्तत्तत्सिद्धिप्रसवपरतन्त्रैःपशुपतिः ॥
पुनस्त्वन्निर्बन्धादखिलपुरुषार्थैकघटना।
स्वतन्त्रं ते तन्त्रं क्षितितलमवातीतरदिदम् ॥३१॥

–सौन्दर्यलहरी।

अझ वास्तवमा भन्ने हो भने विभिन्न सिद्धि दिने चौंसट्ठी तन्त्र त शिवजीबाट पहिलेनै पृथ्वीमा प्राप्त भैसकेका थिए। त्यस देखि बाहेकको यो 'सौन्दर्यलहरी' समस्त सिद्धिभन्दा परको 'ब्रह्मज्ञान दिनको लागि छुट्टै तन्त्र बन्न गएको छ। पूर्वोक्त चौसट्ठीतन्त्रले केवल सांसारिक तथा भौतिक सिद्धिमात्र दिने हुँदा मनुष्यमात्रको लागि अति दुर्लभ मोक्ष समेतको लागि यो वेग्लै तन्त्रउनै जगद्गुरु शिव पशुपतिबाट प्राप्त भएको हो भन्ने कुरा स्पष्टै देखिन्छ।[१]

१ सिद्ध साधकहरूको मतमा– सौन्दर्यलहरीका द्रष्टा, कर्ता स्वयं शिव पशुपति हुन् र आदि शंकराचार्यले कैलास पर्वतका शिलामा उत्कीर्ण सौन्दर्यलहरीलाई हृदयस्थ पारेका हुन् भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी खास ढंगले नेपालीमा व्याख्या भएको 'मुक्ति भुक्ति र शक्ति' दिने यस किसिमको ग्रन्थको खाँचोलाई आदरणीय विद्वद्वर श्री गिरिधारी भट्टज्यूले पूर्ति गरिदिनु भएकोमा उहाँ मुरीमुरी श्रद्धाका पात्र हुनुहुन्छ। सौन्दर्यलहरी जस्तो कठीन ग्रन्थको आनन्दमय रसमा खेल्ने **'रसतरंगिणी'** व्याख्याद्वारा जीवन-तत्व चिन्हाउने अगाध कृपा राखी ठूलो परिश्रम गरेर यो व्याख्यात्मक ग्रन्थ दिनु भएकोमा श्रद्धालु पाठक-वर्ग उहाँप्रति विनम्रतापूर्वक हार्दिक कृतज्ञताको सुवर्णाङ्कित सहस्र भेटी चढाउँछ। वास्तवमा यो ग्रन्थ सारै नै गहन छ। मजस्ता अल्पज्ञले यसको वर्णन गर्नु निक्कै कठिनको कुरा हो। खोजी पसेर केलाईकेलाई अध्ययन, मनन र कार्यान्वियन गर्ने साधकहरूको भने खाँचो नै देखिन्छ। तर पनि त्यस किसिमका उच्च कोटिका साधकहरू नभेटिने होइनन्। पुण्यभूमि नेपालका वासिन्दा अधिकांश पुण्यात्मा नै छन् र हुन्छन् पनि।

काफल पाकेपछि जुरेलीलाई निम्ता गर्नुपर्दैन। महको किस्ती अगाडि राखेर मौरी खोज्न यताउति लाग्नु पर्ने पनि होइन। ती स्वयं आउँछन्। एकेक गरी पारखीको जमघट हुन्छ। अतः यो उनै पराम्बा जगत्जननीको प्रसाद हो। भक्तहरूको यथेष्ट तृप्तिका लागि सादर समर्पण छ।

विष्णुगोपाल रिसाल,
क ४।७६ विप्रकुटी,
जावलाखेल,
ललितपुर, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्याकारको निवेदन

भगवान् आदि शङ्कराचार्यद्वारा रचित सौन्दर्यलहरी काव्य विलक्षण कृति हो भन्न करै लाग्दछ। यो काव्य रसले भरपूर त छँदैछ भने दर्शन र तान्त्रिक प्रक्रया उत्तिकै महत्त्वपूर्ण छ। यसमा भगवतीको अवस्थाअनुरूप शिवसँगै विभिन्न रूपमा शक्तिको महत्ता देखाइएको मात्र नभै वेदान्तको सिद्धान्त-अनुसार ब्रह्मरूपिणी जगदम्बालाई प्रतिष्ठापित गरिएको छ। काली र ताराको भेदलाई दर्शाउँदै परा र अपराको स्थितिलाई बुझाइएको छ। सम्पूर्ण सृष्टिका पदार्थमा भगवतीको स्थिति-लाई बुझाउँदै भगवतीको अङ्ग–प्रत्यङ्गमा विद्यमान सौन्दर्यको वर्णन गरिएको छ।

वास्तवमा मानव जीवनका मुख्य दुई लक्ष्य छन्, बाँचुञ्जेल सुखपूर्वक रहनु र मरेपछि मुक्ति प्राप्त गर्नु। सौन्दर्यलहरीले त्यही भुक्ति र मुक्ति प्राप्त गर्ने बाटो राम्ररी बुझाएको छ।

सौन्दर्यलहरी बुझ्न ज्यादै गाऱ्हो छ भन्दै विद्वान्हरूले पनि विभिन्न भाष्य खोज्दै हिँडेको देखें। भाष्यकारको स्थिति अनुसार नै भाष्य हुन्छ। अध्ययन गर्दै जाँदा आदि शङ्कराचार्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्य–रचनाको बेला गरेका चिन्तनको छाप काव्यमा परेको बुझ्दै गएँ । आदि शंकराचार्यको चिन्तनक्रम स्पष्ट गर्ने क्रममा जिज्ञासुहरूलाई केही श्लोकको अर्थ बुझाउन गरेको मेरो प्रयासलाई प्रोत्साहित गर्ने विद्वान् कुलपुत्र श्रीकृष्ण गौतमजीको आग्रह नै यो व्याख्याको मुख्य कारण भएकोले उहाँप्रति जगदम्बाको असीम स्नेह रहिरहोस् भन्ने कामना व्यक्त गर्दछु ।

प्रकाशनको अभिभारा लिने सत्संग परिवारका सदस्य गणमा तथा भूमिका लेखी विषय परिचय गराइदिनुहुने विद्वान् श्री विष्णुगोपाल रिसालजीमा शुभाशीष सहितको धन्यवाद छ ।

पाठकगणमा के निवेदन गर्न चाहन्छु भने म कुनै ठूलो विद्वान् वा भाष्यकार होइन, आमाका चरणको अनुरागी भक्त मात्र हुँ । वास्तविक सौन्दर्यलहरीको अर्थ गर्न स्वयं शङ्कर-बाहेक अरु समर्थ छैनन् । तैपनि गुरुपरम्पराबाट प्राप्त विद्याहरूको भरमा साधनाको मार्गमा हिड्ने साधकको लागि, प्रकृति–पुरुषको भेद जान्न खोज्ने जिज्ञासुको लागि, थोरै मात्रामा भएपनि यो व्याख्याले मार्ग दर्शन गर्नेछ भन्ने आशाले सौन्दर्यलहरीजस्तो महान् काव्यको व्याख्या लेख्ने दुस्साहस मात्र गरेको हुँ ।

बामे सर्न लागेको बालकको धृष्टताप्रति अभि-भावकले क्षमा राखेजस्तै, विद्वद्वर्गबाट क्षमा नै हुने छ भन्ने पूर्ण विश्वाससाथ यहीं विराम लिन्छु ।

विनीत,

गिरिधारी भट्ट

रणमुक्तेश्वर, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमः श्रीपरदेवतायै ॥
श्रीगणेशाय नमः ॥

अथ

श्री सौन्दर्यलहरी

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं
नचेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ॥
अतस्त्वामाराध्यां हरिहरविरिञ्च्यादिभिरपि
प्रणन्तुं स्तोतुं वा कथमकृतपुण्यः प्रभवति ॥१॥

रसतरंगिणी

शिव यदि शक्तिसंग छन् भनेमात्र सबै कार्य गर्न सक्ने हुन्छन् । एक्लै भए हलचल गर्न नसक्ने, निष्क्रय हुन्छन् । अब पहिले शिवको अवस्था, शक्तिको अवस्था र शिवशक्तिको संयुक्त अवस्थातिर विचार गर्नु प्रासंगिक ठान्दछु । किनकि यहीनै सृष्टि स्थिति र संहारको अवस्था पनि हो । मुख्य बुझ्नु पर्ने पक्ष पनि यही तीन अवस्था हो। यसलाई जान्ने व्यक्ति नै ज्ञाता ठहर्दछ पनि । यहाँ शंकराचार्यज्यू शैवप्रधान पक्षका उपासक भएको तथ्य शिव नै मुख्य कारण हुन् भन्ने विश्वास-पूर्ण धारणा बोकेका साधक हुन् तापनि निस्पन्दित अस्तित्व-लाई स्वीकारेर पनि शक्तियुक्त भएपछिमात्र सशक्त व्यक्तित्व याने सक्रिय हुने र शक्ति नभै शिव नै हुन्न भन्ने धारणालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यागन सकेको देखिंदैन। यसरी शैवप्रधान समाज र संस्कार-प्रति शक्तिको महत्ता र भूमिकालाई पनि प्रष्टयाउँदै शिव र शक्तिको अलग अलग स्थितिमा दुवै निष्कृय छन् र दुवैको संयुक्त योगको अवस्थामात्र सुन्दर सृष्टिको संरचनामा, सृष्टिको संरक्षणमा र त्यही सुन्दर सृष्टि, नाशको क्रममा चक्रवत् परिचालन भइरहेको तथ्यलाई बुझाउन खोज्नुहुने सर्ववन्द्य जगद्गुरू भगवान् आदि शंकराचार्यको युगल चरणकमलप्रति शतशत प्रणाम गर्दै उहाँबाट प्राप्त आशीर्वादस्वरूप प्रकट भएको विचारधारालाई नै अनन्त ज्ञानको भण्डार, उहाँबाट रचित सौन्दर्यलहरीको अर्थको रूपमा प्रस्तुत गर्न खोजको मात्र हुँ। अब शिव शक्तिको अवस्थाप्रति लागौं। संपूर्ण सृष्टिमाथि विचारपूर्ण दृष्टि लगाउने हो भने सान्है सुन्दर देखिने सृष्टिप्रति साहित्यकार कविमात्र मुग्ध नभई एकले अर्काको प्रशंसा गरिरहेका छन्, नत्र एक वर्गले सृष्टिको अर्को वर्गलाई देखेर अहा कस्तो राम्रो मनमोहक दृश्य, वस्तु भन्दै प्रशंसा गर्ने थिएनन्। अब त्यो संपूर्ण सृष्टिको प्रधान मूल कारण के हो त ? वीज। जस्तै, फलको बोटमा लटरंम फलेको फल कसलाई राम्रो नलाग्ला? त्यस्को कारण फलभित्र रहेको सानो बीज (बियाँ) जसको सामर्थ्य सयकडौं फल फलाउन सक्ने पूर्ण वृक्षको रूपमा प्रकट हुन सक्तछ तर त्यो वीजलाई जल तापको प्रवन्ध मिलाएर पृथ्वीमा गाड्नु पर्दछ। अनिमात्र निष्कृय, निस्पन्द शिव, कारण तत्त्व बीज, शक्ति पृथ्वीमा गाडेपछिमात्र सक्षम शिव शक्तिको संयुक्त योगको अवस्थामा प्रकट हुन्छ, तर उहाँ कारणरूप शिव (ब्रीज)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उम्रिएको बिरुवामा देखिंदैन। बीजको अभावमा बिरुवा उम्रने थिएन, त्यसकारण तत्व बीजलाई गौण राखी माया प्रकृति आफूमात्र लावण्यको विभिन्न अवस्था, लास्य नृत्य लीला प्रदर्शन गर्दछ। वास्तवमा यही नै प्रकृति र पुरुषको अभेद योगको अवस्था हो र महाकामकला पनि हो। छ ऋतुमा हुने प्रकृतिको परिवर्तन नै छ आम्नाय अनुसारका अवस्था हुन्।

अब शक्ति- तत्वतर्फ लागौं। शक्तिका पाँच स्रोत छन्। पृथ्वी, जल, तेज, वायु, आकाश। ब्रह्माण्डमा देखिने यही पाँच तत्व पिण्डमा सप्त धातुको रूपमा छरिएर पिण्डको निर्माण गरिरहेका छन्। प्रकृतिस्थ वस्तुको अनुपातमा महाभूत र धातुहरूका मात्रा न्यूनाधिक छन्। यसलाई कला भन्दछन्। अब विचार गर्नुपर्ने पक्ष हो प्रकृति– पाँच स्रोतमध्ये कुन कुन तत्त्वबाट कति कलाद्वारा कारण-रूप शिव संग योगरत रहेकी छिन्। यो प्रक्रयालाई जानेपछि संपूर्ण सृष्टि महाकामकलाको अवस्था हो र शिव शक्ति दुवैको वियोग अवस्था निस्क्रय निस्पन्द शवको अवस्था हो भन्ने प्रष्ट हुन्छ। त्यसकारण सृष्टिकर्ता ब्रह्माले, स्थिति-कर्ता विष्णुले, संहारकर्ता हरले संरचना, संरक्षण र अन्तर-लीन प्रक्रयाद्वारा उनै जगत्पिता र जगत्जननीको महिमा र अवस्थालाई जानेर नै नित्य नतमस्तक भै निर्दिष्ट धर्मका अधिष्ठाता रहिआएका छन्। त्यसकारण ब्रह्मा, विष्णु रुद्र-बाट पनि निश्चय नै आराधना गरिने योग्य तिमी छ्यौ। तिम्रो महिमालाई जान्न अनेकौं जन्म लगाएर गरिएका तपस्याका प्रभावबाट प्राप्त पुण्यलेमात्र तिम्रो रहस्यमय कृपा सृष्टिमा देख्न जान्न सक्ने हुन्छ। तिम्रो अपरा माया-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा संरचित पदार्थलाई सत्य मानेर वासनाको डोरीमा वाँधिई सुख र दुःखको कारण पाप र पुण्यको प्रकृया मात्र-लाई सत्य मान्ने प्राणीले तिम्रो अपार करुणाको धारालाई बुझेर कसरी तिम्रो महिमाप्रति नतमस्तक हुँदै चरणको चिन्तन योग्य हुनसक्तछन् र ?

तनीयांसं पांसुं तव चरणपंकेरुहभवं ।
विरिञ्चिस्संचिन्वन् विरचयति लोकानविकलम् ।।
वहत्येनं शौरिः कथनपि सहस्रेण शिरसां ।
हरः संक्षुभ्यैनं भजति भसितोद्धूलनविधिम् ।।२।।

रसतरंगिणी

तिम्रो चरण कमलको केही अंश मात्रलाई जानेर ब्रह्माले यो विकल (असन्तुष्ट) सृष्टिलाई संरचना गर्न सक्ने चिन्तन प्राप्त गर्न सक्ने भए ।

तिम्रो चरण कमल नै सृष्टि, स्थिति, संहार तीनै अवस्थाको कारण हो । सृष्टि, स्थिति, संहार, रज, सत्व, तमोगुणको रूपमा, दृश्य जगत्मा विद्यमान छन् । त्यस-मध्ये ब्रह्माले सृष्टि संरचनामा चिन्तन गर्न नसकी सृष्टि प्रकृया अवरुद्ध हुँदा तपस्याद्वारा जगत्जननीको चिति शक्तिद्वारा किञ्चित् धूलिकणबराबरमात्र शक्ति प्राप्त गरेर नै सुन्दर सृष्टि संरचना गर्न सक्षम भएका हुन् । कारणरूप सदाशिवप्रतिमात्र आकृष्ट रहने शक्ति, उनको अभावमा कहीँ पनि रहन्नन् । दिव्य गन्धयुक्त पृथ्वीमा कारणरूप बीजको प्रतिष्ठा गरेर रस (रज) सिञ्चन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा परिणाम रूपमा प्रकट हुन्छ। प्रजापति ब्रह्माले कारण रूप सदाशिवलाई भौतिक प्रकृतिका स्रोत पाँचबाट कला (अंश) को रूपमा अर्चन प्रकृयाद्वारा गरेको समर्पण नै वास्तविक शिव-शक्तिको योग हुन गई सुन्दर सृष्टिको रूपमा देखिने पदार्थ आनन्ददायक शिव–शक्ति (प्रकृति-पुरुष) को महाकामकला योगको अवस्था हो। यो अवस्था अर्द्ध नारीश्वरको स्थितिबाट विचार गरेमा राम्ररी बुझिन्छ। वास्तवमा ब्रह्माले शिवद्वारा संचित भस्मलाई अज्ञानवश समर्पण गर्दा अथवा प्रकृतिको अंशलाई जगदंबा र शिवको प्रसन्नताको लागि चयन गरी गरेको समर्पणबाट रूपमा प्रकट हुने शिव शक्तिको कला अनुसार अर्द्ध नारीश्वर स्वरूपलाई देखेर महिमा गाउँदै नतमस्तक हुने प्रकृया नै ब्रह्माको सृष्टि क्रम हो, जुन रजोधर्म आबद्ध छ।

जगत्मा सृष्टि एकै प्रकारको मात्र छैन। यसरी प्रकट भएको अर्द्धनारीश्वरको महिमाप्रति नतमस्तक हुँदै भगवान् विष्णुले शेषको रूपमा आफ्नो हजारौं शिरमा धारण गरेका छन्, याने ब्रह्माको तपद्वारा प्रकट भएका शिव शक्तिलाई शेषको रूपमा आफ्नो शिरमा धारण गरेर सृष्टिसंगै व्यापकतातिर फैलिएका छन् भने कामकलाको दिव्यानुभूति र अपूर्व सौन्दर्य कलाको रूपमा फैलिएका अर्द्ध नारीश्वरलाई आफ्नो शिरमा प्रतिस्थापित गर्दै सत्व धर्म विशाल राज मार्गमा अबाध गतिले अघि बढिरहनु पनि उनै जगदंबाको चरण कमलबाट प्राप्त कणबराबर कृपाको कारणले नै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी, शिवकै एघारौं अंशमा रहेका रुद्रले सुन्दरता दिव्यता र आनन्दलाई समेट्दै आफ्नो शिरमा धारण गर्दै हिंडेको देखेर उनलाई अहंकार र क्षोभले क्रोध उत्पन्न भयो। अनि उनी रिसाउँदै विष्णुले शिरमा सजाएका सुन्दर अर्द्ध नारीश्वरका कला (सृष्टि) लाई ज्ञानाग्निले भस्म पार्दै त्यो भस्म आफ्नो शरीरमा घस्दै हिंड्न थाले। यहाँ महा-कामकलालाई डढाउँदै खरानी बनाएको होइन। अपरा मायाद्वारा संरचित मोह कामवासनालाई भस्म पार्दै खरानी लगाउने संझिनु उचित ठान्दछु। यहाँ हर संपूर्ण सृष्टिमा आफ्नो स्थान र महत्ताप्रति अभिमान गर्दै "म" भन्दछ। महाकामकला अर्द्धनारीश्वरको रूपमा प्रकटित सृष्टिको नवीनताको संख्याको वृद्धिले गर्दा विष्णुको व्यापक धारण शक्तिप्रति आउन सक्ने न्हासले संपूर्ण सृष्टिको रूपमा प्रकट भएको अपूर्व सौन्दर्य संरचना नै संपूर्ण विनाश हुने भयले पुराना सृष्टिलाई आफैंमा लीन गर्ने प्रक्रया अपनाई संहार क्रममा रुद्रलाई निर्दिष्ट गरियो। रुद्र मनसा कर्मणा, वचसा पनि चरणकमलबाट वियुक्त हुन सक्तैनन्। नित्य सहस्रारमा पादुकालाई अर्चन गरिरहने क्रममा सृष्टिका फक्रिएर वैलाएका वस्तुलाई भस्म पार्दै देहस्थ महात्रिपुर-सुन्दरीलाई समर्पण गर्ने प्रक्रया नै भस्म धारणको प्रक्रया हो।

अविद्यानामन्तस्तिमिरमिहिरद्वीपनगरी ।
जडानां चैतन्यस्तबकमकरन्दस्रुतिझरी ॥
दरिद्राणां चिन्तामणिगुणनिका जन्मजलधौ ।
निमग्नानां दंष्ट्रा मुररिपुवराहस्य भवती ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृया अज्ञान हो। संसारिक वस्तुहरूप्रति मोह र लिप्साको कारणले असत्य वस्तुलाई सत्य ठान्दै संकलन, संचय गर्ने प्रवृत्ति र ती संचित वस्तुको संचयको कारणले आफुलाई संपन्न र प्रतिष्ठित ठान्ने प्रवृत्ति नै अविद्या मायाप्रति प्रवृत्त रहेको लक्षण हो। यस्ता प्रवृत्ति भएका जीवहरूको हृदयमा अज्ञान-रूपी अन्धकार भरिएको हुन्छ। कसैले उसलाई उज्यालो-तिर बाटो देखाउन खोजे पनि आफैं सर्ववेत्ता ज्ञानी हुँ भन्ने ठानी अरूलाई मूर्ख अज्ञानी ठान्दछ। उज्यालोतिर जानु त परै जावस्, कुरासम्म पनि सुन्न रुचाउँदैन। यसरी संपूर्ण सृष्टिमा शिव पार्वतीको अभिन्न स्थिति छ भन्ने ज्ञानको अभावमा (अविद्या मायाद्वारा रचित जगत् अवश्य पनि सत्य र दिगो छैन) त्यस्तो अनित्य वस्तुलाई नै सत्य ठान्दै रात दिन तिनैको चिन्तनमा आफ्नो आयु बिताउने याने अविद्या-रूपी अन्धकारलाई आराध्य ठान्दै त्यसमै चिन्तनशील व्यक्तिको हृदयमा तिमी नै ज्ञानरूपी सूर्यको रूपमा उदाउँदा द्वीप शरीर र हृदय नगरी चिन्तनको संचित स्थलमा उदा-उँदा निद्राबाट बिउँझिएजस्तै हुन्छ। अंबे ! तिमी नै चित् शक्ति (चेतना) को रूपमा मोहान्धकारले भरिएको हृदयमा उदाउँदा पूर्वसंचित कर्म वासना सबैनै असत्य मिथ्या ठहर्छ र कर्मबन्धनबाट मुक्त भै चित्त शान्त हुन्छ र हृदय विकारशून्य हुन्छ। अनि विकारहीन शुद्ध हृदयमा तिम्रो स्थिति चिति शक्तिको रूपमा हुने हुँदा सत्यासत्यको विवेकको उदय हुन्छ। यसरी ज्ञानको उदय भएपछि गरिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमाको चिन्तनबाट मात्र सत्यलाई देख्न र ठान्न सक्ने हुन्छ। अनि सृष्टिपट्टि दृष्टि फैलाएर हेर्ने र बुझ्ने क्षमता प्राप्त भएपछि पूर्व उल्लेख भएको शिवशक्तिको स्थिति-लाई बुझ्ने हुन्छ। शिवसंग अलग्गिएर रहन नरुचाउने शक्ति अनेकौं रंग, अनेकौं प्रकारबाट कलाको रूपमा शिवसंग आबद्ध रहने प्रक्रया र त्यसबाट उत्पन्न सुन्दर सृष्टि र स्थितिमा वर्षिरहेको दिव्य रंग, रूप, गन्ध, शब्द, स्पर्शले आनन्दित हुन्छ। अनि अनेकौं जन्मदेखि दुःख पाइरहेको जीवले, दरिद्रले चिन्तामणिको माला पाएर सुखी र खुशी भएजस्तै, जन्म मरणको दु.खबाट मुक्त भै पार लाग्न तिम्रो चरण कमलको चिन्तन गर्ने जीवको लागि हिरण्याक्षले पृथ्वीलाई समुद्रको गर्भमा लुकाएको बेला भगवान् विष्णुले वराह रूप धारण गरी लोभरूपी हिरण्याक्ष दैत्यलाई मारेर पृथ्वीलाई आफ्नो दाऱ्हामा राखेर समुद्रको गर्भबाट उद्धार गर्नु भएजस्तै, अपरा विद्याद्वारा रचित यो संसार पनि अपार समुद्र हो, यसबाट पार लाग्न विद्या मायाको सहायताले आमाको चिन्तन गरेमा विद्यामायाद्वारा उद्धार गर्दछिन्।

अर्को पक्ष विचार गर्ने हो भने मूलाधारस्थित परम-शक्ति कुण्डलिनी निदाइरहेकी छन्। निदाएको अवस्थामा स्वप्नसृष्टिमात्र हुन्छ। यसरी स्वप्नसृष्टिमा निमग्न शक्ति अविद्या माया हुन्। स्वप्नमा गरिएका सबै व्यापार-हरू बिउँझिएपछिमात्र असत्यको भान हुन्छ। त्यसरी विद्या-द्वारा शक्तिलाइ उद्वोधन गराएपछि स्वप्न-जगत् नाश हुन्छ र परशिवसंग आबद्ध हुने परम उद्देश्यले सुषुम्ना मार्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट ऊर्ध्वगामी हुन्छिन् । यसरी कुण्डलिनीलाई जगाएर परशिवसम्म नपुग्दाको अवस्था नै वराहले दाऱ्हामा राखेर पृथ्वीलाई उद्धार गरेको अवस्था मान्नु सान्दर्भिक ठान्दछु । वराहको अवस्थाले जड वस्तुको जड वस्तुसंग र चैतन्यको चैतन्यसंगमात्र संम्बन्ध रहने र जड चैतन्यप्रति र चैतन्य जडप्रति, सत्य असत्यप्रति, असत्य सत्यप्रति संबद्ध रहन नसक्ने वास्तविकतातिर संकेत गर्दै अविद्या मायाबाट संरचित जगत्का पदार्थप्रति लोभ, मोह र अहंताको कारणले अन्धा बनेका प्राणीलाई यज्ञ प्रक्रयाद्वारा सत्यसम्म पुऱ्याउने प्रक्रया वराह अवतार हो। अब यज्ञ भन्नाले सत्यप्रति विवेकपूर्ण दृष्टि राखी गरिने संकल्प र कर्मलाई हो। वास्तवमा सिद्ध हुने संकल्प नै हो। त्यसैले संकल्प गर्दा विचार पुऱ्याउनु पर्ने पक्ष हो गरिएका संकल्प र कर्मले आफु बन्धनमा नफसियोस् ।

त्वदन्यः पाणिभ्यामभयवरदो दैवतगणः ।
त्वमेका नैवासि प्रकटितवराभीत्यभिनया ॥
भयत्रातुं दातुं फलमपि च वाञ्छासमधिकं ।
शरण्ये लोकानां तव हि चरणावेव निपुणौ ॥४॥

रसतरंगिणी

तिमीबाट प्राप्त भएका सामर्थ्यद्वारा नै अन्य देवतागणहरू हातले वर–अभय दिन्छन् र आफुप्रति आकृष्ट गर्दछन् । तर आमा तिमीलेचाहिं कहिल्यै पनि वर-अभयको लोभ देखाएर आफुप्रति आकृष्ट गर्दिनौ । हे शरणदायिनी! तिम्रो चरण कमल संसारको भयनाश गर्न र मनले चिताएको फल दिन निपुण छ र सामर्थ्यं र करुणावान् पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहस्रारस्थित महाराजराजेश्वरी परा हुन् र अन्य सबै अपरा हुन् । यसलाई अध्व प्रक्रयाद्वारा विचार गरेमा सबै थाहा पाइन्छ। श्रीचक्रतिर प्रसंग नलगी वास्तविकतातिर विश्वास नअड्ने हुँदा, अविश्वासरूपी महा–अन्धकारबाट विश्वासको उज्यालो क्षितिजतिर लंकिनु अनिवार्य हुन्छ । त्यसैले अग्रज साधकहरूले देखाएको बाटो लाग्नु नै श्रेयस्कर मान्छु। महामाया परमस्वामिनी भगवतीको चरणकमलको अवर्णनीय महत्ताप्रति जड बुद्धिद्वारा प्रकाश पार्न सक्ने सामर्थ्य कहाँ हुन सक्दछ ? तैपनि गरिएको प्रयासमात्र हो ।

बिन्दुमा विराजमान भएकी महात्रिपुरसुन्दरी सृष्टिमा उन्मुख हुने विचारले आफुमा निहित रहेका तीन शक्तिलाई तीन बिन्दुमा प्रतिष्ठापित गर्दछिन्, तीनै कामेश्वरी, वज्रेश्वरी भगमालिनी, यही ३ शक्तिलाई ज्येष्ठा, वामा, रौद्री र इच्छा, क्रिया र ज्ञान शक्ति पनि भनिन्छ। यसरी प्रतिष्ठापित तीन बिन्दुलाई सरल रेखाले जोड्दा त्रिकोण बन्दछ । यही त्रिकोणस्थ ३ शक्ति नै अपरा विद्याको रूपमा रहेका विमर्श शक्ति हुन्। यिनमध्ये संकल्प अनुरूप संरचना गर्ने कामेश्वरी नै सृष्टिकी प्रधान अधिष्ठात्री हुन् र यिनै ब्रह्म–शक्ति पनि हुन् । यिनैद्वारा कार्य–विद्याअनुरूप निर्दिष्ट अधिकारलाई पराद्वारा प्राप्त गरेर समस्त प्राणीलाई वरअभय आदि मुद्राद्वारा बाह्य जगत्प्रतिमात्र निष्ठावान् राख्न आफुः प्रति आकृष्ट गरिरहेका छन्, तर यी पूर्ण सामर्थ्यवान् कुनै पनि छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै- आफ्नो हजारौं शिरमा सृष्टिलाई थामेको छु भनी सर्वशक्तिमत्ता अभिनय गर्ने विष्णु पनि वज्रेश्वरीको कणबराबर शक्ति पाएर नै हो भने सर्व संहारक हुँ भन्ने अभिमानी रुद्र पनि भगमालिनीको किञ्चित् शक्ति पाएर नै सृष्टिलाई अन्तरलीन गर्न समर्थ भएका हुन् ।

यस्तै तीन शक्तिद्वारा शक्तिसंपन्न भएका ब्रह्मा, विष्णु रुद्र र यिनैबाट सीमित गुण धर्म पाएका अन्य सबै देवी देवताहरू सबै नै महात्रिपुरसुन्दरीको चरण कमलका आश्रित हुन्; त्यसकारण सबैलाई शरण दिने, सबैले चिताएजस्तै फल दिने, सबै प्रकारको वाञ्छालाई पुरा गर्ने तिम्रा चरण-कमल लोकलाई शरण दिन ज्यादै सिपालु छन् ।

हरिस्त्वामाराध्य प्रणतजनसौभाग्यजननीं ।
पुरा नारी भूत्वा पुररिपुमपि क्षोभमनयत् ॥
स्मरोऽपि त्वां नत्वा रतिनयनलेह्येन वपुषा ।
मुनीनामप्यन्तः प्रभवति हि मोहाय महताम् ॥५॥

रसतरंगिणी

तिम्रो भक्ति गर्ने भक्तजनहरूको लागि सौभाग्य दिने तिम्रो चरण कमलकै आराधना गरेर कमलेश (विष्णु) ले सत्य युगमा आराधना गर्दा नारीको रूप लिएर शंभुलाई क्षुब्ध पार्नु भयो । कामदेवले पनि तिमीलाई नमन गरेर नै रति (तरुणी) हरू मोहित पार्ने राम्रो शरीर प्राप्त गरेका हुन् । त्यस्तै–ठूला ठूला ऋषि मुनिहरूको मनलाई-कामबाण हानेर मोहित पार्दछन् ।

सबै देवी देवताहरू सबै कुरामा समर्थ हुँदैनन् । कुनै एक विषयमा मात्र वरदान दिन सक्ने हुन्छन् । तर तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरणकमलमा सबै कुरा पूर्ण गर्न सक्ने क्षमता भएको हुँदा त्यो चरण कमलले आराधना गर्ने भक्तहरूलाई सौभाग्य प्रदान गर्छ ।

तिम्रो आराधना गरेर नै सत्य युगमा समुद्र-मन्थन हुँदा अमृत निस्किएपछि दानवहरूले लुट्न लाग्दा ब्रह्मादि देवता सबै डराउँदा भगवान् विष्णुले तिम्रो आराधना गर्नुभयो । त्यस बेला मोहिनी अवतार लिएर तिमीले नै संकटबाट बचायौ, अनि तिम्रो अपूर्व रूप लावण्यप्रति आसक्त भएका शंभुलाई क्षोभित तुल्यायौ । तिम्रो आराधना गर्दै चरणमा नमन गरेर नै कामदेवले समस्त युवतीलाई मोह गराउने लावण्ययुक्त शरीर प्राप्त गरेका हुन् । तिम्रो मायाविग्रहमा भएको शक्तिले बडेबडे ऋषि मुनिहरूको मनलाई मोहित गर्न सक्तछ, गर्दछ ।

धनुः पौष्पं मौर्वी मधुकरमयी पञ्च विशिखाः ।
वसन्तः सामन्तो मलयमरुदायोधनरथः
तथाप्येकः सर्वं हिमगिरिसुते कामपि कृपा ।
मपाङ्गात्ते लब्ध्वा जगदिदमनङ्गो विजयते ॥६॥

रसतरंगिणी

पुष्प धनुषको ताँदो, भ्रमराहरू गुञ्जारित पाँच पुष्प बाण छन्, वसन्त जसको सामन्त (मन्त्री) छन् । सुगन्धी हावा रथ छ । तैपनि तिम्रो कृपा पाएर मात्र नै अनङ्ग समर्थ भएका हुन् । हिमालय-पर्वत-कन्ये ! तिम्रो कृपा पाएर नै अनङ्ग समर्थवान् र विजयी बनेका हुन् ।

यहाँ मदन (कामदेव) को आगमन दर्शाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोजिएको छ । जस्तै– काम देवको आगमनको आभास हुन्छ कसरी ? पल्लवित पुष्पहरुमा भ्रमराहरूका गुनगुनाहटले- जुन त्यस धनुको ताँदो हो- वातावरणलाई आल्हादित पार्दै भमराका रसचुसाइको क्रममा आनन्द-विभोर भएर हल्लिरहेका पुष्पहरू अनङ्ग धनु हुन् भने- मोहक पुष्पित पञ्चपुष्प। यहाँ पञ्चपुष्प भन्नाले पृथ्वीको पहेंलो, जलको सेतो, अग्निको रातो, वायुको ध्वाँसे, आकाशको नीलो रङ्ग भएका पुष्पलाई लिनु पर्दछ। कारण, पञ्च तत्व रङ्गको माध्यमबाट सृष्टिमा फैलिएको छ । त्यसैले अनङ्गको प्रभाव यही पञ्च तत्वमाथि मात्र पर्दछ, यसदेखिबाहक निष्प्रभाव रहन्छ । यही नै अनङ्ग बाण पञ्च पुष्प हो। सुगन्धित शीतल समीरको यानबाट नै उनको आगमन हुन्छ; जस्तै सुगन्धि शीतल समीरले शरीरमा स्पर्श गर्नेबित्तिकै आनन्दको प्रभाव अनुभूति हुन्छ। त्यस्तै वसन्तरूपी मन्त्री उनी पछि-पछि लागिरहन्छन् । त्यस्तो विजयी कामदेवले पनि तिम्रो एउटा मात्र चरण कमलबाट पाएको कृपाले नै हे गिरिकन्ये अनङ्ग यो सन्सारमा विजयी भएका हुन् । अन्य देवताहरू पाउ अगिपछि पार्दै चार वा जति बढी हात छ उति समर्थ देखिने वर, अभय, ज्ञान, विज्ञानका धनी देखिन्छन्। त्यसैले ती सबै सपाङ्ग देखिन्छन्। तर तिम्रा चार हात पनि खालि छैनन्, पाउ पनि एउटा मात्र देखा पर्दछ, यसो हेर्दा सामर्थ्यहीन, एउटा पाउ नभएकी, अपाङ्ग देखिन्छ्यौ तापनि त्यही एउटा पाउको चिन्तनबाट नै अनङ्ग विजयी भएका छन् भने अन्य समस्त देवताहरू समर्थ पनि । त्यसैले, जसले तिम्रो त्यो एक पाउको चिन्तन गर्दछ, त्यो संसारमा विजयी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्वणत्काञ्चीदामा करिकलभकुंभस्तननता ।
परिक्षीणा मध्ये परिणतशरच्चन्द्रवदना ।
धनुर्बाणान्पाशं श्रृणिमपि दधाना करतलैः ।
पुरस्तादास्तां नः पुरमथितु राहो पुरुषिका ॥७॥

रसतरंगिणी

कटि प्रदेशमा क्वणक्वण गर्ने घुँघुराको मेखला बाँधेकी, हात्तीको बच्चाको मस्तकमा निस्किएको कुंभ (कलश) जस्तै स्तनको भारले केही नुहेकी, पातलो बिचको भाग भएकी, शरद् पूर्णिमाको जूनजस्तो मुहार भएकी, धनु बाण (पञ्चपुष्पबाण), पाश, अंकुश, चारहातमा धारण गरेकी, अहो आश्चर्य ! त्रिपुर नाश गर्दा त्रिपुरारिको पौरुष को पुरुषिका, त्यस्तो तिम्रो स्वरूप हाम्रो अगाडि रहिरहोस् ।

यहाँ पहिले त भगवतीको स्वरूपको वर्णन गरिएको छ । जस्तै कटिप्रदेशमा पहिरिएको मेखलामा जडिएका घुँघुरा-हरू भव्य वातावरणमा क्वणक्वण शब्द गरिरहेछन् । त्यस्तै बच्चा हात्तीको शिरमा उम्रिएको कुंभजस्तै स्तनको भारले केही नुहिएकी, शरद् चन्द्रमाजस्तै सेतो मुहार भएकी, पुष्प धनुष, पाँच पुष्प बाण, अंकुश, पाश, चार हातमा लिएकी, शिवको पुरुषार्थको रूपमा रहेर मुख्य शक्ति भएकी । यहाँ भगवतीको वर्णन गरिएको स्वरूपको अर्थतर्फ विचार गर्दा बिन्दु याने प्रजनन स्थललाई घुँघराजडित मेखलाले बेर्नु, सृष्टिलाई आनन्दले आवृत्त गरेकी । घुँघराको शब्द भनेको नाद स्वरूपिणी । हात्तीको बच्चाको शिरको कुंभजस्तै स्तन भएकी भनेको विश्वंभरा, याने सृष्टिलाई अनेकौं प्रक्रियाद्वारा पोषण गरिरहेकी, स्तनभारले केही नुहेकी भनेको सृष्टिप्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुग्रह गरिरहेकी। चार हात धर्म, अर्थ, काम, मोक्षको प्रतीक। पुष्प धनु भन्नाले यौवनावस्थामा प्रवेश गरेकी। सम्पूर्ण जगत्‌मा पृथ्वी, जल, तेज, वायु, आकाश; पृथ्वी तत्वको गन्ध, जलको रस, तेजको रूप, वायुको स्पर्श, आकाशको शब्द र यस प्रकारबाट अनुभूति हुने प्रक्रया पञ्चबाण। सम्पूर्ण सृष्टिलाई वासनामा आबद्ध गर्ने पाश, सम्पूर्ण सृष्टिलाई कामप्रति आकर्षण गर्ने अंकुश। वासनाले आबद्ध गराई कामप्रति आकर्षण नहुने हो भने संसारमा सृष्टि नै अवरुद्ध भै शून्यमा परिणत हुने हुँदा सृष्टिको क्रम अक्षुण्ण राख्ने प्रक्रयालाई अंकुश र पाशको प्रभाव मान्नु पर्दछ।

"पुरमथितुराहो पुरुषिका" त्रिपुर दाहको कथामा सत्य युगमा मय, विद्युत्प्रभ र तारकासुर नाम गरेका दैत्यले तपस्या-द्वारा ब्रम्हालाई खुशी गराई वरदान प्राप्त गरी तीन पुर बनाए। सुनको पुरमा मय, चाँदीको पुरमा विद्युत्प्रभ र फलामको पुरमा तारकासुर रहन्थे। यी तीन पुरमा सृष्टिको उत्तम वस्तुले सजाएर भोगविलास, पोषण-प्रक्रयामा तल्लीन रहनाले यज्ञ प्रक्रया बन्द हुँदा देवताहरूले सार्है दुःख पाई शिवको शरणमा गएपछि भगवान् शिवले १०००० वर्षमा आधा निमिष एकै ठाउँमा जोडिने पुरलाई (जोडिएकै बेलामा एक वाणले तीनै पुरलाई जसले नाश गर्न सक्छ त्यस्ले मात्र ती दैत्यलाई मार्नसक्ने त्यस्तो व्यक्ति अरू नभएको कारणले) नाश गर्न तम्सिनुभएपछि त्रिपुर दाह गर्न शिव बस्ने रथको निर्माण शुरू गरियो। रथमा सम्पूर्ण देवता-रत्नहरू जडान भएको थियो। जस्तै—दायाँ पाँग्रा सूर्य, बायाँ पाँग्रा चन्द्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दक्षिण पाँग्राको गहना बाऱ्ह सूर्य, बायाँ चक्रमा सोऱ्ह चन्द्रकला गहना गराइयो। छ ऋतु रथको दायाँ बायाँ सजाइयो। रथको गजुर आकाश, पाँग्रा अड्याउने दण्ड मन्दराचल, उदयाचल र अस्ताचल दुई पाँग्राका चुकुल, अयन र संवत्सर रथको वेग, चार समुद्र चार कुण्डलिका, गंगादि सम्पूर्ण तीर्थ रथका गहना बनाइए। सारथी ब्रह्मा, ॐकारको कोर्रा, विन्ध्याचलको छत्र, मन्दराचल पार्श्वदण्ड, सुमेरु पर्वत धनुष, शेष नाग ताँदो, सरस्वती घण्टा, नारायण अग्नि बाणको टुप्पो, चार वेद रथका घोडा, तारा गण घोडाका गहना भएको रथ तयार भएपछि सम्पूर्ण सृष्टिलाई कम्पायमान गरी सम्पूर्ण रौद्र शक्तिले युक्त शिव रथमा सवार भै त्रिपुर नाशको लागि प्रस्थान गर्नुभयो। उता साम-दान-दण्ड-भेद नीतिद्वारा शत्रु पराजित गर्ने सुरले युद्ध गर्न तत्पर भएका दैत्य गणहरू थिए। मुठभेड पछि घमासान युद्ध भयो। त्यो युद्ध अधर्म र धर्मको थियो। पराप्रति आस्थावान् देवताहरू र अपराप्रति निष्ठावान् दैत्यहरू। यत्तिकैमा सत्व धर्मका पालक विष्णुलाई अग्नि-बाणको टुप्पो बनाई, याने ज्ञानाग्निको बाणद्वारा मायाद्वारा रचित त्रिपुरलाई शिवले रुद्र तेज धारण गरेर उडाइदिँदा, अपरा मायाद्वारा रचित जंजाल मुक्त भएपछि शिवको पुरुषार्थको रूपमा रहेको पुरुषिका अथवा पुरुषार्थिका उनै जगत् जननी रहिछन् भन्ने ज्ञान प्राप्त भएपछि अहो भनेर आश्चर्य मानेको अवस्था। सृष्टिमा जतिसुकै समर्थ भएपनि वास्तवमा विग्रहरूपी रथमा विद्यमान महात्रिपुर-सुन्दरीमात्र सर्वसमर्थ हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुधासिन्धोर्मध्ये सुरविटपवाटीपरिवृते ।
मणिद्वीपे नीपोपवनवति चिन्तामणिगृहे ।
शिवाकारे मञ्चे परमशिवपर्यङ्कनिलयां ।
भजन्ति त्वां धन्याः कतिचन चिदानन्दलहरीम् ॥८॥

रसतरंगिणी

अमृत समुद्रको बीचमा, कल्पवृक्षले घेरिएको बगैंचाको मणि द्वीपमा, दिव्यफलफूल युक्त,दिव्य वृक्षहरूले शोभायमान उपवनको बीचमा, चिन्तामणि गृहको बीचमा बनेको त्रिकोण पीठको मञ्च । ब्रह्मा, विष्णु, रुद्र, ईश्वरको चार खुट्टा र बीचको फल्याक सदाशिव भएको सिंहासनमाथि विराजमान भई चिति शक्तिद्वारा आनन्द लहर बर्साइरहने चिदानन्दलहरी तिम्रो स्वरूपको भजन गर्ने सौभाग्य धेरै जन्मको पुण्यको प्रभावले धन्य भएको कोही कोही व्यक्तिले मात्र पाउँदछ ।

यहाँ ध्यानको प्रक्रया वर्णन गरिएको छ। महात्रिपुर-सुन्दरीको ध्यान सर्वसाधारणले चाहेर पनि गर्न सक्तैनन् । वासनाको डोरीमा बाँधिएर संसारिक वैभव प्राप्तिमात्रलाई अभीष्ट ठान्ने व्यक्तिले अपराप्रति आस्थावान् रही अपरा-द्वारा रचित मायालाई नै सत्य ठान्ने विचारले त्रिपुराको महिमालाई बुझेर ध्यान उपासना गर्न सक्षम हुँदैनन् । पुण्यको उदय र भगवतीकै अनुग्रह भएपछि मात्र आन्तरिक ध्यान पूजनको प्रकृया बुझ्ने र जान्ने हुन्छ । ध्यान गर्ने क्रममा इडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र पिंगलाद्वारा प्रवाहित गंगा र यमुनाको संगम भएपछि अमृत निर्माण भई त्यहीँ सरस्वती बन्दछ र सुषुम्ना मार्गद्वारा माथितिर प्रवाहित हुन्छ, यसरी सम्पूर्ण शरीरमा फैलिएको अवस्था सुधासिन्धुको अवस्था हो । यही अवस्था ऊर्ध्वरेता पनि हो। यो अमृत देहमा रहेका देवताहरूले पान गर्दछन् र चिताएजस्तै फल दिन्छन् । त्यसैले कल्पवृक्ष भनेको हो। कल्पवृक्ष पनि देहनै हो ।

मणि द्वीप मूलाधार चक्र, नीप वन मूलाधार चक्रमा सम्पूर्ण स्नायु हरूको प्रमुख माध्यम, दश स्नायु मेरुदण्डको बीचमा छन् त्यही १० स्नायुहरूले स्वयम्भू लिङ्गमा सम्पर्क राखेका छन् र त्यही स्वयम्भू लिङ्गलाई नै कुल कुण्डलिनीले वेष्टित गरिराखेकी छन्। यही स्नायु पुन्ज नै नीपवन हो। चिन्तामणि गृह भनेको यिनै देहस्थ स्नायुहरूको प्रमुख सम्पर्क र संचार स्थल। त्रिकोण पीठमा सुसज्जित ब्रह्मा, विष्णु, रुद्र, ईश्वर, सदाशिवको मञ्चमा परशिव माथि भनेको त्रिकोण पीठमा स्थित स्वयम्भू लिङ्गमा साढे तीन फन्को मारेर शोभायमान भैरहेकी परम शक्ति महात्रिपुर सुन्दरी नै हुन्। सुधा सिन्धु, नीप वन, मणिद्वीप, चिन्तामणि गृह, शिवाकार मञ्चमा शोभायमान भएकी महात्रिपुर सुन्दरी भन्नु र मूलाधार स्थित सम्पूर्ण स्नायुको सम्पर्क स्थल त्रिकोग पीठमा स्थित स्वयंभूलिङ्गमा विराजमान भएकी कुण्डलिनी भन्नु एकै कुरा हो । यस्ती तिम्रो ध्यान गर्ने व्यक्ति धन्य हो र चित्तमा आनन्दको लहर उठाई चिन्तन, भजन, तिम्रो महिमालाई जान्नेले मात्र गर्न सक्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महीं मूलाधारे कमपि मणिपूरे हुतवहं ।
स्थितं स्वाधिष्ठाने हृदि मरुतमाकाशमुपरि ।
मनोऽपि भ्रूमध्ये सकलमपि भित्वा कुलपथं ।
सहस्रारे पद्मे सह रहसि पत्या विहरसि ॥६॥

रसतरंगिणी

पृथ्वी मूलाधारमा,जल पनि मूलाधारमा, मणिपुर अग्नि तत्व स्वाधिष्ठानमा रहेर, हृदय वायु तत्व र विशुद्ध चक्र माथि आकाश तत्व र मन समेतलाई भ्रूमध्यमा राखेर कुल पथ भेदन गर्दै सहस्रारस्थित परशिवसंग एकान्तविहार गर्दछ्यौ ।

यो चक्र भेदन प्रक्रया हो। पृथ्वीतत्त्व मूलाधार चक्रमा जल तत्त्वलाई मिलाउनु,पृथ्वीतत्व र जलतत्त्वलाई अग्नितत्त्व मणिपूर चक्रमा डढाउनू। स्वाधिष्ठान चक्रमा बसेर अनाहत चक्र वायु तत्वमा उडाउनु र आकाश तत्त्वमा फैलाउनू, यसरी फैलिएको कणकणलाई जम्मा गरेर पुनः वायुतत्त्वमा ल्याउनू, वायुतत्वबाट अग्नितत्त्व मणिपुर चक्रमा,त्रिकोण मणिमण्डप-मा प्रज्वलित अग्निमा भस्म पार्नू, त्यो भस्मलाई जलतत्व स्वाधिष्ठानमा बगाउनु अथवा पखाल्नु अनि पृथ्वीतत्व मूलधारमा भस्मपिण्डद्वारा आफ्नो देह निर्माण भएको ठान्नू। अनि त्यो देहले चक्रप्रवेश गरेर मूलाधारस्थित महात्रिपुरसुन्दरीको पूजा ध्यान आदि गर्नू। त्यसपछि कुण्डलिनी उठेर चक्रजस्तै घुम्दै वर्ण मात्रिकाको आकार धारण गर्दै एक चक्रबाट अर्को चक्र भेदन गर्दै परशिवसम्म सहस्रारस्थित परशिवसंग एकान्तमा विहार गर्न सुषुम्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्गद्वारा जानुलाई नै कुलपथ भेदन भनेको हो। कुल शक्ति अकुल शिव। कुल शक्तिको स्थान सहस्रार मूलाधार चक्र हो भने अकुल शिवको सहस्रार शिरमा चिन्तन गर्नु पर्दछ। वर्णमातृका क्रमले विचार गर्दा आज्ञा चक्रमा विश्रान्ति हुन्छ, त्यसैले मनलाई समत भ्रूमध्य (काशीक्षत्र)मा राखेर सुषुम्ना मार्गद्वारा कुलपथ चक्र भेदन गर्ने प्रकृया बताइएको छ। आज्ञाबाट सहस्रार भेदन गर्ने प्रकृया ज्यादै जटिल भएकोले गुरुबाट सिक्नु पर्दछ। यसरी सहस्रार चक्र भेदन गरी कर्णिका-मा रहेका परशिवसंग विहार गर्दछिन्। परशिवसंग शक्ति-योग भएपछि अमृत वर्षा हुन्छ, त्यही अमृत साधकको शरीरमा फैलिएर दिव्य देह बन्दछ ।

सुधाधारासारैश्चरणयुगलान्तर्विगलितैः ।
प्रपञ्चं सिञ्चन्ती पुनरपि रसाम्नायमहसा ॥
अवाप्य स्वां भूमिं भुजगनिभमध्युष्टवलयं ।
स्वमात्मानं कृत्वा स्वपिषि कुलकुण्डे कुहरिणि ॥१०॥

रसतरंगिणी

तिम्रो युगल चरण कमलबाट निस्केको परमामृत धाराले षडाम्नाय पूर्ण देहको सिञ्चन गर्दै आफ्नो भूमि मूलाधार चक्रमा पुग्दा खुशी भएर तिमी साढे तीन वृत्त मारेर सर्पाकार बन्दछ्यौ। सबै खराबलाई नाश गर्ने तिमीले आफ्नो शरीरलाई धारण गरेर कुण्डलाकार भएर सुत्दछ्यौ। यहाँ शक्तिको आगमनले शुक्ल बिन्दु शिव आन्दोलित हुँदा रक्त वर्णमा शिवविन्दु परिवर्तन हुन्छन् र शक्ति पनि विष्णुको विग्रहबाट अनन्ततिर फैलिएको शक्तिको रंग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीलो, शक्ति-विन्दु मिली, दुबै आतुरताका साथ एक अर्कासंग आबद्ध भई रक्त-नील विन्दुबाट अगाडि बढ्दा दुबै एकै विन्दुमा पुग्दछन्। त्यहीँ नै मिश्रविन्दु नील-लोहित अर्द्धनारीश्वरको अमृतेश्वर महामृत्युञ्जको स्वरूप प्रकट हुन्छ। अनि त्यही महासंवरबाट प्लावित रस नै अमृत हो, त्यही अमृत, शिवको रक्त र शक्तिको नील युगलचरणबाट निस्किएको हो। षडाम्नाय भन्नाले यसरी बुझिन्छः—

"एकानेकभवातिभूतिकपरा पूर्णेश्वरी वासवे,
भूतेशी गगनोपमा भगवती नैशेश्वरी दक्षिणे।
ज्ञानागम्य कुलेश्वरी कुलगणा वारुण्यदिङ्नायिका—
श्रीवामां प्रणमामि विश्वजननीं विश्वेश्वरी पाहिमाम्" ॥

पूर्वमा भुवनेश्वरी, उत्तरतिर गुह्येश्वरी, दक्षिणतिर नैशेश्वरी, पश्चिमतिर कुब्जिकेश्वरी, ऊर्ध्वं त्रिपुरेश्वरी, अधः हाटकेश्वरी, यिनै छ आम्नायनायिका हुन्।

शरीरमा- स्वाधिष्ठान चक्र पूर्वाम्नाय, मणिपुर चक्र दक्षिणाम्नाय, अनाहत चक्र पश्चिमाम्नाय, विशुद्ध चक्र उत्तराम्नाय, आज्ञाचक्र ऊर्ध्वाम्नाय, मूलाधार चक्र अधः आम्नायका चक्रहरू हुन्। यिनै चक्रहरूलाई नै अमृतले सिञ्चन गर्ने भनिएको हो। परशिवबाट आफ्नो स्थानतिर कुण्डलिनी फर्कंदा उक्त षट् आम्नाय चक्रलाई अमृत सिंचन गर्दै, खुशी हुँदै, आफ्नो धाम (भूमि) मूलाधार चक्रको त्रिकोण पीठको बीचमा रहेको स्वयम्भू लिङ्गलाई आफ्नो सर्पिणीको स्वरूप लिई साढे तीन घेराको कुण्डल बनाई घेरी सुत्दछ्यौ। यस्तो तिम्रो स्थितिलाई ध्यान गर्नाले सबै प्रकारको अशुभ नाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । याने, त्यस्ता साधकको अशुभ खराबजति नाश गर्दछ्यौ ।

चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिःपञ्चभिरपि ।
प्रभिन्नाभिः शंभोर्नवभिरपि मूलप्रकृतिभिः ।।
त्रयश्चत्वारिंशद्वसुदलकलाब्जत्रिवलय–
त्रिरेखाभिः सार्द्धं तवचरणकोणाः परिणताः ।।११।।

रसतरंगिणी

शिवको चार त्रिकोण र शक्तिको पाँच त्रिकोणको संगमबाट शिवलाई अलग्ग राखेर नौ मूल प्रकृतिको त्रिचालीस त्रिकोण, भूपुर सहितको श्रीचक्र नामको तिम्रो दिव्य निकेत (घर) बन्दछ। यहाँ श्रीचक्र नवात्मामूलक छ र शैव र शाक्तहरूको भिन्न मत देखा पर्दछ। श्रीचक्र पूजन क्रममा शैवहरू पाँच त्रिकोण शिव चक्र मानेर माथि फर्काएर चार त्रिकोण शक्ति चक्र तल फर्काएर पूजा गर्दछन् भने शाक्तहरूचाहिं चार शिव चक्रलाई शिवलिङ्ग र पाँच त्रिकोणलाई शक्ति चक्र र योनि सम्झेर पाँच त्रिकोण तल फर्काएर पूजा गर्छन्। शिव शक्तिको मिथुनचक्र नौत्रिकोणलाई नवात्मा र त्यसबाट निर्माण हुने त्रिचालिस त्रिकोण, आठ दल, सोन्ह दल, तीन वृत्त, भूपुरद्वार चार समेत गरी महात्रिपुरसुन्दरीको दिव्य प्रासाद निर्माण हुन्छ ।

श्री यन्त्र लेख्ने प्रक्रयामा सृष्टि स्थिति संहार क्रम अनुसार लेखेर पूजा गर्नु पर्दछ, यसको क्रम विज्ञ गुरुद्वारा दीक्षा लिएर सिक्नु पर्दछ । यहाँ दिव्य निकेतको अर्थ शरीरलाई भगवतीको निकेत सम्झनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरं चिन्तयेदादौ निजं श्रीचक्ररूपकम् ।
त्वगाद्याकारनिर्मुक्तं लसत्कालाग्निसन्निभम् ॥

यस प्रक्रियाद्वारा आफ्नो शरीरलाई 'श्रीचक्र' बनाएर पूजा गर्नु पर्ने हुन्छ । यन्त्र त मात्र प्रतीकात्मक हो । शरीरस्थ-रहस्य योग्य गुरुद्वारा सिक्नु पर्ने हुन्छ ।

त्वदीयं सौन्दर्यं तुहिनगिरिकन्ये तुलयितुं ।
कवीन्द्राः कल्पन्ते कथमपि विरिञ्चिप्रभृतयः ॥
यदालोकौत्सुक्यादमरललना यान्ति मनसा ।
तपोभिर्दुष्प्राप्यामपि गिरिशसायुज्यपदवीम् ॥१२॥

रसतरंगिणी

हे हिमालय पर्वतराजकन्या ! तिमीबाट दिइएको अतिशय सौन्दर्यहरूले तिमीलाई कसरी तुलना गर्नु ? ब्रह्मादि प्रमुख देवताहरू र कवीन्द्रहरूले पनि तिम्रा छरिएका लावण्य-हरूलाई तिम्रो सौन्दर्यसंग तुलना गर्दछन् । यता सन्सार तिम्रो सौन्दर्यको दर्शन गर्न उत्सुक त छँदैछ, देवताका पत्नीहरू पनि मनमा तिम्रो रूपको दर्शन गर्ने इच्छा राख्दछन् । याने, ठूलो तपस्याद्वारा पनि प्राप्त गर्न नसक्ने शिवसायुज्य पदको कामना तिम्रो दर्शनको लालसाले नै हो ।

संसारमा जति पनि सौन्दर्यहरू छरिएका छन्, जसलाई देखेर कविहरू ब्रह्मादि देवताहरू पनि प्रभावित भै त्रिपुर-सुन्दरीको सुन्दरतासंग तुलना गर्दछन्, ती सबै सौन्दर्यको खानी त्रिपुरसुन्दरी नै हुन् । उनैबाट छरिएका कणकण बराबरका लावण्यलाईमात्र सबैले तुलना गर्दछन् । तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिशय सौन्दर्यको उपमा नै छैन भन्ने ज्ञान भएका देव पत्नी-हरू पनि तिम्रो सौन्दर्यको दर्शन गर्न शिवसायुज्य पद माग्दछन् ।

नरं वर्षीयांसं नयनविरसं नर्मसु जडं ।
तवापाङ्गालोके पतितमनुधावन्ति शतशः ।
गलद्वेणीबन्धाः कुचकलशविस्रस्तसिचयाः ।
हठात्त्रुट्यत्काञ्च्यो विगलितदुकूला युवतयः ।।१३।।

रसतरंगिणी

जो अति वृद्ध, चाउरी परेको, कुरूप छ, काम क्रीडा असमर्थ छ, मूर्ख, दुःखी छ, तापनि तिम्रो कृपादृष्टि त्योमाथि पर्दा तुरून्तै काम क्रीडामा प्रवीण रूपवान् सबै कुरा जान्ने हुन्छ । त्यसलाई देखेर खुला केश, टुटेको मेखला, याने सारी फुस्कि-एकी) चोलो नभएकी, खुला स्तन भएकी सुन्दरी सबै वस्त्र फाल्दै दौडेर अँगालो हाल्न आइपुग्दछे ।

कुनै पनि स्त्रीले रूपवान् सुगठित शरीरलाई नै बढी रुचाउँदछन् । कुरूप वृद्धलाई असमर्थताको आशंकाले रुचाउँदैनन्; वास्तवमा लावण्यप्रति नै आकृष्ट भएको हो भने लावण्य विमर्शको रूपमा प्रत्येक सृष्टिमा रहुञ्जेल त्यसपट्टि सबै आकर्षित रहन्छन् तर त्यो दिगो रहँदैन । कारण, छाया स्थिर रहँदैन, तर जगत्जननीको उपासना गरेर कृपादृष्टि प्राप्त गर्ने साधकले भने त्यो लावण्य र आकर्षण अक्षुण्ण पाइराख्ने हुँदा त्यस्ता साधकलाई देखेर युवतीहरू अनायास आसक्त, अनुरक्त भै वस्त्र सबै फालेर आबद्ध हुन्छन् । यसरी भौतिक पदार्थ उपभोग गर्दा सबैभन्दा बढी अनुभूति गरिएको आनन्द पनि आमाको नै कृपा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षितौ षट्पंचाशत् द्विसमधिकपंचाशदुदके ।
हुताशे द्वाषष्टिश्चतुरधिकपञ्चाशदनिले ॥
दिवि द्विःषट्त्रिंशन्मनसि च चतुःषष्टिरिति ये ।
मयूखास्तेषामप्युपरि तव पादांबुजयुगम् ॥१४॥

रसतरंगिणी

पृथ्वीमा छपन्न, जलमा बाउन्न, अग्निमा बासठ्ठी, वायुमा चवन्न, आकाशमा बहत्तर, मनमा चौसट्ठी मयूखहरू (किरण) माथि तिम्रो युगल चरण कमल रहेको छ। याने तिमी नै तत्वमयी हौ र तिमी नै तत्वातीत पनि ।

यो षडध्व प्रकरण हो। यसको क्रम महा-निर्वाण प्राप्त भएपछि गुरुले शिष्यलाई सिकाउने प्रथा भएकोले महा-निर्वाण प्राप्त याने निर्वाणदीक्षाप्राप्त साधकले विज्ञ गुरुसंग षडध्व प्रकरण सिक्नु उचित ठान्दछु ।

शरज्ज्योत्स्नाशुभ्रां शशियुतजटाजूटमुकुटां ।
वर-त्रासत्राणस्फटिकघुटिकापुस्तककराम् ॥
सकृन्नत्वा नत्वां कथमिव सतां सन्निदधते ।
मधुक्षीरद्राक्षामधुरिमधुरीमा भणितयः ॥१५॥

सफा शरत् कालको ज्योत्स्नाजस्तै उज्यालो। बाँधिएको जटामा चन्द्रमाको मुकुट पहिरिएकी । चार हातमा वर, अभय, पुस्तक र स्फटिक माला लिएकी। यस्ती तिम्रो चिन्तन मनन पूजन आदि नगरी सत्कविहरूले मिठो मह, दुध दाखजस्तो, सूक्ति, कविता, साहित्य आदि कसरी पाउन सक्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ ध्यान हेर्दा पुस्तक र माला लिएको भन्नाले सरस्वती जस्ती देखिए तापनि वास्तवमा ऊर्ध्वाम्नायनायिका बाला त्रिपुरसुन्दरीको ध्यानको वर्णन गर्न खोजिएको छ। बालाको उपासना नै ऊर्ध्वाम्नायको प्रथम खुड्किलो हो। अब ध्यानको रहस्यतिर लागौं।

शरद्ज्योत्स्ना भन्नाले विकार–रंगहीन, शीतल प्रकाश छरेर संपूर्ण दुःख पीडा शमन गर्ने। जटाजस्तै बाँधिएको संसारमा चन्द्रमा याने ज्ञानरूपी चन्द्रमा उदाउँदा मनको महा-अन्धकारमा ज्ञानरूपी शीतल प्रकाश छर्ने। चार हातमध्ये वर अर्थात् संपूर्ण पदार्थ याने धर्म, अर्थ, काम, मोक्ष, चतुर्वर्ग पुरुषार्थ प्रदान गरिरहेकी। अभय, सान्सारिक दावानलमा पिल्सिएर दुःखले छटपटाइरहेका प्राणीलाई आफ्नो चरणमा स्थान (शरण) दिएर मोक्ष मार्ग प्रकाश गर्ने (देखाउने)। पुस्तकले, दिव्य ज्ञान प्रदान गर्ने; मालाले, समस्त सिद्धि प्रदान गर्ने भन्ने अर्थ खुल्न आउँदछ। यस्ती बालात्रिपुरसुन्दरीको उपासनाद्वारा कृपा प्राप्त नगरी बल, बुद्धि, विद्या, ऐश्वर्य प्राप्त हुन सक्तैन र जडवत् सांसारिक विषयवस्तुमा दुःख पाइरहिन्छ। त्यसै कारण, दुःखबाट उद्धार पाई धन-जन-श्री संपत्तिको लागि पहिले बालाम्बाको उपासना गरौं।

कवीन्द्राणां चेतःकमलवनबालातपरुचिं।
भजन्ते ये सन्तः कतिचिदरुणामेव भवतीम् ॥
विरञ्चिप्रेयस्यास्तरुणतरश्रृङ्गारलहरी–
गभीराभिर्वाग्भिर्विदधति सतां रञ्जनमयो ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

कवीन्द्रहरूको चित्तरूपी कमल वनमा बालसूर्यजस्तै तपद्वारा उदाउँदा अरूण स्वरूप रातो स्वरूप भएकी तिमीलाई जोसुकै बुद्धिमान् कविहरूले भज्दछन्। ती धीर कविहरूको बोलीमा ब्रह्माजीकी प्रेयसी सरस्वतीको स्वरूप नयाँ नयाँ मधुरो श्रृङ्गारका लहर उठेर नव्य सहित्यको रूपमा प्रकट हुन्छ र ती धीर कविहरूको वाणीले सन्त सज्जनको मनोरञ्जन गर्दछ ।

बुद्धिमान् कविहरू तिमीलाई आफ्नो हृदयरूपी कमलमा सरस्वतीको रूपमा चिन्तन गरेर नै श्रृङ्गार रसले भरिएको मीठा काव्य–साहित्यको स्फुरण भई आफ्नो वाणीले सज्जनको हृदय जित्न सक्ने हुन्छन्। हृदयमा तिम्रो चिन्तन नगर्नेवाट नयाँ नयाँ सिर्जनाको लहर उठ्दैन ।

सवित्रीभिर्वाचांशशिमणिशिलाभङ्गरुचिभि–
र्वशिन्याद्याभिस्त्वां सह जननि संचिन्तयति यः ॥
स कर्ता काव्यानां भवति महतां भङ्गिसुभगै–
र्वचोभिर्वाग्देवीवदनकमलामोदमधुरैः ॥१७॥

रसतरंगिणी

वशिन्यादि वाग्वादिनी र सावित्री समेतको मन्त्रयुक्त ध्यान गर्नाले चन्द्रकान्त मणिमा देवताको मूर्तिहरू कुँदेजस्तै हृदयमा काव्यशक्तिको उदय हुन्छ र रुचिकर श्रृङ्गार रसले भरिएको काव्यहरूको रचना गर्न सकिन्छ। वाग्देवीको प्रभावले भरिन्छ र वाणीमा मधुरता आई आफ्नो वाणीद्वारा सबैलाई मख्ख पार्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महात्रिपुरसुन्दरीको त्रिकोण पीठमा कामेश्वरी, वज्रेश्वरी, भगमालिनी, इच्छा, क्रिया, ज्ञान, शक्तिको रूपमा विग्रहमा बसेका छन् । इच्छा र ज्ञानशक्तिलाई नै सावित्री र वाग्देवी भनिएको हो। जसले इच्छाशक्ति सावित्री-द्वारा ज्ञानशक्ति वाग्देवीको चिन्तन गर्दछ, चन्द्रकान्त मणिमा देवप्रतिमा कुँदिएजस्तै रसिलो शृङ्गार रसले भरिएको काव्यरचनाको लागि मातृकारूपी वाग्देवी उसको हृदय पटलमा प्रकट हुन्छिन् र काव्य रचनामा सक्षम हुनुको साथै उसको वाणीको माधुर्यले सबैलाई मुग्ध बनाउँछ ।

तनुच्छायाभिस्ते तरुणतरणिश्रीधरणिभिः ।
दिवं सर्वामुर्वीमरुणिमनिमग्नां स्मरति यः ।
भवन्त्यस्य त्रस्यद्वनहरिणशालीननयनाः ।
सहोर्वश्या वश्याः कति कति च गीर्वाणगणिकाः ॥१८॥

रसतरंगिणी

तिम्रो शरीरको लालिमाको छाया तरुण सूर्यमा परी प्रकाशको रूपमा पृथ्वी र आकाशमा फैलिनाले रातो भएको वातावरणको ध्यान गर्दछ भने त्यो साधकले तीनै लोकका युवतीहरूलाई र स्वर्गका उर्वशी आदि अप्सराहरूसमेतलाई मोहित पारी वशमा गर्दछ ।

यो श्लोकले वशिन्यादि देवताको प्रकाश गर्न खोजेको छ । प्रातःकालीन सूर्यको आभाजस्तै रक्त वर्ण श्रीत्रिपुर-सुन्दरी "बालाम्बा"को शरीरमा भएको र सो रङ्गको छाया सूर्यमा पर्दा सूर्यको तरुण रक्तिम आभा पृथ्वीमा र आकाशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत परेर भन्नु वा नाडीद्वारा प्रवाहित रक्तिम द्रव पृथ्वी तत्व मूलाधारमा र आकाश तत्व विशुद्ध चक्रमा फैलिएर रातो भएको तिम्रो वर्ण मातृका र त्रिभुवन-मोहिनी मूर्तिको जसले ध्यान गर्दछ त्यो साधकले तीनै लोकका युवतीहरूलाई र स्वर्गका उर्वशी आदि अप्सरा समेतलाई मोहित र वश्य गर्न सक्ने हुन्छ। यसको प्रक्रया योग्य गुरुसंग सिक्नु पर्दछ। अन्यथा विकृति आउने हुन्छ। वनको चञ्चल मृगीहरूका ठूलाठूला राम्रा आँखाबाट झल्किरहेको चञ्चलता जस्तै नेत्र याने मृगका जस्ता राम्रा ठूलठूला आँखामा तिम्रो रक्तिम आभा परेर नै वशीभूत हुन्छन्, अन्यथा संभव हुँदैन ।

मुखं बिन्दुं कृत्वा कुचयुगमधस्तस्य तदधो ।
हरार्धां ध्यायेद्यो हरमहिषि ते मन्मथकलाम् ॥
स सद्यःसंक्षोभं नयति वनितामित्यतिलघु ।
त्रिलोकीमप्याशु भ्रमयति रवीन्दुस्तनयुगाम् ॥१९॥

रसतरंगिणी

मुखलाई बिन्दु बनाएर तलतिर दुई स्तन बनाउनु, त्यसको तल हरार्द्धको र कामकलाको ध्यान गर्नू। त्यस्तो साधकले युवतीहरूलाई क्षोभित गर्नु त मामुली कुरा हो भने सूर्य चन्द्र स्तन भएकी त्रिलोकीलाई समेत घुमाउन सक्दछ ।

यहाँ कामकलाको स्वरूप, मन्त्र र ध्यानको अवस्थालाई बुझाउन खोजिएको छ। कालीकर्पूरस्तवमा "त्रिपञ्चारे" भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै क्रम हो। यस क्रमलाई उद्धार गर्दा गोप्य राखिएको महामन्त्र र महाकामकलाको अवस्थालाई खुलाउनु पर्ने भएकोले यो क्रम सिक्न चाहने साधकले योग्य गुरुसंग सिक्न उचित ठान्दछु। माथिको पदार्थलाई मात्र हेरेर, बिन्दुमा मुख लगाएर, दुई हात कुचमा लगाएर, हरार्द्धको मन्त्र जपेर काम कलाको ध्यान गर्ने, यसको वास्तविक अर्थ होइन। यसरी साधना गर्दा विकृति र विपत्तिले घेर्दछ।

किरन्तीमङ्गेभ्यः किरणनिकुरुंवामृतरसं ।
हृदित्वामाधत्ते हिमकरशिलामूर्तिमिव यः ॥
स सर्पाणां दर्पं शमयति शकुन्ताधिप इव ॥
ज्वरप्लुष्टान्दृष्टया सुखयति सुधासारसिरया ॥२०॥

रसतरंगिणी

जो आफ्नो शरीरबाट रश्मिपुञ्ज छर्दै अमृतद्वारा भिजाइरहेकी चन्द्रकान्त मणिमा बनेको मूर्तिजस्ती तिम्रो ध्यान मनमा गर्दछ, त्यस्तो साधकले गरुडले जस्तै सर्पविष शान्त गर्दछ र अमृतमय दृष्टिले हेर्नेबित्तिकै जस्तोसुकै ज्वर पनि तुरन्त निको पार्दछ।

यहाँ सृष्टिमा अमृत वर्षा हुने भन्ने र कठिन रोग र सर्प दंशबाट मुक्ति पाउने उपायको वर्णन गरिएको छ। जस्तै– संपूर्ण सृष्टिमा आफ्नो शरीरको रश्मिपुञ्ज छर्नुकासाथै अमृत सिचन गरिरहेकी वा चन्द्रकान्त मणिले बनेको मूर्तिमा चन्द्रबिंब परी सो मणि पग्लेर पानी चुहिरहेको तिम्रो शरीरबाट रश्मिपुञ्ज प्रस्फुटित गर्दै भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमृत सेचनद्वारा संपूर्ण जगत्लाई भिजाई तिम्रो ध्यान गर्दछ भने त्यस्तो साधकले जस्तोसुकै कडा विष, सर्प दंशद्वारा पीडित, कठिन ज्वरबाट पीडित व्यक्तिलाई सजिलैसंग एक दृष्टि हेर्नाले नै शान्त गर्न सक्दछ। सर्प विषको लागि त त्यो गरुडै समान हुन्छ। यो प्रक्रियाले जस्तो-सुकै रोग पनि निको पार्न सकिन्छ।

तडिल्लेखातन्वीं तपनशशिवैश्वानरमयीम् ।
निषण्णां षण्णामप्युपरिकमलानां तव कलां ॥
महापद्माटव्यां मृदितमलमायेन मनसा ।
महान्तः पश्यन्तो दधति परमाल्हादलहरीम् ॥२१॥

रसतरंगिणी

विद्युत्रेखाजस्तै शरीर भएकी; अग्नि जस्तै ताप, चन्द्रमाको जस्तै शीतल प्रकाश भएकी; यस्ती तिम्रो षट्चक्रको कमल-मा र सहस्रार महापद्ममा ध्यान गर्दछ भने त्यस्तो साधक मायारूपी मलबाट रहित भै तिम्रो परम कलालाई उमङ्गसाथ आफ्नो हृदयमा अनुभव गरेर परम खुसी र आनन्दको लहरलाई अनुभव गरिरहने हुन्छ।

विद्युत्रेखाजस्तै सूक्ष्म तिम्रो शरीर छ तापनि अग्निको ताप र चन्द्रको शीतल प्रकाश पनि तिमीमा नै विद्यमान छ। तिम्रो त्यो सूक्ष्म रूप नै संपूर्ण शक्तिको मूल हो। त्यसकारण योगीहरूले तिम्रो त्यो विद्युत्रेखाजस्तै सूक्ष्म देह (कुण्डलिनी) शक्तिलाई षट्चक्रमा वर्ण मातृकाको रूपमा र सहस्रार पद्मको बीचमा सहस्रवदना तिम्रो ध्यान गर्दै सान्सारिक मायाबाट मुक्त भै ज्यादै उमङ्गले एक पद्मपत्रबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को पद्म पत्रमा जाँदा हुने तिम्रो स्वरूपको परिवर्तनको साथै विस्थापित शरीरको क्रम नै कला मानेर आफ्नो हृदयमा परम आनन्दको तरङ्गलाई अखण्ड रूपले अनुभव गरिरहन्छन् ।

भवानि त्वं दासे मयि वितर दृष्टिं सकरुणा–
मिति स्तोतुं वाञ्छन्कथयति भवानि त्वमिति यः ॥
तदैव त्वं तस्मै दिशसि निजसायुज्यपदवीं ।
मुकुन्दब्रम्हेन्द्रस्फुटमुकुटनीराजितपदाम् ॥२२॥

रसतरंगिणी

हे भवानी ! म सेवकलाई पनि करुणाको दृष्टिले हेर। यस्तो पुकार गर्दै जसले तिम्रो स्तुति गर्ने इच्छा गर्दछ भने तिमी उसलाई (ब्रह्मा विष्णु इन्द्रादिले पनि नतमस्तक हुँदा मुकुटमा जडिएका जवाहरातको चमकले तिम्रो चरण कमललाई नीराजन गरिरहेका हुन्छन्) त्यही परम पद चाँडो प्रदान गरेर सायुज्य पदवी दिन्छ्यौ ।

वास्तवमा, सन्सारभरि छरिएका षड्भग ऐश्वर्य, मात्र कृपा हो, पूर्ण होइन; चरण कमलमात्र पूर्ण हो ।

त्वया हृत्वा वामं वपुरपरितृप्तेन मनसा ।
शरीरार्द्धं शंभोरपरमपि शङ्के हृतमभूत् ।
यदेतत् त्वद्रूपं सकलमरुणाभं त्रिनयनं ।
कुचाभ्यामानम्रं कुटिलशशिचूडालमुकुटम् ॥२३॥

रसतरंगिणी

शिवको बायाँ अङ्ग हरण गरेर पनि तिम्रो मन तृप्त भएको देखिँदैन र अरू अंग पनि हरण गर्ने इच्छा गर्ने तिमी धन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छौ। अर्द्ध चन्द्र जटामा सजाएर मुकुट बनाएकी छौ। तीन नेत्र छन्। दुई स्तन भारले नुहेका छन्। यस्तो तिम्रो रूप शिवमा प्रतीत हुन्छ। त्यसकारण शिवको संपूर्ण शरीरमा तिमी नै छाइरहेकोले शिवको सेतो शरीरमा तिम्रो रातो आभा छाउनाले, शिवमा पनि तिम्रोमात्र महिमा छाएको प्रष्ट देखिन्छ।

यहाँ शिव-शक्तिको अर्द्धनारीश्वरको वर्णन गरिएको छ। अर्द्धनारीश्वर भन्नेबित्तिकै आधा दायाँ अंग शिवको, आधा बायाँ अंग शक्तिको भन्ने बुझिन्छ, तर यहाँ शंकराचार्य-ज्यूले नाटकीय ढंगले अर्द्धनारीश्वरको स्थितिलाई देखाउन खोज्नु भएको छ।

शिवसंग छुट्टिएर एक छिन पनि वस्न नसक्नु शक्तिको स्वभाव हो। जुन क्षण सृष्टिको पदार्थमा शिवसंग शक्ति अलग्गिन जान्छ त्यही क्षण त्यो वस्तुको लय हुन्छ, याने सृष्टिको एउटा वस्तु हराउँदछ। यसरी संहारकर्ताको रूपमा शिव देखा परेतापनि हेरेर, विचार गरेर लाँदा, संहार गर्ने कार्य शिवले नभएर शक्तिले नै गरिरहेको देखिन्छ। शक्तिहीन अवस्था नै मृत्यु हो। सूर्य ईडा रक्त नाडी हो, चन्द्र पिंगला सोम नाडी हो। त्रिकोण पीठमा सूर्य चन्द्रको योग भएपछि मात्र अमृत अर्द्धनारीश्वर सुषुम्ना मार्गबाट अमरत्व प्रदान गर्दछन्। शुक्र रूप सेतो शिवमा रक्त रूप शक्तिले आफ्नो आभा फैलाई मिल्दा शुक्ल लोहित वर्णमा याने लाहाको रंगमा परिणत हुन्छ र सुषुम्ना मार्गबाट ऊर्ध्वगामी भई विभिन्न चक्रहरूमा गहन भूमिका निर्वाह गर्दै सहस्रारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुग्दै पुनः मूलाधारमा आउँदछ । यस अवस्थालाई कालले संक्रमण गर्न सक्तैन, त्यसैले योगी अमर बन्दछ । यही अवस्थामा शक्ति शिवप्रति आरूढ नहुने हो भने, शिवप्रति समर्पित नहुने हो भने, सृष्टि तत्क्षण नष्ट हुन्छ । त्यसैले शिव संकल्पयुक्त अवस्था नै सृष्टिको कल्याणको अवस्था हो भन्ने तथ्य शक्तिको कालीको विग्रहबाट प्रष्ट हुन्छ । शिव कल्याणको स्वरूप हो, शिवमाथि दायाँ पाउले टेकेकी शक्ति काली कल्याणको पथमा अग्रसर भएको अवस्थामा मात्र अभयवर दिने हुन्छिन् भन्ने तथ्यलाई बुझाइएको हो । यसरी सृष्टिको आधा भाग (शिवको बायाँ अंग) लाई मात्र हेरेर चित्त नबुझी संपूर्ण शिवमा छाएको भन्नु सृष्टिको कारण रूप शिवको आधा रूप आधा अंगमामात्र शक्ति संचार हुने हो भने निष्काम शिव कसरी सक्रिय भई भूमिका निर्वाह गर्न सक्नेछन् ?

रक्तरूपी शक्ति, शिवरूपी पदार्थमा छाएपछिमात्र पदार्थको रूपमा रहेको सृष्टिको पदार्थ सक्रिय भई भूमिका निर्वाह गर्न सक्ने हुन्छ। तर यहाँ पनि स्वस्थ जीवन यापनको लागि अर्द्ध चन्द्र र जटामा मुकुटको रूपमा रहनु अमृतद्वारा स्वस्थताको प्रतीक र स्तनभारले नुहिनु भनेको विश्वंभरा भई सृष्टिको पोषणको लागि तत्परता र तीन नेत्र अग्नि, सोम, सूर्यको प्रक्रयाद्वारा सृष्टि, स्थिति र संहार तीनै अवस्थामा तल्लीन भन्ने अर्थ बुझिन्छ । त्यही अवस्थालाई शंकराचार्यज्यूले शक्तिको प्रतीक रातोपन कारणरूप शिवमा छाएको, याने शिवमा पनि शक्तिलाई नै पूर्ण रुपले देख्नु भन्नुभएको हुन सक्तछ । यसरी अद्वैतवादी शंकराचार्यज्यूले अर्धनारीश्वरको स्थितिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझाउँदै स्त्रीपुरुष द्वैत भावलाई एकाकार गरी अद्वैत भावनालाई मूर्तरूप दिन खोज्नु भएको छ ।

जगत्सूते धाता हरिरवति रुद्रः क्षपयते ।
तिरस्कुर्वन्नेतत्स्वमपि वपुरीशस्थिरयति ॥
सदापूर्वः सर्वं तदिदमनुगृण्हाति च शिव –
स्तवाज्ञामालंब्य क्षणचलितयोर्भ्रूलतिकयोः ॥२४॥

रसतरंगिणी

तिम्रो चरणको कृपा पाएर ब्रह्माजी जगत्को सृष्टि गर्दछन्, हरि पालना र रुद्र संहार "कार्यमा समर्थ छन् तापनि तिम्रो भृकुटिको इशाराद्वारा पाइने आज्ञाको पालन गर्दै, निर्दिष्ट कर्तव्यप्रति निष्ठावान् रहिआएका ब्रह्मा, विष्णु, रुद्र, सत्व, रज, तम यी तीन गुणको देवता पनि तिम्रो चरणको आश्रित हुँदा, तिम्रो चरणको पूजा गर्दा सबैको पूजा हुन्छ । तिम्रो चरणको अगाडि कुनै कसैको पनि अस्तित्व रहँदैन । लय क्रम अनुसार ब्रह्मा, विष्णु, रुद्र, ईश्वर, सदाशिव, पृथ्वी, जल, अग्नि, वायु, आकाश, यही पञ्चतत्वका देवता- हरू समय पुगेपछि पृथ्वी जलमा, जल अग्निमा, अग्नि वायुमा वायु आकाशमा लय हुन जान्छ । यसरी ब्रह्मादेखि ईश्वरसम्म पनि लय हुन्छन्, तर कारण–बीजभूत सदाशिवको लय हुँदैन । कारण बीजको लय, नाश हुँदैन । त्यसकारण, सदाशिव ब्रह्मा आदि ईश्वरपर्यन्त सबैलाई आफुमा लीन गरेर तिमीसंग विहाररत्त रहिरहन्छन् र फेरि ब्रह्मादि ईश्वरलाई तिम्रो इच्छाअनुसार अनुग्रहपूर्वक नवजीवन प्रदान गर्दछन् । यही नै तीन गुणको अवस्था हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयाणां देवानां त्रिगुणजनितानां तव शिवे ।
भवेत्पूजा पूजा तवचरणयोर्या विरचिता ॥
तथा हि त्वत्पादोद्वहनमणिपीठस्य निकटे ।
स्थिताह्यते शश्वन्मुकुलितकरोत्तंसमुकुटाः ॥२५॥

रसतरंगिणी

तिम्रो चरण दुईमात्रको पूजा गर्दा तिम्रो चरणबाट प्रकट भएका तीन गुणका अधिष्ठाता मानिने ब्रह्मा, विष्णु, रुद्र, सत्व, रज, तम, तीन गुणका देवताहरूको पूजा पनि हुन्छ; किनभने तिम्रो पाउको नजीकै रहेको त्रिकोण पीठले नै तिम्रो कोमल चरण कमललाई धारण गरिराखेको छ। त्रिकोणबाटै निस्सृत अक्षर गुण पनि भएकाले त्रिकोण पीठस्थ तिम्रो चरण पादुकाको पूजा गर्दा त्रिकोणस्थ देवताको पूजा स्वतः नै हुन्छ। यही त्रिकोणमा नै सत्व, रज, तम, गुण धर्मलाई बोकेका ब्रह्मा, विष्णु, रुद्र, हात जोडेर मुकुटले शोभित शिर तिम्रो चरणमा नुहाइरहने हुँदा तिम्रो चरणको पूजा नै तीन देवको पूजा स्वतः हुन जान्छ।

विरिञ्चिः पञ्चत्वं व्रजति हरिराप्नोति विरतिं।
विनाशं कीनाशो भजति धनदो याति निधनम् ॥
वितन्द्री माहेन्द्री विततिरपि संमीलितदृशा ।
महासंहारेऽस्मिन्विहरति सति त्वत्पतिरसौ ॥२६॥

रसतरंगिणी

महाप्रलयको अवस्था आएपछि ब्रह्माजी पञ्चत्वमा लीन हुन्छन्, याने मर्दछन्। विष्णु योग निद्रामा निमग्न हुन्छन्, याने शेषमाथि योग निद्रामा सुत्दछन्। काल पनि नाश हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुबेर पनि मर्दछन्, हजार आँखा भएका इन्द्र चिरनिद्रामा पर्दछन्। यस्तो महाप्रलयमा पनि हे सती! तिम्रो पति सदाशिव तिमीसंग विहार गरिरहेका हुन्छन्।

दृश्य जगत् र कल्पना सबै नाशवान् छन्। आयुमा धेरै थोरै बाँचे तापनि परिणाममा सर्वसमर्थ ब्रह्मा, विष्णु, रुद्र, इन्द्र, काल, कुबेर आदि पनि दीर्घायु मात्र हुन्, अविनाशी होइनन्। जब महाप्रलयको अवस्था आउँदछ, तिमीबाट शक्ति प्राप्त गरेका ब्रह्मादि देवताहरूबाट आफ्नो शक्ति झिकेर आफैंमा लीन गरेपछि निस्प्रभाव शक्तिहीन देवताहरू मृत्युको ग्रास बन्न पुग्दछन्, तर त्यसबेला तिमी भने सम्पूर्ण सृष्टिको कारण भएका बीजरूपी सदाशिवसंग आनन्दले विहार गरिरहेकी हुन्छयौ। पतिपरायण सती! तिमीमात्र अविनाशी छौ।

जपो जल्पः शिल्पं सकलमपि मुद्राविरचनं ।
गतिः प्रादक्षिण्यं भ्रमणमशनाद्याहुतिविधिः ।।
प्रणामः संवेशः सुखमखिलमात्मार्पणदशा ।
सपर्यापर्यायस्तव भवतु यन्मे विलसितम् ।।२७।।

रसतरंगिणी

मैले बकबक गरेजति तिम्रो जप होस्। मेरो हात हल्लाएर गरिएका काम अथवा कामको लागि हल्लाएको हात तिम्रो खुशीको लागि मुद्रा प्रदर्शन होस्। म जति पनि हिंडडुल गर्दछु त्यो तिम्रो प्रदक्षिणा होस्। मैले जे जति खान्छु ती सबै तिम्रोलागि जठर अग्निमा गरिएको हवन होस्। जब म निदाउँदछु त्यो मेरो साष्टाङ्ग प्रणाम होस्। मेरो सुखका क्षणहरू आत्मारूपिणी तिमीलाई अर्पण होस्। मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैनिक कृयाकलापजति सबै तिम्रो पूजा मानियून् ।

सम्पूर्ण सृष्टिमा महात्रिपुरसुन्दरीको स्थितिलाई अनुभूति गर्न सक्ने अवस्थाका साधकको लागि उक्त अर्चन प्रक्रया हो । प्रकृतिका एक वस्तुलाई अर्को वस्तुमा राखेर पूजा गर्ने प्रकृया अपरा विद्याको हो भने सत्यासत्यको विवेक-द्वारा सत्यको मात्र अवलम्बन गर्ने साधक, जगत्को सम्पूर्ण पदार्थमा जननीको स्थितिलाई हृदयङ्गम गरी सृष्टिप्रति नतमस्तक हुँदै आफ्नो दिनचर्या नै अर्चन प्रकृयामा प्रस्तुत गरी पदकमलबाट चित्तलाई अन्यत्र जान नदिई चिन्तनरत साधक नै पराविद्याको पूजक ठहरिन्छ ।

कतै जानु नपर्ने, सामग्री संकलन गर्नु नपर्ने, रुपियाँ पैसा खर्च जोगिने, मनले चिताएर पूजा गरे पुग्ने, यो प्रकृया हेर्दा साह्रै सजिलो देखिन्छ भने यसरी गरिएका चिन्तन पूजा आदिबाट आफूलाई अनुभूति हुनु यसको पूर्णता पनि हो । त्यसैले योग्य गुरुसंग राम्ररी यो प्रकृया सिक्नुपर्ने हुन्छ ।

सुधामप्यास्वाद्य प्रतिभयजरामृत्युहरणीं ।
विपद्यन्ते विश्वे विधिशतमखाद्या दिविषदः ॥
करालं यत्क्ष्वेडं कवलितवतः कालकलना ।
न शंभोस्तन्मूलं जननि तव ताटङ्कमहिमा ॥२८॥

रसतरंगिणी

जरा मृत्युको भयलाई नाश गर्ने अमृतपान गरेर अमर भएका ब्रह्मा, इन्द्रादि देवताहरू पनि मृत्युको वशमा परी प्राण त्यागदछन् । तर हलाहल विष पिएर पनि भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवको अन्त्य कहिल्यै भएन। यो सबै तिम्रो रत्नजडित कानमा लगाएको गहना (ताटङ्क) को प्रभाव हो र कहिल्यै नहराउने, नाश नहुने सौभाग्यको कारण हो।

नित्यअमृत पान गरेर अमर भएका, जरा, मृत्यु आदिको भयबाट उद्धार गर्ने, सर्वसमर्थ ठानेर उपासना आदि गरिएका ब्रह्मादि देवता गणले पनि आखिरमा प्राण त्याग्नु पर्दछ। तर तत्काल प्राण हरण गर्ने हलाहल विष पिएर पनि शिव कहिल्यै नाश हुनुभएन, त्यो सबै तिम्रो सौभाग्यको कारण र तिम्रो कानमा लगाएको ताटङ्क (कानको गहना) को महिमा हो। यहाँ कानको गहनाको शिवसंग के सम्बन्ध ? वेद श्लोकमा भनिएको छः–

"वामे कर्ण शशिश्च दक्षिण रविर्गण्डस्थले कुण्डलम्।
नासा मौक्तिककण्ठहारसुभगे केचित्प्रसन्ना इव।"

यो श्लोक अनुसार बाँया कानमा चन्द्रमा, दायाँ कानमा सूर्यको गहना पैन्हिएकी भन्ने बुझिन्छ। चन्द्रनाडी र सूर्यनाडी इडा र पिंगला हुन् र अग्नि सोमका प्रतीक पनि हुन्।

'अग्निसोमयुगं योगं भानुर्भूत्वा चराचरम्।

यसरी अग्नि र सोमको बराबरी भाग मिलेर नै सूर्य चराचरमा सृष्टिको मूल भूमिका निर्वाह गर्ने माध्यम बनेका हुन्। सूर्य चन्द्र नाडीबाट प्रवाह हुने अग्नि सोम त्रिकोण पीठमा मिल्दछ र सुषुम्ना नाडीद्वारा माथितिर प्रवाह हुन्छ अनि त्यो अमृत सम्पूर्ण स्नायुरूपी देवताहरूले पान गर्दछन्, याने वैखरीको रूपमा षट्चक्रमा रहेकी वर्णमातृकाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तनमा रत रहँदै तर्पण अर्चन आदि क्रिया गर्दै नाद श्रवणमा तल्लीन रहेका शिवले हलाहल पिउँदा कण्ठ स्थलमा तिम्रो सोन्ह कलाले त्यो विष हरण गरी नीलकण्ठ भन्ने नामले शिवको महत्ता बढायौ। शिवले त्यो विष आफुले पिएको नभई तिमीलाई–

"धर्माधर्महविर्भुक्ता आत्माग्नौ मनसा श्रुचा–
सुषुम्नावर्त्मना नित्यमक्षवृत्तीर्जुहोम्यहम्"।

भोज्य पेय वस्तु अ देखि क्ष सम्म तिम्रो वर्ण मातृका-रूपी स्वरूपमा समर्पण गर्ने प्रक्रयाद्वारा गरिएको समर्पण भएर नै तत्काल कण्ठस्थलमै विष शोषण गरी शिवलाई बचायौ। यही नै कर्णभूषणको महत्ता हो।

किरीटं वैरिञ्च्यं परिहर पुरः कैटभभिदः।
कठोरे कोटीरे स्खलसि जहि जंभारिमुकुटं॥
प्रणम्रेस्वेतेषु प्रसभमुपयातस्य भवनं।
भवस्याभ्युत्थाने तव परिजनोक्तिर्विजयते ॥२९॥

रसतरंगिणी

सुप्त अवस्थाकी कुण्डलिनी शक्ति जागृत भएपछि पर शिवसंगको मिलनको व्यग्रताले सुषुम्ना मार्गबाट माथि-तिर लाग्दा, मूलाधार चक्र इन्द्र, स्वाधिष्ठान चक्र ब्रह्मा, मणिपूर चक्र विष्णुको ठाउँ भएकोले परमस्वामिनी महा-शक्तिको आगमनमा नत मस्तक हुँदा कतै ती मुकुटमा त ठक्कर खाँदैन? त्यसैले मुकुटलाई एकातिर पन्छाउ भन्दै चक्रस्थ मातृकाहरू याने जब कुण्डलिनीशक्ति प्रत्येक चक्र प्रवेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछे, त्यस बेला चक्रस्थ मातृकावर्णहरू नाद प्रसार गर्दछन्। योगीलेमात्र अनुभूति गर्न सक्ने अवस्था हो यो। शक्तिको आगमनले सजीव भएका चक्रस्थ मातृकाक्षरहरू प्रत्येक कमलपत्रमा वैखरी (वर्ण) अनुसार शब्द निकाल्छन्– त्यसैलाई बुझाउन परिजनहरूको स्वर भनिएको हो। त्यस्तै, परशिव मूलाधार आउँदा पनि त्यही प्रक्रया दोहोरिने हुन्छ। यसको विशेष प्रक्रया साधना नगरी ज्ञान हुँदैन, त्यसैले योग्यविज्ञ गुरुद्वारा सिक्नु उत्तम हुन्छ।

स्वदेहोद्भूताभिर्घृणिभिरणिमाऽऽद्याभिरभितो ।
निषेव्ये नित्ये त्वामहमिति सदा भावयति यः ।
किमाश्चर्यं तस्य त्रिनयनसमृद्धिं तृणयतः ।
महासंवर्ताग्निर्विरचयति नीराजनविधिम् ॥३०॥

रसतरंगिणी

तिम्रो सेवा गर्ने भक्त आफ्नै शरीरबाट निस्किरहेका अणिमादि अष्टसिद्धिहरूले घेरिएर हिंड्छ। त्यस्तो भक्तले आफूलाई तिम्रै रूप मानेर सधै चिन्तनरत रहन्छ। त्यस्ता साधकको लागि त्रिनयनको संमृद्धि पनि तुच्छ हुन्छ भने त्यस्ता साधकको लागि संवर्ताग्निले नीराजन आरती गरिरहेको हुन्छ।

रहस्यार्थः– साधकले प्रत्येक चक्रमा महात्रिपुरसुन्दरीको स्थितिलाई अनुभूति गर्ने भई आफूलाई महामायाकै विग्रह मान्ने हुँदा, नित्य अर्चन प्रक्रयामा नै रहिरहने भएकोले अणिमा आदि नाम गरेका अष्टसिद्धि उसको अघिपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागिरहेका हुन्छन् । त्यस्ता साधकको मनोदशा काम, भोग, विलासबाट हटिसकेको हुँदा (चन्द्र, सूर्य, अग्नि यही त्रिनेत्र हो र यसबाटै सम्पूर्ण सृष्टि जगत्को वैभव उत्पन्न भएकोले) त्यसतर्फ साधकको चित्त जाँदैन र संवर्त (प्रलयकालको अग्नि) ले त्यस्ता साधकहरूको विग्रह सम्पूर्ण सृष्टिमा नै फैलिने (याने महावाक्य प्रतिपादित गरेको अवस्था) भएकोले नीराजन गरेको भनिएको हो ।

चतुष्षष्टया तन्त्रैः सकलमतिसन्धाय भुवनं ।
स्थितस्तत्तत्सिद्धिप्रसवपरतन्त्रैः पशुपतिः ॥
पुनस्त्वन्निर्बन्धादखिलपुरुषार्थैकघटना–
स्वतन्त्रं ते तन्त्रं क्षितितलमवातीतरदिदम् ॥३१॥

रसतरंगिणी

विभिन्न सिद्धिको कामना गर्नेहरूको लागि भगवान् पशुपतिले चौंसट्ठी तन्त्र प्रकाश गर्नुभयो र त्यसमा बताइएका सिद्धिजालमा अल्झेर त्यसमै उल्लेख भएका सिद्धि प्राप्ति गर्न साधकहरू लागिरहन्छन् । तिम्रो आज्ञाले समस्त सिद्धि र पुरुषार्थ दिने तिम्रो त्रिपुर–आगमको रहस्यको रूपमा यो सौन्दर्यलहरी प्रकाश भएको हो ।

जति पनि तन्त्र छन्, एक न एक सिद्धिको लागि निर्माण गरिएका, भवबन्धनबाट र संसारसागरबाट पार नगराउने छन् । तिम्रो ऊर्ध्वाम्नायको आगम विद्या समस्त भोग र मुक्ति दुवै प्रदान गर्ने विद्या हो र शिवकै अवतार मानिनुभएका आदि शंकराचार्यज्यूले प्रकाश गर्नु भएको हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवः शक्तिः कामः क्षितिरथ रविः शीतकिरणः ।
स्मरो हंसः शक्रस्तदनु च परामारहरयः ॥
अमी हृल्लेखाभिस्तिसृभिरवसानेषु घटिताः ॥
भजन्त्येते वर्णा स्तव जननि नामावयवताम् ॥३२॥

रसतरंगिणी

शिव, शक्ति, कामदेव, पृथ्वी, सूर्य, चन्द्र, कन्दर्प, हंस, शक्र र परा, काम, विष्णु, यी तीनको योगबाट निर्मित माया बीजसमेत गरी आमा ! तिम्रो हादि मन्त्र बन्दछ । यस मन्त्रलाई जप गरेर ब्रह्मादि देवताले पाउन नसक्ने निर्वाण पद पाउँदछन् ।

शिव,"ह"शक्ति"स" काम "क" पृथ्वी "ल" रवि "ह" परा "स" स्मर "क" हंस "ल" हर "ह्रीं, हसकहल सकलह्रीं यो हादि विद्या हो ।

"हसकहल ह्रीं कएईलह्रीं सकलह्रीं यो हादि विद्या ब्रह्मादि देवताले पाउन नसक्ने निर्वाण पद प्राप्त गर्ने विद्या हो ।

स्मरं योनिं लक्ष्मीं त्रितयमिदमादौ तव मनो–
र्निधायैके नित्ये निरवधिमहाभोगरसिकाः ॥
भजन्ति त्वां चिन्तामणिगुणनिबद्धाक्षवलयाः ।
शिवाग्नौ जुह्वन्तः सुरभिघृतधाराऽऽहुतिशतैः ॥३३॥

रसतरंगिणी

स्मर "क" योनि "ए" लक्ष्मी "श्री" यो तीन मन्त्रलाई तिम्रो मन्त्रको अगाडि धारण गरेर नित्य परशिवसंग महाभोगमा संलग्न रहेकी तिम्रो चिन्तन गर्ने चिन्तामणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अ देखि क्ष सम्मको अक्षरको मालामा मन्त्रलाई उनेर विद्वान्ले गाईको घीउको धाराले शिवाग्निमा हवन गरेमा मनले चिताएजस्तै फल पाइन्छ ।

यसमा जे लेखेतापनि काम पहिलो कूट, योनि दोश्रो कूट, लक्ष्मी तेश्रो कूटलाई मान्नु पर्दछ। शिवाग्नि भनेको शरीरमा फैलिएको कामाग्निलाई मान्नु पर्दछ । सुरभि घृत-धारा। सुरभि गाई पनि हुन् गंगा पनि हुन्। शरीरस्थ घृत-कामाग्निद्वारा पगाली मूलाधार चक्रस्थ अथवा सहस्रार चक्रस्थ परशिवसंग एकाकार भैरहेकी कुण्डलिनीलाई अक्ष मालाको क्रमले चिन्तनद्वारा आहुति दिनु हो । यही क्रम, काली क्रममा आएर योनिपद्मस्थ गव्हरवासिनी कुलकुण्डलिनीलाई मज्जा शुक्र धातुद्वारा आहुति दिनु हो ।

आबाल ब्रह्मचारी शंकराचार्यलाई विद्वान्हरूले कामकलाप्रति जतिसुकै अनभिज्ञ ठाने पनि प्रयोगात्मक पक्षलाई मन्त्र– उद्धारको क्रममा टुंग्याई वहाँको प्रतिष्ठाप्रति नतमस्तक भए पनि वास्तविक व्यवहारिक पक्ष पूर्ण हुँदैन, तर मण्डन मिश्रकी पत्नी भारतीसंग शास्त्रार्थ गरी पराजित भएका शंकराचार्यले उनलाई गुरु मानी प्रथम पीठ शारदा पीठ शृंगेरीमा स्थापना गरिसकेका शंकराचार्य अपूर्ण पक्कै थिएनन् ।

शरीरं त्वं शंभोः शशिमिहिरवक्षोरुहयुगं ।
तवात्मानं मन्ये भगवति भवात्मानमनघं ॥
अतः शेषः शेषीत्ययमुभयसाधारणतया ॥
स्थितः संबन्धो वां समरसपरानन्दपरयोः ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

तिम्रो शरीर शिव हो। त्यसैले त चन्द्र सूर्य तिम्रा दुइ स्तन भएका हुन्। संपूर्ण सृष्टिमा फैलिएको शिव तत्व तिम्रै आत्माको विकास हो। शेष र शेषी यी दुईमा कुनै भेद नहुनाले आनन्दस्वरूप शिवसंग पराशक्तिको योग हुँदा प्रकट हुने सृष्टि युगयुगदेखि अविच्छिन्न रहिआएको छ।

ब्रह्माण्डमा फैलिएको सृष्टिजगत्का पदार्थहरूमा हेर्दा चन्द्रद्वारा पोषित र सूर्यद्वारा संरक्षित छन्। त्यस्तो पदार्थमा भएको लावण्य, मोहकता, आकर्षण नै शक्ति तत्त्व हो भने त्यसबाट पाइने आनन्द शिव तत्त्व हो। यसरी सृष्टिजगत्का पदार्थहरूमा भिन्नभिन्न प्रक्रया अनुभूति हुने हुँदा शिवका र शक्तिका गुण छुट्याउनै नसकिने गरी मिसिएका छन्। यसलाई अनुभूतिद्वारा मात्र जानिन्छ। किनभने यसको रूप, रंग, आकार हुँदैन; कणदेखि लिएर अनन्तकोटि ब्रह्माण्डसम्म फैलिन सक्ने क्षमता नै यसको गुण हो।

मनस्त्वं व्योमस्त्वं मरुदसि मरुत्सारथिरसि।
त्वमापस्त्वं भूमिस्त्वयि परिणतायां नहि परम्।
त्वमेव स्वात्मानं परिणमयितुं विश्ववपुषा।
चिदानन्दाकारं शिवयुवति भावेन बिभृषे ॥३५॥

रसतरंगिणी

मन तिमी हौ, आकाश पनि तिमी हौ, आगो, जल, पृथ्वी, वायु पनि तिमी नै हौ, तिमी नै शिवको बाँया भाग पनि हौ। सृष्टिजगत्मा अरूको हैन, तिम्रै स्थिति व्याप्त छ। शिवकी अर्द्धाङ्गिनी भएको परिणाम नै सृष्टि जगत्का पदार्थमा तिम्रो विद्यमान स्थिति हो। तिम्रो विश्वरूपमा संपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थमा विभिन्न अवस्थामा फैलिएकी तिमी नै हौ। त्यसकारण संपूर्ण जगत् तिम्रो लीलागार हो । र त्यो सबै पदार्थमा तिमी नै सच्चित् आनन्दस्वरूप छ्यौ ।

अग्नि सोममय विसर्ग युगल बिन्दु नै शिव शक्त्मात्मक बिन्दु हुन् । अग्निको रापले पग्लिएर क्षरण भएको सोम नै शिवात्मक कारण तत्वलाई प्रकृतिका पाँच पदार्थ पृथ्वी, जल, तेज, वायु, आकाशको रूपले बेन्हेर अग्नि शक्तिले पदार्थलाई आफ्नो कलाद्वारा प्रदर्शन गर्दा त्यही नै सृष्टिको पदार्थ हो र अग्निको प्रवाह बढेमा सृष्टि संहारप्रति उन्मुख हुन्छ। अग्नि र सोमको बराबर भागको स्थिति नै स्थित्यात्मक सूर्य हो। यसरी सोम, कारणरूप शिव, अग्नि, शक्तिको कारण नै संपूर्ण सृष्टिमा विद्यमान पदार्थ शिव शक्त्यात्मक हुन्। यही नै विश्वरूप पनि हो । यसरी शिवकी अर्धाङ्गिनी भएर संपूर्ण सृष्टिजगत्मा चिदानन्दस्वरूपले रहेकी पनि तिमी याने शक्ति नै हौ ।

तवाज्ञाचक्रस्थं तपनशशिकोटिद्युतिधरं ।
परं शंभुं वन्दे परिमिलितपार्श्वं परचिता ॥
यमाराध्यन्भक्त्या रविशशिशुचीनामविषये ।
निरातंके लोके निवसति हि भालोकभवने ॥३६॥

रसतरंगिणी

आज्ञाचक्रमा तिमी करोडौं चन्द्रमाको प्रकाश फैलाएर बीचमा बिजुली चम्केजस्तै आभा छरेर बसकी छ्यौ । शिवलाई आफुप्रति आकृष्ट गर्दै एकाकार हुन बायाँतिर याने पार्श्व भागमा बसेकी तिमीलाई चिनेर अग्नि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्र, सूर्यको प्रकाशभन्दा पनि पर रहेकी आफ्नो प्रकाशले नै अनन्त कोटि ब्रह्माण्डलाई प्रकाशित गर्ने भएकी यस्ती तिमीलाई भक्तले भक्तिपूर्वक ध्यान आराधना गर्नाले निर्विघ्नपूर्वक तिम्रो वर पाई लोकमा वास गर्दछ ।

यो ध्यान गर्ने प्रक्रया हो । सृष्टिको तीन अवस्था छ, सृष्टि, स्थिति र संहार । संहार क्रम लीन प्रक्र्या हो । त्यसैले भ्रूमध्यमा करोडौं चन्द्रमाको जस्तो शीतल प्रकाश मण्डलको बीचमा पछिल्लो कूटको एकमाथि अर्को अक्षरको ध्यान गर्नाले तिमीबाट अभीष्ट वर पाई निर्विघ्नपूर्वक संसारमा रहन्छ ।

विशुद्धौ ते शुद्धस्फटिकविशदं व्योमजनकं ।
शिवं सेवे देवीमपि शिवसमानव्यवसितां ॥
ययोः कान्त्या यान्त्या शशिकिरणसारूप्यसरणीं ।
विधूतान्तर्ध्वान्ता विलसति चकोरीव जगती ।३७।

रसतरंगिणी

तिमी बसेको विशुद्ध चक्रमा स्फटिक जस्तै व्योम फैलाउने शिवद्वारा सेवित देवी तिमी पनि शिवजस्तै देखिन्छ्यौ । जसको कान्ति चन्द्रमाको शीतल किरणजस्तै सबै प्रकारको ताप शमन गर्ने याने हृदयको संपूर्ण अन्धकारलाई नाश गर्ने शीतल प्रकाश हो । सृष्टि जगत्को पदार्थको हृदयस्थ अन्तर्ध्वनि प्रसन्न भएर चन्द्रमालाई चकोरीले हेरे जस्तै हेर्दछ्यौ ।

यो प्रसङ्ग विशुद्ध चक्रको हो । विशुद्ध चक्र शुद्ध मातृका चक्र हो जहाँ अदेखि अःसम्म १६ मातृकाको रूपमा रहेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिन् भने वीचमा शुद्ध स्फटिकजस्तो शिवको सफा शुद्ध आभाद्वारा प्रेरित ; तिमी नै सृष्टिप्रति प्रेरित भएर संपूर्ण जगत्मा चकोरीले हेरेजस्तै हेरेर सबै जीवको अन्तरध्वनि-लाई सुन्ने जान्ने वुझ्ने तिम्रो स्वरूप शिवजस्तै छ याने कल्याण पथप्रति अग्रसर अवस्थामा शिवसमान नै देखिन्छ्यौ। यस्ती तिम्रो विशुद्ध चक्रमा ध्यान गर्नाले संपूर्ण मनको कालो हटेर शुद्ध ज्ञानरूपी प्रकाशको उदय हुन्छ ।

विशुद्ध चक्र नै शुद्ध मातृका चक्र हो । यहाँ शिव बीचमा अलग्ग बसेका छन् । अन्य सबै चक्रमा शिव शक्तिको योग छ ।

समुन्मीलत्संवित्कमलमकरन्दैकरसिकं ।
भजे हंसद्वन्द्वं किमपि महतां मानसचरं ॥
यदालापादष्टादशगुणितविद्यापरिणति –
र्यदादत्ते दोषाद् गुणमखिलमद्भ्यः पय इव ।३८।

रसतरंगिणी

संपूर्ण पदार्थमा मातृ-तत्व र पितृ-तत्व मिलेर नै पदार्थ बनेको हुन्छ, जसलाई अग्नि, सोम पनि भन्दछन् । स्थितिको अर्थ रहनु हो। त्यसैले अग्नि र सोमको बराबर भाग मिलेपछि संवित् कला (सूर्य) नै स्थितिको कारण तत्व हो । यही तत्वलाई जानेर योगीहरू मृत्युलाई पर पन्छाउन सक्ने हुन्छन् । अर्को अर्थमा भन्ने हो भने यही नै अर्द्ध नारीश्वर शिव शक्तिको एकाकार मृत्युञ्जय हो । जसको रहस्य-लाई जानेर सहस्रार चक्रमा ध्यान गर्नाले अवश्य मृत्युलाई जित्ने भइन्छ । यसरी वैखरीको माध्यमबाट यसलाई हंस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या पनि भन्दछन् । हंस विद्याको एकाकार गराउने क्रमलाई नै निर्वाण पद भनिन्छ । यसरी निर्वाणको रात दिन चिन्तन गर्नाले अठार विद्या खुल्दछ । याने महामन्त्र-द्वारा प्राप्त हुने ज्ञानले संपूर्ण तत्वको ज्ञाता बन्दछ र सृष्टिका गुण र दोषलाई हाँसले दूध र पानी छुट्याएजस्तै छुट्याउन सक्ने हुन्छ । यहाँ गुण दोष भन्नाले सत्यासत्यको विवेकको उदय हुनु हो । वास्तविकतातिर विचार गर्ने हो भने नाश नहुने वस्तु तत्वलाई नै सत्य मान्नु पर्दछ भने नाश हुने पदार्थ तत्व सबैलाई दोष मानेर त्याग्नु पर्दछ । यहाँ त्याग्नु-को अर्थ मन नलगाउनु मात्र हो । संग्रह नगर्नु होइन ।

तव स्वाधिष्ठाने हुतवहमधिष्ठाय निरतं ।
तमीडे संवर्तं जननी महतीं ताञ्च समयाम् ।
यदालोके लोकान्दहति महति क्रोधकलिते ।
दयार्द्रा या दृष्टिः शिशिरमुपचारं रचयति ।।३६।।

रसतरंगिणी

हे आमा, तिम्रो स्वाधिष्ठान चक्रमा अग्नि रहेको छ । त्यो अग्निले निरन्तर जलाइरहने भएकोले संवर्त अग्नि नाम हो । जब संवर्ताग्निले पोल्न थाल्दछ त्यस बेला तिमी महासमया बन्दछ्यौ र संवर्त अग्निद्वारा पीडित-प्रति आफ्नो महती करुणा वर्षा गरेर शीतलता प्रदान गर्दछ्यौ । रुद्रको क्रोधद्वारा उत्पन्न संहारकारक संवर्ताग्नि-बाट संसारलाई जलाउन थालेको बेला तिम्रो दया दृष्टिले-मात्र शीतलता प्रदान गर्दछ । यसबाट नै तिम्रो करुणाको महत्व छर्लङ्गिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाधिष्ठान चक्र जल तत्व हो, जहाँबाट अमृत तत्त्वको संचार हुन्छ। मणिपूर चक्र अग्नि तत्व संवर्त मण्डल हो। यही चक्रमा वासना घीउले सारिए जस्तै वासनाले सारिएको हुन्छ। क्रमशः स्फुरण हुन्छ। त्यसको विकास हृदय अनाहत चक्रमा हुन्छ। जस्तै– पृथ्वीमा बलेको आगोको राप, धुवाँ वायु मण्डलमा फैलिन्छ, त्यस्तै वासना पनि नाभि चक्रबाट उठेर हृदयमा विकास गर्दछ, अनि इच्छा शक्तिद्वारा शरीरस्थ देवताहरूलाई सूचित गर्दछिन्। अनि मन लाग्दछ र वासनालाई कसरी भोग्ने भन्ने प्रक्रया याने उपाय खोज्दछ, अनि ज्ञान शक्तिको रूपमा उसको बुद्धिमा प्रकट हुन्छिन्, अनि प्राप्त ज्ञान अनुसार कार्यान्वयन गर्दछ। त्यस बेला क्रिया शक्तिद्वारा कार्यान्वयन हुन्छ। यही इच्छा क्रिया, ज्ञान, शक्तिको भूमिका हो भने स्वाधिष्ठान चक्रमा अमृत कुण्डमा रहेकी तिमीले नै (वासनाको याने संकल्पको बन्धन र संचित वासनाको कारण उपलब्ध बन्धन नै क्षणिक सुखको अनुभूति भए पनि परिणामतः कष्ट र दुःखदायक घटनाहरूको कारण, धर्म र सत्यबाट विमुख भएको कारण क्रुद्ध रुद्रले संवर्त अग्नि फैलाई जलाउन थाल्दछन्। यही पोल्ने प्रक्रया पीर चिन्ताको हो। यसरी पीरले छटपटाइरहेको अवस्थामा अन्यत्रबाट याने बल बुद्धि शक्ति सामर्थ्यद्वारा त्राण नपाएपछि स्वाधिष्ठान चक्रमा रहेकी तिमीलाई पुकार गरेमा) शिवशक्तिको योगबाट निर्मित सुधाको वर्षा गरेर संपूर्ण संताप नाश गर्दछ्यौ। यसलाई ताराका प्रक्रयाबाट जान्नु उपयुक्त ठान्दछु। संतापबाट पिल्सिएको याने विषबाट जलेका शिव जीवलाई अमृतरूपी स्तन पान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराएर अमर बनाउनुको अर्थ पीडित जीवलाई स्वाधिष्ठान चक्रमा बसेकी तारिणीले अमृत पान गराई वासनारूपी लिप्सालाई छुराले खुर्किएर अज्ञानरूपी अन्धकारलाई ज्ञान रूपी खड्गले छिमलेर, खप्परले अमृत सेचन गर्दै, भक्तलाई निर्भयपूर्वक बाधापाश कर्मबन्धनबाट मुक्त गर्दै मोक्ष मार्गतिर अग्रसर गराएको प्रतीक हो। यस्ती मुक्तिदायिनी तारा नै संवर्त अग्निबाट जलेको सृष्टि संसारलाई करुणाको दृष्टिले हेर्दै अमृत-सिंचन-पानको प्रक्रियाद्वारा दुःख-मुक्त गरेर शीतलता प्रदान गर्दै मोक्षमार्गतिर अघि बढाउँदछिन्। यो श्लोकलाई यसरी बुझ्नु लाभदायक ठान्दछु।

तडित्वन्तं शक्त्या तिमिरपरिपन्थिस्फुरणया ।
स्फुरन्नानारत्नाभरणपरिणद्धेन्द्रधनुषम् ॥
तव श्यामं मेघं कमपि मणिपूरैकशरणम् ।
निषेवे वर्षन्तं हरमिहिरतप्तं त्रिभुवनम् ॥४०॥

रसतरंगिणी

अन्धकारको बाटो लागेका साधकहरूको हृदयमा बिजुली चम्केजस्तै गरी तिम्रो शक्तिको प्रकाशको स्फुरण हुँदा तिम्रो शरीरबाट प्रस्फुटित दिव्य तेज तिमीले पहिरिराखेको नाना थरिका रत्नहरूमा पर्दा ती रत्नहरूबाट निस्केका रंगीचंगी प्रकाशहरू इन्द्र धनुषजस्तै देखिन्छन्। संवर्त मार्तण्ड रुद्रको तेजबाट पिल्सिएकाहरूलाई तिम्रो कालो बादलजस्तो स्वरूप भएको शक्तिद्वारा मणिपूर चक्रमा अमृत वर्षा गरेर शरण दिन्छयौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ परा र अपराको स्थिति-भेदलाई बुझाउन खोजिएको छ। अविद्या मायाद्वारा रचित पदार्थप्रति नै आस्थावान् रही संसारिक वस्तुलाईनै सत्य ठानी तिनै वस्तुको प्राप्तिको लागि नै रात दिन कर्म गर्नु, त्यसैमा मनचित्त लगाइरहनु नै अन्धकारमय बाटो लाग्नुहो। त्यस्ताको लागि करोडौं चन्द्रमाको जस्तो शीतल प्रकाशले पूर्ण तिम्रो परापादुकाको स्मृति हुँदैन। त्यस्ताको चित्तमा तिम्रो दिव्य विग्रह (शरीर) बाट प्रस्फुटित तेज तिमीले लगाई राखेको नाना थरीका रत्नमा पर्दा ती रत्नबाट निस्केका नाना थरीको रंगीन पुञ्ज, जुन संसारमा फैलिएका सृष्टिका पदार्थको रुपमा देखिन्छन् र हेर्दामा इन्द्र धनुषजस्तै राम्रो देखिन्छन् तर वास्तवमा अन्धकारमा बिजुली चम्कँदा उदाउने क्षणिक उज्यालोजस्तै तिम्रो अपरा शक्ति हुन्। तिम्रो अपरा शक्तिको आश्रय लिएका जीवहरूलाई रुद्रद्वारा वासनाको अग्निले जलाइरहेको हुन्छ। यस्ता व्यक्ति संसारिक वस्तु प्राप्त नहुँदा छटपटाइरहन्छन् र असीमित इच्छा पूर्तिको लागि तन मनले रात दिन प्रयत्नशील रहन्छन्, तैपनि नपाउँदा छटपटाइरहन्छन्। यस्ता साधकको लागि मणिपुर चक्रमा, चिताएकोजस्तै फल दिने कालो बादल समानको तिम्रो अपरा शक्ति, कालीको रूपमा त्यस्ता असीमित इच्छाको भारी बोकेका जीवको लागि अमृत समान फलको तिम्रो कृपाको वर्षा गरी शान्त पार्दछ। इन्द्र धनुषजस्तै रंगीन सांसारिक पदार्थ प्रदान गर्ने कालीको रूपमा तिमी नै याने, तिम्रो शरीरबाट निस्केको प्रकाश रत्नहरूमा पर्दा निस्केको रंगीन रश्मिपुञ्ज इन्द्रधनुष-जस्तो राम्रो संसारमा तिम्रै अपरा शक्ति, कालीको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारिक पदार्थ प्रदान गरी संकल्पको रूपमा उदय भएको वासनालाई भोगाउँदछिन्। यसरी वासनाको क्षय भोगेर मात्र हुने हुँदा भोगिसकेपछि तिम्रो परा विद्याद्वारा अभय प्रदान गरी शरण दिने कालिकाको ध्यान मणिपुर चक्रमा गरेर संसारिक पदार्थ भोगको वरदान पाउन सकिन्छ।

तवाधारे मूले सह समयया लास्यपरया ।।
नवात्मानं मन्ये नवरसमहाताण्डवनटं ।।
उभाभ्यामेताभ्यामुदयविधिमुद्दिश्य दयया ।
सनाथाभ्यां जज्ञे जनकजननीमज्जगदिदं ।।४१।।

रसतरंगिणी

तिम्रो आधार रहेको मूलाधार चक्रमा तिमी समयासंग लास्यरत छ्यौ। नवात्मालाई मान्ने हो भने शरीरमा उत्पन्न हुने नवरसरूपी महाताण्डवमा काल निमग्न छन्। ब्रह्माजी-को नव संरचना यो जगत् तिमी दुइकै दया हो। याने तिमी र महाकालको लास्य र ताण्डवद्वारा उत्पन्न यो सृष्टि सबै नै तिमी र शिवमय छ, त्यसकारण संपूर्ण सृष्टिका पदार्थहरूलाई बारबार नमस्कार गर्दछु।

यहाँ शिव-शक्तिको अभेद लास्य र ताण्डव नृत्यद्वारा संरचित सृष्टि नै शिव-शक्तिमय छ भन्न खोजिएको छ। अब लास्य र ताण्डव के हो त्यसतर्फ लाग्नु उचित ठान्दछु। लास्य र तण्डव नृत्य-विधा हुन्। नृत्यविधा अनेकौं छन् र त्यत्ति नै गहन पनि। अब यहाँ लास्य, प्रदोष, र ताण्डव तीन विधा प्रस्तुत गर्ने प्रयास गर्दछु। लास्य-नृत्य शक्तिद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिने नृत्य हो। यसका द्रष्टा शिव हुन्। ताण्डव-नृत्य शिवद्वारा गरिने नृत्य हो। यसका द्रष्टा मात्र शक्ति हुन्। प्रदोष-नृत्य दिनको अन्त्य, रातको उदय अर्थात् सन्ध्या कालमा पार्वतीलाई प्रसन्न गर्न शिवले संपूर्ण भूतगणको साथमा गरेको नृत्य हो। मूलाधार चक्रस्थित स्वयंभूलिङ्गलाई अङ्गालो हालेर शिवप्रति समर्पित भई आफ्नो चेष्टा सबै मात्र शिवमा नै समर्पण गरेर निश्चेष्ट अवस्था अथवा सुषुप्त अवस्थामा रहेकी शक्ति सम्पूर्ण सृष्टिमा शिवसंग अभेद स्थितिमा आबद्ध रहेकी छन्। जस्तै, बीजरूपी शिवलाई शक्तिरूपी रस (रक्त) ले आबद्ध गर्दछ। अनि त्यही कारण-तत्व शिव-रूपी बीज, वासनारूपी गन्धको परिधिमा शक्तिरूपी रसको संयोगमा शिवशक्यात्मक रूपमा परिणत हुन्छ; सृष्टि हुन्छ। त्यसैले बीजरूपी शिव र रक्तरूपी शक्तिको योग भएपछिको रूप शिवशक्तिको अभिन्न स्थिति अर्द्धनारीश्वरको रूपमा प्रकट भएको हुँदा सम्पूर्ण सृष्टि शिवशक्त्यात्मक हुनाले वन्दनीय छ। यसरी आरोपण गरिएको बीज अंकुरित भएदेखि नाश भएसम्म हुने परिवर्तन नै लास्य-नृत्य हो। याने प्रकृतिमा हुने प्राकृतिक परिवर्तनलाई नै लास्य-लीला (नृत्य) मान्नु पर्दछ। अब बीजरूपी शिव पितृ अंश र शुक्र-संग आबद्ध शुक्र, मज्जा, अस्थि, (हाड) यी तीन तत्व पितृ अंश र छाला, रगत, मासु, बोसो, यति चार तत्त्व मातृ अंश र चित्त र अहंकार भन्नाले मातृ र पितृ अंशबाट बन्ने शरीरमा चित्तरूपी क्षेत्रमा शिवरूपी अहंकारको उदय नौ प्रकारबाट भएको हुन्छ, (याने छाला, मासु, रगत, बोसो मातृ अंश र वीर्य, हाड, मज्जा, यति पितृ अंश)। चित्त क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदय हुने शिव यति नै नवात्मा याने नव योनि हुन् । श्रीचक्र-बाट चार शिव, पाँच शक्ति गरी नौ मिथुन चक्रद्वारा निर्माण भएको विग्रह (शरीर) देखाइएको हो । यसरी नौ आत्मा-द्वारा निर्मित शरीरमा शिवले नौविधामा आफूलाई प्रकट गर्दछन् । यही नौविधालाई साहित्यकारले नवरस भनेका छन् । वास्तवमा शिवको ताण्डव भन्नु पनि यही नै हो । पल विपलबाट महाकालसम्म पुगेको समयभित्र घटी, पल, दिन, सप्ताह, पक्ष, मास, ऋतु, वर्ष सबै समाहित छन् । यसरी प्रत्येक पलदेखि वर्षसम्म हुने परिवर्तनलाई लास्य र त्यही लास्यसंगसंगै देखापर्ने श्रृङ्गार, वीर, करुण, अद्भुत, हास्य, रौद्र, भयानक, वीभत्स, शान्त गरी यिनै नवरस नौ प्रकारबाट प्रकृतिस्थ पदार्थमा देखापरिरहेको पनि शक्तिको लास्यसंगै शिवको ताण्डव नृत्य हो ।

अब शक्तिबिना आफु निस्प्रभ रहनु पर्ने सत्यलाई सकार्दै शिवले (दिन र रातको योग सन्ध्या कालमा, पृथ्वी, जल, तेज, वायु आकाश यी पञ्च भूतलाई भूतगण भनेको हो, याने यही पाञ्चभौतिकद्वारा निर्मित विग्रह सबै नै भूतगण हुन् । यस्ता भूत गणको लागि नै शक्ति परम आवश्यक पर्दछ त्यही शक्ति प्राप्तिको लागि) शक्तिलाई प्रसन्न गर्ने क्रममा पार्वती अगाडि गर्नुभएको नृत्यलाई प्रदोष नृत्य भनिन्छ ।

लास्य नृत्यद्वारा शक्तिले शिवलाई प्रसन्न गराएको भन्नु र आफुप्रति आकर्षण गरेको भन्नु एउटै कुरा हो । शिवले प्रदोष नृत्यद्वारा शक्तिलाई प्रसन्न गरेको भन्नु र आफु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रति आकर्षित गरेको भन्नु पनि कुरो उही हो। यसरी सृष्टिमा हेर्ने हो भने हाउभाउ गीत नाच सबै विधा एकले अर्को-लाई रिझाउनु र आफूप्रति आकर्षण गर्नुबाहेक अरू के त ? यसरी लास्य र प्रदोष नृत्यलाई हेर्ने शिवशक्त्यात्मक जगत्-को भावना दृढ भएको हुनु पर्दछ, अन्यथा वासनाको पाशमा बाँधिन्छ । ताण्डवको वास्तविकता परिवर्तन हो; लास्य नृत्यमा विग्रहको मात्र परिवर्तन हुन्छ भने ताण्डव नृत्यमा मन, बुद्धि, चित्त, अहंकारको पनि परिवर्तन हुन्छ। जस्तै— उक्त नवरसको प्रवाह भित्रदेखि हुन्छ र परिवर्तन पनि। यसरी शिवको ताण्डव र शक्तिको लास्य नृत्य नै सम्पूर्ण सृष्टिमा, स्थितिमा र संहार (परिवर्तन) मा देख्न सकिन्छ। वास्तवमा यही नै सत्य हो ।

गतैर्माणिक्यत्वं गगनमणिभिः सान्द्रघटितं ।
किरीटं ते हैमं हिमगिरिसुते कीर्तयति यः ।।
स नीडेयच्छायाच्छुरणशबलं चन्द्रशकलं ।
धनुः शौनासीरं किमिति न निबध्नाति धिषणाम् ।४२।

रसतरंगिणी

तिम्रो तेज तिमीले पहिरिएका मणिहरूमा पर्दा ती मणिहरूबाट प्रस्फुरित प्रकाश इन्द्र धनुषजस्तै देखिन्छ । त्यो तिम्रो सुनको उत्तम मुकुट हो। हे हिमालय पुत्री ! जसले यस्तो कीर्तन गर्दछ, त्यसले परा प्रकाश अपरामा छरिएको याने प्रकाश विमर्शको भेद जान्ने हुन्छ। अन्धकार रात्रि तिम्रो कालो कपाल हो, त्यहीं चन्द्रमा शरण बसेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् र विभिन्न प्रकारबाट चम्किरहने अनगिन्ति तारागण मणि हुन् । यी सबैबाट प्रकट भएको प्रकाश नै इन्द्र धनुषजस्तो देखिन्छ किनभने तिम्रो किरीटको कान्ति पर्नाले विभिन्न प्रकारबाट त्यो थाहा हुन्छ, याने देखिन्छ ।

यहाँ परा विद्या र अपरा विद्या, प्रकाश र विमर्शको भेद बुझाउन खोजिएको छ । सूर्यको उदय–अस्त समयमा देखिने याने आकाशमा पोतिएको रङ्ग–रातो पहेंलो त्यही नै तिम्रो मुकुट हो, याने आकाशरूपी स्वर्णमुकुटमा अनेकौं तारागण मणिहरूजस्तै चम्किरहेका छन् । त्यस्तै, तिम्रो कालो जटामा शरण पाएका चन्द्रमा गुँडमा बसेको चरा-जस्तो देखिन्छन् र सकल छन् । यहाँ चन्द्रमाको अर्थ अमृत तत्वको भण्डार हो, जो शिव-शक्तिको शिरमा रहन्छ । त्यहाँबाट बगेको अमृत नै मृत्युनाशक हुन्छ, त्यसैले सकल भनिएको हो । तिम्रो मुकुटबाट प्रस्फुटित दृश्य अदृश्य प्रकाशहरू (सृष्टिमा पर्दा) रङ्गीचङ्गी इन्द्र धनुषजस्तै देखिने यो अनन्तकोटि ब्रह्माण्डमा फैलिएको रङ्गीचङ्गी सृष्टिका पदार्थ हुन् । यी सबै प्रकाशहरू र ती मणिरूपी तारागणमा पनि तिम्रो विग्रहबाट नै प्रस्फुटित प्रकाश पर्दा प्रस्फुटित रङ्गीन रश्मिजस्तै विभिन्न रङ्गका प्रकाशहरू ती तारागणबाट प्रस्फुटित भएका हुन् । संसारमा देखिने अनेकताबाट समेटिएर एउटै परिवार भएकी, कुनै रङ्ग नभएकी शुद्ध सफा सेतोमा रातो र नीलो आभा छर्ने यस्ती परमस्वामिनी परा (त्रिपुरा) नै अनन्तकोटि ब्रह्माण्ड-नायिका परा विद्या हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि, स्थिति, संहार यी तीन सङ्कल्प छन्, त्यस-मध्ये एक सङ्कल्पअनुरूप उनको विचार सङ्कल्पको परिचालन हुँदा पाँच भूतमा, पाँच ज्ञानमा, पाँच कर्ममा परिचालन हुँदा एक अवस्था पन्ध्र भागमा विभक्त हुन्छ, यसरी सृष्टिमा १५, स्थितिमा १५, संहारमा १५, परी जम्मा ४५ अवस्थाको भेद बन्न पुगेको अवस्था नै श्रीचक्रको माध्यमबाट पराशक्तिको अपराशक्ति सृष्टिमा भएको शक्ति विभाजनको ३ अवस्था हो। अब बिन्दुमा आमाको एउटा पादुकाको अर्थ। एकको, उनै एकमात्र शक्ति हुन् भन्ने र पाउको अर्थ, गमनशील अपरा शक्तिद्वारा संसारमा फैलिएको अवस्थालाई बुझाउँदछ। यसै प्रक्रयालाई बुझाउन, "तिम्रो शरीरबाट निस्केको प्रकाश मणिहरूमा पर्दा त्यसबाट निस्केका रङ्गीन रश्मिपूर्ण चन्द्र धनुषजस्तै राम्रो दखिन्छ" भन्नु र "इन्द्र धनुषजस्तै राम्रो देखिने यो दृश्य जगत्मा तिम्रै प्रकाश परेर नै रङ्गीन राम्रो देखिएको हो" भन्नु कुरो एउटै हो। प्रमाणको लागि कुनै पनि मणिमा प्रकाश नपर्ने हो भने त्यो निष्प्रभ देखिन्छ। यसै सिद्धान्तले सृष्टितिर आँखा लगाउने हो भने राम्ररी विचार गरे सबै देखिन्छ, बुझिन्छ।

धुनोतु ध्वान्तं नस्तुलितदलितेन्दीवरवनं।
घनस्निग्धं श्लक्ष्णं चिकुरनिकुरुम्बं तव शिवे।
यदीयं सौरभ्यं सहजमुपलब्धुं सुमनसो।
वसन्त्यस्मिन्मध्ये बलमथनवाटीविटपिनाम्॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

हे शिवे ! तिम्रो बाक्लो चिल्लो नरम केशराशि बाक्लो फुलेको नीलकमल जस्तै शोभायमान छ। जसको चिन्तनले हाम्रो मनको अन्धकारलाई नाश गरोस्। इन्द्रको बगैंचाका सुगन्धि फूलहरू तिम्रो केशराशिबाट प्रवाहित दिव्यसुगन्ध पाउने आशाले तिम्रो केशमा सजिएर बसेका छन् ।

यहाँ अन्धकाररूपी अज्ञानको नाश गर्ने प्रकृयाको वर्णन गरिएको छ। जस्तै, "नरम, चिल्लो, सुवासित केश-राशि" यतिलाई राम्ररी बुझेमा मात्र यस श्लोकको अर्थ राम्ररी बुझ्न सकिन्छ। नरमको अर्थ सबैको प्रिय हुनु हो। प्रकृतिमा हेर्दा सबैले नरम वस्तु लाई नै रुचाउँदछन् । नरम पाउञ्जेल साह्रो कसैले मन पराउँदैन । चिल्लो, चम्किलो, याने चहकिलो वस्तुलाई नै राम्रो ठानेर प्राप्त गर्न खोज्नु, याने त्यस चम्किलो वस्तुलाई नै सबै थोक ठानेर त्यसप्रति मात्र मनचित्त लगाएर बस्नु। अब बाक्लो कालो केशराशि। ज्यादै बाक्लो अज्ञान याने अन्धकार, कालोको प्रतीक कालो केशराशि अज्ञानको प्रतीक हो। सुवास कर्मजन्य वासना हो। यसरी विचार गर्दा राम्रो देखिने संसारिक पदार्थ नै सत्य हो भन्ने ठानेर त्यसैप्रति आस्था-वान् रहने प्रकृया नै अज्ञान र अन्धकार हो। ती वस्तु (भोग विलासको बन्धन, जसलाई वासना पनि भन्दछन्) लाई नै सत्य ठानेर प्राप्ति र भोगको लागि बारम्बार मर्ने र फेरि जन्मने प्रकृयालाई नै नन्दन वनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्पहरू मानौ । सान्सारिक वासनाको लागि पनि यी ग्राङ्-रहन्छन् । यस पक्षलाई बुझ्न मानिसलाई मात्र नलिएर बोट-बिरुवा, जीवजन्तु, पशु, जलचर, चरा-चुरुङ्गी, किरा-फटयाङ्ग्रा, ग्रादि सबैको स्थितिलाई राम्ररी हेरे वासनामा सबै सृष्टि कसरी रमीरमाई रहेका छन्, प्रष्ट बुझिन्छ । अब अर्को अर्थमा हेर्ने हो भने सम्पूर्ण सृष्टिका पदार्थमा गन्ध अवश्य रहेको हुन्छ । गन्धको अभावमा रूप रहँदैन । गन्ध एकै प्रकारको नभई भिन्न भिन्न प्रकारको भएजस्तै रूपमा पनि भिन्नता भएको तथ्यलाई बिर्सनु हुन्न । प्रत्येक पदार्थमा भएको रूपको भिन्नता-जस्तै गन्ध पनि प्रत्येक पदार्थमा भिन्न हुन्छ । यही भिन्नतानै संसार हो भने यही भिन्नतालाई गुणको रूपमा तात्विक दृष्टिले समेट्दै बिन्दुमा समाहित गर्नु मुक्ति हो । यो प्रक्रया ज्यादै गहन र जटिल छ। योग्य गुरुबाट राम्ररी सिक्नु लाभदायक ठान्दछु ।

वहन्ती सिन्दूरं प्रबलकबरीभारतिमिर –
द्विषां वृन्दैर्बन्दीकृतमिव नवीनार्ककिरणं ।।
तनोतु क्षेमं 'नस्तव वदनसौन्दर्यलहरी -
परीवाहस्त्रोतस्सरणिरिव सीमन्तसरणिः ।।४४।।

रसतरंगिणी

तिम्रो कालो केशको बीचमा लगाइएको सिंदूर शत्रु-हरूको बीचमा याने रात्रिको अन्धकारलाई हटाउँदै उदाएको सूर्यजस्तै देखिन्छ, जो तिम्रो मुखको अनुपम सौन्दर्यलाई अझ उज्यालो बनाउने स्रोतजस्तै देखिन्छ। यस्तो प्रातःकालीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदीयमान सूर्यजस्तै देखिने तिम्रो सिउँदोको सिन्दूरले हाम्रो कल्याण गरोस् ।

यो श्लोकमा भगवतीको सिउँदोको सिन्दूर कालो केश राशिको बीचमा शत्रुरूपी कालो राशिलाई पन्छाउँदै उदय भएका सूर्यजस्तै भनेर दाँजेका छन् । भगवतीको लावण्ययुक्त मुहार र शिरको सिउँदोको ध्यान गर्नाले सम्पूर्ण मनको अन्धकार नाश भई ज्ञानरूपी सूर्यको उदय हुन्छ भन्ने उक्ति बुझिन्छ भने संसारमा शत्रुहरूले दुःख दिंदा चारैतिर शत्रु लागी बन्दी अवस्थामा पर्दा भगवतीको लावण्ययुक्त शरीरमा सिउँदोमा लगाएको रातो सिन्दूर-को रङ्ग फैलिएको याने सिउँदोको सिन्दूरको जस्तो रातो रङ्ग भएकी भगवतीको ध्यान गर्नु र त्यही रातोपना सम्पूर्ण शत्रुहरू र वातावरणमा फैलिएको छ र शत्रुवर्ग भयभीत भई भागिरहेका छन्, यस्तो ध्यान गर्नाले सम्पूर्ण शत्रु-वर्गको नाश भई बन्दी भै बन्धनमा परेको भए तापनि बन्धन मुक्त हुन्छ। यही प्रसङ्गलाई भगवान् शङ्कराचार्यले पद्यको माध्यमद्वारा भगवती महिमाको वर्णन गर्नु भएको हो। यसरी ध्यान गरी मन्त्र जप्ने साधक-को सधैं कल्याणमात्र हुन्छ, अर्थात् भगवतीले कल्याण गर्नुहुन्छ ।

अरालैः स्वाभाव्यादलिकुलभसश्रीभिरलकैः ।
परीतं ते वक्त्रं परिहसति पङ्केरुहरुचिम् ॥
दरस्मेरे यस्मिन्दशनरुचिकिञ्जल्करुचिरे ।
सुगन्धौ माद्यन्ति स्मरदहनचक्षुर्मधुलिहः ॥४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फूलमा बसका भमराजस्तै कालो घुंगरिएको केशको अलकाले शोभायमान भएको तिम्रो सौन्दर्यपूर्ण मुहारमा झल्केको अपूर्व सौन्दर्यले कमलका फूलहरूलाई हँस्सीमा उडाउँदै शोभाहीन गरायो । तिमी मधुर मुस्कानले मुसुक्क हाँस्दा फटिकजस्तै चम्कने दाँतका लहरहरूबाट वातावरणलाई नै मस्त बनाउने सुगन्ध आउनाले कामदेवलाई भस्म पार्ने तेश्रो आँखा भएका भगवान् शिवसमेत मस्त बन्नुहुन्छ ।

यहाँ सौन्दर्यमयी भगवतीको घुंगुरिएको अलकायुक्त केश र सेतो दाँतबाट निस्किएको सुगन्धले त्रिलोकाधिपति शिवदेखि सम्पूर्ण सृष्टिसम्म पनि मस्त र मोहित हुन्छन् भन्न खोजिएको छ । माथि लेखिएअनुसार ध्यान गर्दै मन्त्र जप गरेमा जोसुकैलाई पनि संमोहन गर्न सकिन्छ । यो संमोहनको प्रक्रया हो । यसको विशेष प्रक्रया योग्य विज्ञ गुरुबाट अभ्यासद्वारा सिक्नु उपयुक्त हुने ठान्दछु ।

ललाटं लावण्यद्युतिविमलमाभाति तव यद्।
द्वितीयं तन्मन्ये मुकुटघटितं चन्द्रशकलं ।।
विपर्यासन्यासादुभयमपि संभूय च मिथः ।
सुधालेपस्यूतिः परिणमति राकाहिमकरः ।।४६।।

रसतरंगिणी

हे आमा, तिम्रो निधारमा सफा राम्रो प्रकाश छ भने तिम्रो मुकुटमा शरण पाएका अर्ध चन्द्रमाको प्रकाश मिलेर पूर्ण चन्द्रमाको भान हुन्छ । तिम्रो निधार र चन्द्रमालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्टाएमा अमृतको लेपले जोडेर पूर्ण चन्द्र बनेजस्तै देखिन्छ ।

यो श्लोकले रोग नाश गर्ने प्रक्रया बताएको छ । जस्तोसुकै रोग लागे पनि भगवतीको चन्द्रमाको जस्तै शीतल प्रकाश र मुकुटमा भएका चन्द्रमाको अमृतमय प्रकाश याने चन्द्रमाको अमृतमय प्रकाश भगवतीको निधारमा परिरहेछ । भगवतीको सफा राम्रो प्रकाशले रोगीलाई रोग मुक्त गर्ने उद्देश्यले "ललाटमा भएको तेस्रो नेत्रको माध्यमबाट कृपा बर्सिरहेको छ" यस्तो ध्यान गरेर मन्त्र जप गर्नाले जस्तोसुकै कठिन रोग पनि नाश हुन्छ ।

भ्रुवौ भुग्ने किञ्चिद्भुवनभयभङ्गव्यसनिनि ।
त्वदीये नेत्राभ्यां मधुकररुचिभ्यां धृतगुणं ॥
धनुर्मन्ये सव्येतरकरगृहीतं रतिपतेः ।
प्रकोष्ठे मुष्टौ च स्थगयति निगूढान्तरमुमे ॥४७॥

रसतरंगिणी

संसारको भय नाश गर्ने तिम्रो भृकुटि धनुषजस्तै राम्रो देखिन्छ, भ्रमराजस्तो कालो आँखा ताँदोजस्तो देखिन्छ, जसको बीचको भाग बायाँ हातले कामदेवले समाएको छ । त्यसकारण हे उमे ! तिम्रो आँखिभौंको बीच भाग धनुषको बीचमा समात्ने ठाउँ हो ।

यो श्लोकले कामप्रति विजय प्राप्त गर्ने प्रक्रया बताउँछ । साधकका छओटा ठूला शत्रु हुन्छन्– काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य । यसमा पनि पहिलो शत्रु काम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रतिले अंगप्रत्यंगमा बसेर आकर्षण र संमोहन गर्ने क्रममा दुइ आँखामा वासनाको मह भरेर आँखा झिम नगरी हेर्दै आँखिभौं नचाउँदै कामदेवले कामबाण हान्दछन्, अनि त्यस बेला आफुलाई पनि बिर्सिने क्रममा विवेकहीन त हुने नै भयो । यसरी कामबाण हान्न कामदेवले समाउने आँखिभुइँको बीचको भाग भृकुटिमा भगवतीको ध्यान गरेमा कामदेवको आक्रमण निष्फल हुन्छ । साधकले भृकुटिमा आमाको ध्यान गर्ने गरेमा कामउपर विजय प्राप्त गर्न सक्तछ ।

अहः सूते सव्यं तव नयनमर्कात्मकतया ।
त्रियामा वामं ते सृजति रजनीनायकतया ।।
तृतीया ते दृष्टिर्दरदलितहेमांबुजरुचिः ।
समाधत्ते सन्ध्यां दिवसनिशयोरन्तरचरीम् ।।४८।।

रसतरंगिणी

तिम्रो दायाँ आँखाले दिनलाई जन्माउँदछ, त्यसैले तिम्रो दायाँ आँखा सूर्य हो । त्यस्तै, बायाँ आँखाले रातलाई जन्माउँदछ, त्यसकारण बायाँ आँखा चन्द्र हो भने अलिकतिमात्र खुलेको सुनको कमलजस्तै देखिने तेस्रो आँखा हो। यो तेस्रो आँखाले रात आधा र दिन आधाको सृष्टि गर्ने भएकोले सन्ध्या र प्रातः काललाई जन्माउँछ । यसरी प्रातः र सन्ध्यामा पूजा, पाठ, जप, ध्यान गर्ने क्रम बताइएकोछ। दायाँतिर सूर्य नाडी, बायाँतिर चन्द्रनाडी। सूर्य दिनले प्रपञ्चमा मन लगाउँदछ भने, चन्द्र रातले मोहनिद्रामा निमग्न गराउँदछ। चन्द्र सूर्यको बीचको बाटो सुषुम्ना मार्गमात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्ता र मोह नाशक प्रातः सन्ध्या हो। साधकको दिन-रात, साँझ-बिहान, घडी-पला, चन्द्र-सूर्यको अवस्था भिन्न हुन्छ। यसलाई विज्ञ गुरुबाट सिक्नु पर्दछ। मात्र कितापको भरमा हिँडे असिद्धि र रोगी बन्दछ। यसरी यो श्लोकबाट मुक्तिको मार्ग बताउन खोजिएकोछ।

विशाला कल्याणी स्फुटरुचिरयोध्या कुवलयैः।
कृपाधाराधारा किमपि मधुराभोगवतिका॥
अवन्ती दृष्टिस्ते बहुनगरविस्तारविजया।
ध्रुवं तत्तन्नामव्यवहरणयोग्या विजयते ॥४६॥

रसतरंगिणी

विशाला, कल्याणी, फुलेको कमलभन्दा राम्रो अयोध्या, कृपाको धारा वर्षिने धारा नगरी, भोग प्रदान गर्ने मथुरा, कृपादृष्टि प्राप्त गर्ने अवन्ती, यस्ता धेरै नगरमा विस्तार गरेर तिमी विजयी बनेकी छ्यौ। यहाँ विभिन्न पीठको साधनाद्वारा प्राप्त हुने फलको बयान गरिएकोछ। शरीर, मात्र शरीर नभएर विभिन्न पीठले सजिएको क्षेत्र पनि हो। यसरी शरीरमा भएका पीठलाई नगरको नाम दिई पीठको महत्त्व दर्शाइएको छ। अनन्तकोटि ब्रह्माण्डमा फैलि-एकीले विशाला भनिएको हो। सबैलाई कल्याण गर्ने कल्याणी हृदय- अयोध्यामा कल्याण गर्दछिन्। कृपाको धारा वर्सिने पीठ धारा नगरी मणिपुर चक्र, संपूर्ण भोग प्रदान गर्ने मथुरा स्वाधिष्ठान चक्र, "अवन्तो अवति" अर्थात् आँखामा तिम्रो कृपा दृष्टि भैरहन्छ। यस्ती, धेरै नगरी पीठको विस्तार गरी फल प्रदान गर्ने तिमी जयिनी हौ। यस्तै शरीरस्थ पीठमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यही त्यही नामले जसले उपासना गर्दछ त्यही नै सँधै विजयी बन्दछ ।

पीठसाधना, दीक्षा लिएर गुरुसंग सिक्नु पर्दछ ।गुरु-शिष्य परंपराको लामो बाटो हिंड्दा पीठहरूमा, बिसौनी ठाउँको रूपमा समय बिताउनु पर्दछ । गुरुसंग नहिंडी पीठमा पुग्ने बाटो देखिँदैन । यसरी पीठमा पुगेपछि नै पीठै-पिच्छे सिद्धि प्राप्त हुँदै जान्छ। पीठ साधना नगरी सिद्धि पाइँ-दैन। त्यसैले भगवतीको कृपा दृष्टि पीठमा मात्र पाइने रहस्य माथिको श्लोकमा बताइएकोछ ।

कवीनां सन्दर्भस्तबकमकरन्दैकरसिकं ।
कटाक्षव्याक्षेपभ्रमरकलभौ कर्णयुगलं ॥
अमुञ्चन्तौ दृष्ट्वा तव नवरसास्वादतरलौ ।
असूयासंसर्गादलिकनयनं किञ्चिदरुणम् ॥५०॥

रसतरंगिणी

तिम्रो लावण्य र चरित्रको सुवास भरिएका रसिला स्तुतिकविताहरूलाई सुनेर कहिले पनि नअघाउने दुई कानको साथसाथै पदार्थमा त्यही दृश्यलाई खोजिरहेका दुई आँखालाई देखेर तेस्रो आँखामा ईर्ष्याले केही रातोपना छाउन पुग्यो। त्यस बेला नवरसको माध्यमबाट संरचित कवितालाई पदार्थमा खोज्दा अथवा उतार्दा तिम्रा दुई आँखा भ्रमराजस्तो चञ्चल कटाक्षपूर्ण देखिन्छन् ।

यहाँ कविहरुद्वारा वर्णन गरिएका स्तुतिहरू सुनेर हृदयमा आस्था उत्पन्न भएपछि प्रकृतिमा छरिएको तिम्रो स्थितिलाई दुई आँखाले खोज्न थाल्दछ । पदार्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो स्थिति भ्रमराको बच्चाले फूलहरू चाहारेजस्तो मात्र छ, स्थिर छैन, तापनि तिम्रो त्यो क्षाणिक स्थिति पनि ज्यादै मोहक छ र त्यसलाई स्थिर गरेर हेरिरहने लालसालाई त्याग्न नसकेका दुई आँखा र कानको ईर्ष्या गर्दा तिम्रो तेस्रो आँखा रक्तिम बन्यो भन्नु तिम्रो कटाक्षपूर्ण चञ्चलतालाई दुई आँखा र दुई कानले जति हेरे पनि, जति सुने पनि बलियोसंग समाउन वा स्थिर गर्न सक्तैन। मात्र तेस्रो आँखा याने ध्यान– प्रक्रयाबाट ती साहित्यिक नवरसयुक्त अवस्थालाई समाउन सक्तछ। यसरी चिन्तन-पूर्ण ध्यानको अभ्यासबिना शिवशक्तिको लीला पदार्थमा देख्न सकिँदैन भनी यो श्लोकमा वर्णन गरिएकोछ। वास्तवमा शब्द-ब्रह्म, वैखरी मात्रलाई जानेर त्यो सत्यलाई जान्न-चिन्न सकिंदैन, किनकि मायाको रूपमा शिवप्रति ओत-प्रोत भएकी शक्तिले शिवलाई रिझाउन गरेको कटाक्ष-लाई हेर्न र जान्न खोज्दा जान्न सकिन्न। त्यसलाई जान्न अग्नि, सूर्य, चन्द्र, यी तीन दृष्टिलाई एकाकार गरेर एउटै बिन्दुमा समाहित गरेपछि दृष्टि फैलाउँदा बल्ल प्रष्ट देख्न सकिन्छ। यो प्रक्रया लेखबाट मात्र बुझिन्न। अभ्यासद्वारा जान्नु पर्दछ।

शिवे शृङ्गारार्द्रा तदितरजने कुत्सनपरा।
सरोषा गङ्गायां गिरिशचरिते विस्मयवती॥
हराहिभ्यो भीता सरसिरुहसौभाग्यजननी।
सखीसु स्मेरा ते मयि जननि दृष्टिः सकरुणा ॥५१॥

रसतरंगिणी

तिम्रो रसपूर्ण प्रेमदृष्टि मात्र शिवप्रति समर्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ भने अरू देवताप्रति उपेक्षापूर्ण छ । शिवको लयक्रममा हुने पदार्थको परिवर्तनसंगै साथ दिनुपर्दा आफु विस्मित छ्यौ भने, शिवको अविरल परिवर्तनको प्रवाहमा साथ दिन कतै भुल भयो भने आफू शिवबाट अलग्गिन पुग्ने आशंकाले भयभीत पनि छ्यौ । आफ्नो लास्य लीलामा सीमित सृष्टि कतै गङ्गाको पवित्र प्रवाहले बगाएर लैजाने आशंकाले गङ्गाप्रति रीस गर्ने र आफ्नो सखीहरूप्रति प्रसन्न भएर मुस्कानयुक्त दृष्टिले हेर्ने हे आमा ! ममाथि तिम्रो दृष्टि करुणापूर्ण होस् ।

सृष्टिको कारणरूप वीजरूपी शिवप्रति नै प्रकृतिको रूपमा अनेकौं रङ्गीचङ्गी आवरणको रूपमा शक्ति समर्पित छ । अन्यथा हेर्दा बन्धनमा बाँधिन्छ, त्यो पवित्र स्थितिप्रति कलुषित भावना उत्पन्न हुन्छ । यस्ती शिवप्रतिमात्र शृङ्गार गरेर समर्पित रहने प्रकृति शक्ति शिवको अन्तरलीन प्रकृयामा महाकालको नामले परिवर्तन हुँदा तदनुरूप शक्तिले पनि साथ दिने क्रममा शिवसंग अलग्गिएर एक्लो पर्ने डरले भयभीत रहन्छिन् पनि । गङ्गा पराविद्या श्रीविद्या हो । मुक्तिदायिनी महात्रिपुरसुन्दरीको शरणमा पुगेपछि कारणरूप शिवको एकाकार स्थितिमा गति अवरुद्ध हुँदा शिवलाई कटाक्षयुक्त आलिंगनमा आवद्ध गर्न नपाइने हुँदा श्रीगङ्गाप्रति अपरा प्रकृति ईर्ष्यापूर्ण दृष्टि राख्दछिन् । त्यस वेला प्रकृतिले स्त्री-धर्मलाई अँगाल्दै कारणरूप शिवलाई आफुमा अँगाल्ने प्रयत्न गर्दछिन् । सखीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेका अष्ट-मातृका हुन्। यिनको स्थिति गर्भावस्थादेखि लिएर मृत्युपर्यन्त शिवको सहगामिनीको रूपमा अवस्थित छ। अष्ट-मातृकाको स्थिति नै परिवर्तनप्रति शिवको साथ दिने हुँदा अपराप्रति नै आस्थावान् देखिन्छन्। त्यसैले यी सखी-प्रति प्रसन्न दृष्टि राख्छिन्। अपरा माया मात्र बन्धन हो। वासनाको डोरीमा बाँधिएर भोग र रोगप्रतिमात्र सीमित छ भने यसबाट उम्किन यसको रहस्यलाई जानेर (शिवको कल्याण स्वरूपको रहस्यलाई जानेर) पराप्रति आस्थावान् रही प्रकृति पुरुषको भेदभावबाट र जन्ममृत्युको चक्रबाट मुक्त हुन ममाथि हे आमा ! तिम्रो करुणापूर्ण दृष्टि रहोस् भनेको सत्यासत्यको विवेकद्वारा सत्यको चयन गरी, (अवलम्बन गरी) मोक्ष मार्ग प्रशस्त हुने कुरा बताइएको हो।

गते कर्णाभ्यर्णं गरुत इव पक्ष्माणि दधती ।
पुरां भेत्तुश्चित्तप्रशमरसविद्रावणफले ॥
इमे नेत्रे गोत्राधरपतिकुलोत्तंसकलिके ।
तवाकर्णाकृष्टस्मरशरविलासं कलयतः ॥५२॥

रसतरंगिणी

तिम्रा कानसम्म पुग्ने लाम्चिला आँखाका परेली बाण-जस्ता छन् । जसलाई कानसम्म ताँदो तानेर कामदेवले हान्दछन् । हे धरणिधर पर्वतराजका वंशकी सर्वोत्तम कोपिला ! तिम्रा लाम्चिला युगल नयनको कटाक्षले कामदेवलाई नाश गर्ने शिवको हृदयलाई पगाल्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा कामदेवको विग्रह छैन तापनि ऊ कसरी पञ्चवाणको सन्धान गरेर सम्पूर्ण सृष्टिलाई क्षोभित पार्दछ, यसको रहस्य यहाँ प्रकाश गरिएको छ। कामदेवले हान्ने बाण स्त्रीको कटाक्ष हो । त्यही कटाक्ष सन्धान गरेर कामले सम्पूर्ण सृष्टिलाई आफ्नो अधीनमा नचाइरहेकोछ ।

यहाँ हिमालय पर्वतलाई गोत्रधरपति भनिएको छ, ठुलठुला मन्त्रद्रष्टा गोत्रप्रवर्तक ऋषिहरूको ज्ञान, विज्ञान प्राप्त गर्ने थलो भएर नै हिमालयलाई गोत्रधरपति भनिएको हो ।

यस्तो पवित्र कुलको फूल भएर फुलेको तिम्रो कटाक्षले संपूर्ण सृष्टिमा वैराग्य प्रदान गर्ने शिवलाई रागी बनाउँदछ्यौ, याने संहार भनिने अन्तरलीन क्रियालाई छोडेर सृष्टि-प्रति तिमीसंगै अनुग्रह गर्न आरम्भ गर्नु हुन्छ । यसरी शिवको इच्छा क्रिया ज्ञानलाई परिवर्तन गर्ने क्षमता तिम्रो कटाक्ष-बाहेक अरू कसमा छ ? रुद्रत्वबाट शिवत्व दिन जगदंबाको कृपा दृष्टिमात्र समर्थ छ ।

विभक्तत्रैवर्ण्यं व्यतिकरितनीलाञ्जनतया ।
विभाति त्वन्नेत्रत्रितयमिदमीशानदयिते ॥
पुनः स्रष्टुं देवान्द्रुहिणहरिरुद्रानुपरतान् ।
रजः सत्त्वं बिभ्रत्तम इति गुणानां त्रयमिव ॥५३॥

रसतरंगिणी

तीन वर्णमा बाँडिएका तिम्रा तीन आँखा नीलो गाजलले शोभित छन् । हे ईशानपत्नि ! तिम्रा तीन आँखा सत्व गुण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रजोगुण, तमोगुणयुक्त रातो सेतो र कालो रङ्गको छ। काल धर्मले गर्दा सृष्टि–स्थिति–संहारमा विभक्त भएका ब्रह्मा–विष्णु–रुद्र तिम्रो तिनै तीन नेत्रबाट प्राप्त कृपादृष्टिको कारणले नै सृष्टि स्थिति संहार गर्न, इच्छा क्रिया ज्ञानको रूपमा शक्ति पाएर समर्थ भएका छन् ।

तीन वर्ण, मन्त्रको तीन बीज नै तिम्रा तीन आँखा हुन् । जुन सत्व, रज, तम, सेतो. रातो, कालो रङ्ग, तिम्रो सफा निलो आँखामा देखिन्छ । जस्तै, सेतो आँखामा सत्व गुण रातोपना छाएको रजोगुण, कालो नानी तमोगुण हो । कालो रङ्गमा सेतो रङ्ग पर्दा नीलो रङ्गमा परिवर्तन हुन्छ, त्यसरीनै संसारप्रति आसक्त कालो तमोगुणमा भगवतीको कृपादृष्टि सत्व. सेतो रङ्ग, पर्दा अनुग्रहको रूपमा नीलोको उदय हुन्छ। यही ताराको अवस्था हो। यही नीलोको शुद्ध स्थितिमा काम्यपरक वासनाको योग हुँदा नीललोहित देखिन्छ, जुन संसारमा सिद्धिको रूपमा प्रकट हुन्छ । यसैलाई अपराका उपासकहरूले सर्वस्व ठान्दछन् ।

नीलोको उदयपछि पराविद्याका उपासकहरूले अग्नि सोम, सूर्यको प्रक्रयालाई बुझेर, याने सोम सृष्टि, अग्नि संहार, अग्नि-सोमको समयोगस्थितिलाई बुझेर यसप्रति आश्रित वा आधारित ब्रह्मा, विष्णु, रुद्र, सृष्टि, स्थिति, संहारमा विभक्त रहेर कर्तव्यनिष्ठ रहेका छन् र यिनको सामर्थ्य परमेश्वरी पराबाट, याने आमाका तीन आँखाबाट, अग्नि सोम, सूर्यको रूपमा रहेका तीन नेत्रबाट, भएको कृपापूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुग्रहले नै मात्रै हो भन्ने तथ्यलाई बुझेर परापादुकामा इच्छा क्रिया ज्ञानलाई समर्पण गरेर मुक्त हुन्छन् ।

बौद्धहरूले मध्यम मार्ग अवलम्बन गर्दछन् । त्यो मध्यम मार्ग भन्नु नै अपरामा पराको कृपा पर्दा कृष्णश्वेतको योगद्वारा प्रकट भएकी नीला शक्ति नै मध्यम मार्गकी अधिष्ठात्री हुन् र यिनको चतुर्दशाक्षरी मन्त्रद्वारा उपासना गर्दा सिद्धि पाइन्छ । वास्तवमा पराको चतुर्दशाक्षरी मन्त्र यही नै हो ।

पवित्रीकर्तुं नः पशुपतिपराधीनहृदये ।
दयामित्रैर्नेत्रैररुणधवलश्यामरुचिभिः ॥
नदःशोणो गङ्गा तपनतनयेति ध्रुवममुम् ।
त्रयाणां तीर्थानामुपनयसि संभेदमनघम् ॥५४॥

रसतरंगिणी

पशुपतिलाई आफ्नो हृदय सुम्पेकी आमा! तिम्रो रातो, सेतो, कालो तीन नेत्रमा दया भाव भरिएको जुन तीन मन्त्र वर्ण गङ्गा, यमुना, सरस्वतीको सङ्गमको रूपमा तिम्रो नेत्रमा विद्यमान छन्, हे अनघे ! हामीजस्ता पतित, तिम्रा सेवकको लागि तिम्रो दया दृष्टि त्रिवेणीस्नान समान पवित्र, पापनाशक छ ।

पवित्र–अपवित्रको अवस्था वासनामा निहित छ। जस्तै, वासनारहित संकल्प पवित्र हो र वासनायुक्त सङ्कल्प अपवित्र हो । यति भनेर मात्र कुरो बुझिँदैन "**पशुपतिपरा-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धीनहृदये" पाशुपत विद्याद्वारामात्र, वासनाजन्य सङ्कल्पले कसरी बाँधिएकोछ भन्ने तात्विक दृष्टि प्राप्त हुन्छ। षट्चक्र भगवान्, कालाग्नि रुद्रको नामले पातालमा अवस्थित हुनुहुन्छ । जुन साधनाको विश्रान्ति स्थल पनि हो । यहींबाट पाशुपत विद्याको ढोका खुल्ने भएकोले यिनलाई पशुपति भनिएको हो । सम्पूर्ण सृष्टिलाई वासनाको डोरीले बाँधेर आफ्नो काली शक्तिद्वारा ईप्सित वर प्रदान गराउँदै वासनामा बाँध्ने र मदारीले बाँदर नचाएजस्तै सृष्टिलाई नचाउने भएर नै पशुरूपी सृष्टिको मालिक पशुपति भनिएको हो । स्थिति पुगेको साधकले शरीरस्थ सम्पूर्ण देवताहरूको विभाग गर्दा अहङ्कार गुण रुद्रको भागमा पर्दछ। त्यही अहङ्कार नै "म"को रूपमा उदय भएर सङ्कल्प गर्दछ र भोग गर्दछ । यो गूढ तत्वलाई जान्ने साधक आफू सङ्कल्पबाट अलग्गिन्छ र देवताहरूको ईप्सित भोग सामग्री जुटाउने माध्यममात्र बनी अन्तरयजन प्रक्रयाद्वारा समर्पणमात्र गरेर आफू अलग्गिन्छ। त्यो अवस्थामा साधक मन्त्र-वर्णको सोपान चढेर, ग्रन्थि भेदन गर्दै, परा प्रासादमा पुग्दा भगवतीको हृदयपरिणति, क्रिया शक्तिको रूपमा भगवान् पशुपतिप्रतिमात्र समर्पित रहेको देख्छ । रातो, कालो सेतो, रङ्गको गङ्गा, यमुना, सरस्वती रज सत्व तमो गुणको रूपमा जगदम्बाका तीन नेत्रबाट प्रवाहित भएर अधम साधकहरूलाई पवित्र गरिरहेका छन्। जस्तै अधम साधक पनि यो त्रिवेणीमा स्नान गर्दछ भने स्वत: पराविद्याको दया प्राप्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तवापर्णे कर्णेजपनयनपैशुन्यचकिताः ।
निलीयन्ते तोये नियतमनिमेषाः शफरिकाः ॥
इयं च श्रीर्बद्धच्छदपुटकवाटं कुवलयं ।
जहाति प्रत्यूषे निशि च विघटय्य प्रविशति ॥५५॥

रसतरंगिणी

हे निर्वाणेश्वरी ! तिम्रो कानसम्म फैलिएको आँखा-देखेर उन्मेषनिमेषलाई बन्द गर्दै माछाहरू डरले पानीभित्रै डुबिरहन्छन्। बिहान भएपछि कुवलय (राती फुल्ने कमल) रूपी ढोका बन्द गरेर हिड्ने श्री सौभाग्य पनि रात परेपछि विस्तारै ढोकाखोलेर भित्र पस्दछिन् ।

श्रीसम्पत्तिको लागि, भगवतीको दयायुक्त दृष्टि अन्यत्र पर्ने भयले उनको अन्यत्र चिन्तन नगरी उनको चिन्तन स्वाधिष्ठान चक्रमामात्र गर्नू । दिनमा बन्द हुने कमलको फूल रात परेपछि चन्द्रकिरण पर्नासाथ अनायास फक्रिन्छ, र त्यस्मा तिम्रो छवि हुन्छ। त्यस्तै स्वाधिष्ठान चक्रमा छ पात भएको कमलको फूलमा, तिम्रो ध्यान रात्रिमा गर्दै श्रीसम्पत्तिको वर्षा तिमीबाट भैरहेको चिन्तन गरे श्री सम्पत्तिमान् बन्दछ र कुनै प्रकारको भय आइलागेमा तिम्रो भक्तिरूपी जलमा निर्निमेष तिम्रो ध्यान, दिनमा गर्नाले आपत्ति र डरको नाश हुन्छ ।

निमेषोन्मेषाभ्यां प्रलयमुदयं याति जगतः ।
तवेत्याहुः सन्तो धरणिधरराजन्यतनये ॥
त्वदुन्मेषाज्जातं जगदिदमशेषं प्रलयतः ।
परित्रातुं शङ्के परिहृतनिमेषास्तव दृशः ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

तिम्रो उन्मेष, आँखा खोल्नु, निमेष, आँखा चिम्लिनुले संसारको सृष्टि र प्रलय हुन्छ भनेर सन्तहरूले भन्दछन् । हे धरणिधरराजकन्या ! तिम्रो आँखा झिम्क्याउने क्रममा आँखा खोल्दा संसारको सृष्टि हुन्छ भने आँखा चिम्लिदा संसारको संहार हुन्छ। त्यसकारण संसारको रक्षाको लागि तिमीले आँखा झिम्क्याउन छोडेर निर्निमेष दयादृष्टिको वर्षा गरिरहेकी छयौ ।

यो सबै साधनाको क्रम चिन्तनमाथि भर पर्दछ। जति प्रगाढ चिन्तन हुन्छ उत्ति नै दया-दृष्टि अबाध गतिमा प्राप्त भैरहन्छ । चञ्चल मनको गति स्थिर नभई यताउता चहारिरहने हुँदा मन स्थिर नभई पूर्ण कृपादृष्टि प्राप्त नहुने सिद्धान्त यस श्लोकमा बताउन खोजिएको हो ।

दृशा द्राघीयस्या दरदलितनीलोत्पलरुचा ।
दवीयांसं दीनं स्नपय कृपया मामपि शिवे ॥
अनेनायं धन्यो भवति न च ते हानिरियता ।
वने वा हर्म्ये वा समकरनिपातो हिमकरः ॥५७॥

रसतरंगिणी

फक्रिएको नीलो कमलजस्तो प्रकाशपूर्ण तिम्रा ती ठुलठुला आँखा, तिम्रो भावभक्तिबाट टाढारहेको म दुःखी-माथि, जतिसुकै टाढा भएपनि, परिरहोस् । यसमा तिमीलाई हानि केही पनि छैन तर म धन्य हुनेछु । तिमी समदृष्टि छौ। अनि चन्द्रमाको शीतल किरण पनि त वनमा र महलमा समान रूपले पर्छ नि त !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ भगवतीको दयादृष्टिलाई चन्द्रकिरणसंग दाँजेर भेदभावरहित अवस्थामा मात्र आमाको निर्मल दयादृष्टि प्राप्त गर्न सकिन्छ भन्ने तथ्यलाई बुझाउन खोजिएको छ। जस्तै, चन्द्रकिरणले वन र महलको भेद नगरी समान रूपले शीतल प्रकाश छर्दछ, त्यस्तै आमाको दयादृष्टि पनि नजीक, टाढा भन्ने भेद राख्दैन, सबैमा सम भावले दया दृष्टिको वर्षा गरिरहन्छ।

अरालं ते पालीयुगलमगराजन्यतनये ।
न केषामाधत्ते कुसुमशरकोदण्डकुतुकं ।।
तिरश्चीनो यत्र श्रवणपथमुल्लंघ्य विलस ।
न्नपाङ्गव्यासङ्गो दिशति शरसन्धानधिषणाम् ।।५८।।

रसतरंगिणी

हे हिमालयपुत्रि ! चक्रजस्तै देखिने, तिम्रो दुइ कानका लोती शोभित छन्, जसलाई देख्दा को मुग्ध नबन्ला ? तिम्रो कटाक्षपूर्ण दृष्टिको माथि कामदेवको धनु जस्तो आँखि-भौंलाई कुन कामदेवले जान्न सक्तछ । तिम्रो कटाक्षरूपी बाणलाई नाघेर त्यो आँखीभौं कानसम्म पुग्नसकोस् । किनभने तिम्रो कटाक्षले बुद्धिलाई स्तभित पारिसकेको हुन्छ ।

यहाँ महात्रिपुरसुन्दरीको अवर्णनीय सौन्दर्यलाई वर्णन गर्न खोजिएको छ । जस्तै, सौन्दर्यको वर्णन त परै जाओस्, कानको लोती कत्तिको सुहाएको छ भन्ने-सम्म हेर्न पनि कटाक्षले स्तभित बुद्धि, कानलाई नाघेर जान सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"वामेकर्ण शशिश्चदक्षिण रविर्गण्डस्थले कुण्डलं" बाँया कानको कुण्डल चन्द्रमा र दायाँ कानको कुण्डल सूर्य भएकी आमालाई देख्न चन्द्र सूर्यको आँखा मात्र सक्षम छ । अन्यथा चिन्तन अवस्थामा पनि जगदंबाले शिवलाई आकृष्ट गर्न गरेको कटाक्षलाई कानको बाण सम्झिई गति रुद्ध भई साधक अघि बढ्न सक्तैन। वासनाबाटै रूप उत्पन्न हुन्छ। वासनाको अर्थ गन्ध हो। गन्धको अभावमा रूप हुँदैन, रूपको अभावमा सौन्दर्य हुँदैन। त्यसैले, साधकले दायाँ आँखा-लाई सूर्य र बायाँ आँखालाई चन्द्रमा बनाएर त्यही प्रकाशमा जगदंबाको दिव्य सौन्दर्य र अनुपम लीलामय कटाक्षको दर्शन गर्न सक्नु पर्दछ,अन्यथा, वर्णन गर्नसक्ने वुद्धिविचारको, क्षमताको, गति पुग्दैन ।

सरस्वत्याः सूक्तीरमृतलहरीकौशलहरीः ।
पिबन्त्याः शर्वाणि श्रवणचुलुकाभ्यामविरलं ॥
चमत्कारश्लाघाचलितशिरसः कुण्डलगणो ।
झणत्कारैस्तारैः प्रतिवचनमाचष्ट इव ते ॥५६॥

रसतरंगिणी

सरस्वतीको अमृतमय सूक्ति, मनलाई मुग्धपार्ने गीतलाई कर्णविवरद्वारा अविरल पान गरेर प्रशंसा गर्दै शिर हल्लाउँदा तिम्रो कुण्डलहरू एक अर्कोमा ठक्कर खाँदा सितारको तारले झंकार निकालेजस्तै झंकार निकाल्दै, मानो मुखबाट वर्णन गरेको हो जस्तै स्वर निकाल्दछन् ।

इडा र पिङ्गला, गङ्गा र यमुनाको बीचमा प्रकट भएकी सरस्वतीको कृपा भएपछिमात्र अमृतसमान सूक्तिहरू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो प्रशंसाले मन हर्ने गीतको रूपमा प्रवाहित हुन्छन्, जसलाई तिम्रा साधकले स्तुतिको रूपमा गाउँदा त्यो गीतलाई सुनेर कहिल्यै अघाउन्नौ। बरु प्रसन्न भएर शिर हल्लाउँदा, तिम्रा कानका बालाहरू हल्लिँदा ठक्कर खाएर गीतमा मिल्ने सुर निकाल्दै झंकार छर्दछन् ।

मूलाधार चक्रमा–गङ्गा यमुनाको योग र बीचमा सरस्वतीको उदय, र त्यस्को लक्षण सूक्तिरचनाको क्षमता र दिव्य नाद श्रवणको समेत व्याख्या गर्न खोजिएको छ।

मूलाधार त्रिकोण–पीठको बीचमा स्वयंभूलिंग छ। त्यहीँ कुण्डलिनी शक्ति स्वयंभूलिगलाइ साढे तीन फन्को बेन्हेर बसेकी छिन् । त्यो ठाउँ नै दश प्रधान नाडीहरूको संगमस्थल हो । त्यही त्रिकोण– पीठमा इडा गङ्गा, पिंगला यमुनाको प्रवाह हुन्छ र सुषुम्ना नाडीमा माथितिर चढ्दछ र प्रधान स्नायुहरूमा प्रवाह हुन्छ। त्यस बेला समस्त स्नायुहरूमा तरङ्ग सञ्चार हुँदा स्नायु कंपन हुन्छ र विभिन्न नादको संमिश्रण भै दिव्य नाद श्रवण हुन्छ। त्यस बेला कुण्डलिनी शक्ति, कम्पनद्वारा र नादको तरङ्गद्वारा उद्बोधन हुँदा विद्यादात्री वीणावादिनी महासरस्वतीको रुपमा उदित हुन्छिन् । र नाद तरङ्गित भएर चक्रस्थ स्नायुपुञ्जमा प्रवाहित हुँदा प्रकट हुने ध्वनिलाई नाद भन्छन्। तरङ्गको आकार वैखरीको रूपमा प्रकट हुन्छ । यसरी प्रकट भएका वैखरीहरूको योग संरचना नै सूक्तिको रूपमा प्रवाहित हुँदा सबैलाई मुग्ध गराउँदछ । पचास विधामा उदाएकी वैखरी नै पचास वर्ण मातृकाको रूपमा पूजित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्फुरद्गण्डाभोगप्रतिफलितताटङ्कयुगलं ।
चतुश्चक्रं मन्ये तव मुखमिदं मन्मथरथं ॥
यमारुह्य द्रुह्यत्यवनिरथमर्केन्दुचरणम् ।
महावीरो मारः प्रमथपतये सज्जितवते ॥६०॥

रसतरंगिणी

तिम्रो मनोहर गालामा झुण्डिएर शोभा पाइरहेको दुई ताटङ्क (कानको गहना, जो बिट भएको थालजस्तो हुन्छ। सुन पनि भन्छन्) भोगको स्फुरण गराउने छ भने तिम्रो मुखलाई मन्मथको रथ मान्दा त्यो ताटङ्क रथको पाङ्ग्राजस्तो देखिन्छ । जसमा बसेर, भूमि रथ भएका शंभुको मनलाई क्षुब्ध पारेर कामदेव विजयी बन्दछन् ।

यस श्लोकबाट अवरोह–क्रम देखाउन खोजिएको छ । सृष्टि क्रममा उन्मुख भएर शक्ति विभाजित गर्दा आज्ञा चक्रबाट हरलाई छोडेर विशुद्ध चक्रमा आफु फैलिँदा शिवबिना सृष्टि संभव नहुने हुँदा कारणरूप शिवप्रति दृष्टिपात गर्दा मूलाधार चक्रमा सृष्टिका पदार्थ जीव-लाई अन्तर्लीन गर्नमा तल्लीन शिवलाइ कालाग्नि रुद्रको रूप-मा देख्दछिन् र शिवलाई अन्र्तलीन गर्ने क्रियाबाट विरत गराई आफुप्रति आकर्षण गर्नुपर्ने हुँदा संपूर्ण भोगको स्फुरण गराउने दुई ताटङ्क आफ्नो गण्डस्थलमा सजाएकी मात्र होइनौ, त्यो अवस्थामा तिम्रो अपूर्व सौन्दर्यले भरिएको मुख कामदेवको रथ र दुई ताटङ्क पाङ्ग्राजस्ता देखिन्छन् र यसमा चढेर कामदेवले मूलाधारमा बसेका स्वयंभू भगवान् शिवको रूपलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षोभित बनाई कामदेव विजयी बन्दछन् । याने भगवतीको, ताटङ्क पहिरिएको दिव्य सौन्दर्ययुक्त मुहारप्रति प्रेरित भई, याने सृष्टिको लागि भगवान् स्वयम्भू आतुरताका साथ परमेश्वरी शक्तिप्रति उन्मुख हुनुहुन्छ । त्यसबेला सूर्यचन्द्र नाडीद्वारा अग्नि सोमको क्षरण हुन्छ । यहाँ शक्तिले शिवलाई प्रेरित गरेको हुँदा सोमको अधिक क्षरण हुन्छ र नै सृष्टिको विस्तार हुन्छ । त्यस्तै, संहार अवस्थामा शिवले शक्तिलाई आकर्षण गर्ने हुँदा अग्नि तत्व अधिक भई त्यहीं सृष्टि नाश हुन्छ । शक्तिको श्रृङ्गार र कटाक्षले नै नवीन भोगको सृष्टि हुन्छ । शक्तिको श्रृङ्गार र कटाक्षले नै सोमको धेरै क्षरण हुन्छ र सृष्टि फैलिन्छ । यसरी सहस्रारस्थित शक्ति सृष्टिप्रति उन्मुख भई मूलाधारस्थित स्वयम्भू शिवलाई आकर्षण र क्षोभित पार्ने क्रममा कामदेवको सृष्टि भएकोले कामलाई विजयी पुत्र पनि भनिएको छ । याने काम उनकै पुत्र हुन् । यही कालाग्नि रुद्रबाट कल्याणको स्वरूप शिवको उदय हुन्छ । वासनाअनुरूप सृष्टिलाई अन्तर्लीन गर्ने प्रक्रियामा संलग्न भगवान् पशुपति सृष्टिप्रति उन्मुख हुँदा कल्याणस्वरूप शिव बन्नुहुन्छ । पशुपति क्रमबाट हेर्दा पशुपतिको तत्पुरुष रूप यही सृष्टि क्रममा उन्मुख भएको अवस्था हो ।

असौ नासावंश स्तुहिनगिरिवंशध्वजपटी ।
त्वदीयो नेदीयः फलतु फलमस्माकमुचितं ॥
वहन्नन्तर्मुक्ताः शिशिरतरनिश्वासघटिता ः।
समृद्ध्या तत्तासां बहिरपि च मुक्तामणिधरः ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

जसको भित्र शीतल मोतीहरू छन् र नै शीतल निःश्वास निस्किएको छ । त्यही शीतल प्रश्वासको कारणले त्यो प्रदेश नै मुक्तामणिधारी बनेर धनी बनेको छ। हे हिमगिरि-वंशपताके ? कुलीन वंश तिमीले नै दिएकी हौ । त्यसैले, दुःखी जनलाई पुरुषार्थी सन्तान दिएर धन्य बनाउँदछ्यौ। तिम्रो मुक्तामय फुलीले हामीलाई पनि उचित फल देओस् ।

यहाँ समृद्ध बन्ने, याने सम्पत्ति प्राप्त गर्ने क्रम बताइएको छ । सन्तान र धन दुवै प्राप्त गर्ने क्रममा मानिस दुई प्रकारले ज्यादै दुःखी हुन्छ। एक, सन्तान नहुनाले र अर्को, सम्पत्ति नहुनाले। यो दुवै वंश र सम्पत्ति प्राप्त गर्न भगवतीको मुहारको ध्यान गर्नाले सम्पत्ति त पाउँदछ नै साथै पुरुषार्थी सन्तान पनि प्राप्त गर्न सक्दछ ।

प्रकृत्याऽऽरक्तायास्तव सुदति दन्तच्छदरुचेः ।
प्रवक्ष्ये सादृश्यं जनयतु फलं विद्रुमलता ॥
नबिम्बं त्वद्बिम्बप्रतिफलनरागादरुणितं ।
तुलामध्यारोढुं कथमिव न लज्जेत कलया ॥६२॥

रसतरंगिणी

तिम्रो, मोती जस्तो प्रकाश छर्ने दाँतलाई छोप्ने ओठमा छाएको प्राकृतिक लालीको यो विश्व ब्रह्माण्डमा उपमा नै के छ र ? कुनै फल नफल्ने मुगाको जरा, जुन लहराजस्तो राम्रो देखिन्छ, त्योजत्तिको राम्रो अरू वस्तु देखिन्न । त्यसैले त्यो देखिने लालिमा र तिम्रो अधरमा छाएको लालिमा बराबर हुन सक्तैन, किनभने तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधरको लालिमा छाएर नै सृष्टिका वस्तुहरू रातो भएकोले ती वस्तुलाई राम्रो भन्दा तिम्रो ओठको लालिमालाई देखेर लाज मान्दछन् । यसरी सृष्टिका प्रत्येक वस्तुमा छाएका रूप रङ्ग गुण सबैनै जगदम्बाको अङ्ग-प्रत्यङ्गमा भएका रङ्ग, रूप, लावण्य आदि नै सृष्टिका वस्तुमा छाएका हुन् । यसरी सृष्टिमा देखा पर्ने रङ्ग रूप गुण सबैमा जगदम्बाको स्थिति विद्यमान भएको सिद्ध हुन्छ । त्यसैले, साधकले प्रकाश-विमर्शको सिद्धान्त अनुसार सम्पूर्ण सृष्टिका पदार्थमा जगदम्बाको स्थितिलाई देख्न सक्तछ भने, त्यही साधक अविद्या मायाको जालबाट मुक्त भएर विद्या मायाको बाटो लागेको मान्नु पर्दछ । भेदभावहीन समदर्शिता त्यस्ताको लक्षण हो ।

स्मितज्योत्स्नाजालं तव वदनचंद्रस्य पिबताम् ।
चकोराणामासीदतिरसतया चञ्चुजडिमा ॥
अतस्ते शीतांशोरमृतलहरीमम्लरुचयः ।
पिबन्ति स्वच्छन्दं निशिनिशि भृशं काञ्जिकधिया॥६३॥

रसतरंगिणी

मुस्कानपूर्ण ज्योत्स्नाजाललाई तिम्रो वदनबाट चन्द्रमाले पिउनाले नै प्रकाशपूर्ण बनेका हुन् । चन्द्रमाबाट छरिएका त्यही अमृतमय ज्योत्स्नालाई पिउनाले चखेवाहरूको चुच्चो बन्द भै लाटोजस्तो भै हेरिरहन्छन् । त्यसकारण आफ्नो जडता निवारणको लागि रातभर, औषधिको रूपमा तिम्रो शरीरमा रहेका अर्धचन्द्रको अमृतमय किरणलाई पिइरहन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण रोगलाई नाश गर्ने अमृत किरणको वर्षाले निरोगी बनाउने चन्द्रमामा पनि तिम्रो ज्योत्स्ना परेर नै समर्थ भएका हुन्। त्यसकारण र रोगसमेत नाश गर्न, तिम्रो शरीरबाट प्रस्फुटित अमृतमय ज्योत्स्ना चन्द्र-मण्डलद्वारा ग्रहण गरेमा जडता र रोग मुक्त हुन्छ। यो ध्यानको प्रक्रया हो र विज्ञ गुरुद्वारा सिकेर अभ्यास गर्नु पर्दछ ।

अविश्रान्तं पत्युर्गुणगणकथाम्रेडनजपा ।
जपापुष्पच्छाया तव जननि जिह्वा जयति सा ॥
यदग्रासीनायाः स्फटिकदृषदच्छच्छविमयी ।
सरस्वत्या मूर्तिः परिणमति माणिक्यवपुषा ॥६४॥

रसतरंगिणी

तिमी नथाकीकन आफ्नो पतिको गुणगान गरिरहन्छ्यौ, याने जपा पुष्पजस्तै रातो तिम्रो जिब्रो कहिल्यै थाक्दैन । स्फटिकजस्तै छवि भएकी सरस्वती जसमा बस्नाले माणिकजस्तै देह देखिन्छ ।

पराविद्याको साधना सरल छैन। शरीरमात्र हैन, मन-चित्त पनि विकारहीन स्फटिकज़स्तो सफा हुनु पर्दछ । विकारहीन हृदयमा जगदंबाको चिन्तन गरेर मन्त्र जप गरेमा सम्पूर्ण सृष्टिमा, रातो रगतको रङ्ग शक्तिको प्रतीक भएकोले, शक्ति प्रभाव फैलिन्छ। रातो रङ्ग फैलिनुको अर्थ शक्तिको फैलावट हो । यसरी विकारहीन हृदयमा भगवतीको चिन्तन गर्ने आदि ज्ञान-साधन सुलभ होस् भनेर नै शारदा पीठ श्रृंगेरीमा स्थापना भएको हो । यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवतीको स्फटिकजस्तो शुभ्र देहमा उपासकको दृष्टिकोण अनुसार भगवतीको चिन्तन गर्दा सृष्टिमा त्यही प्रभाव फैलिएको देखिन्छ । वास्तवमा पिण्ड–ब्रह्माण्डमा साधकको संकल्प भगवतीको कृपाद्वारा फैलिएको अनुभूति गर्नु नै सिद्धिको माध्यम बनेको हुन्छ । यसरी प्रत्येक कार्यको लागि भिन्न भिन्न रङ्गका प्रक्रया छन् त्यसलाई गुरुबाट जानेर उपासना गर्नु पर्ने हुन्छ ।

रणे जित्वा दैत्यानपहृतशिरस्त्रैः कवचभिः ।
निवृत्तैश्चण्डांशत्रिपुरहरनिर्माल्यविमुखैः ।।
विशाखेन्द्रोपेन्द्रैः शशिविशदकर्पूरशकलाः ।।
विलीयन्ते मात स्तववदनतांबूलकवलाः ।।६५।।

रसतरंगिणी

युद्धमा दैत्यहरूलाई जितेर शिरका मुकुट र कवचहरूसमेत खोस्न समर्थ भएपनि शिव निर्माल्यको अधिकारी चण्डको अंश देवताहरूले ग्रहण गर्न पाएनन्, तर चन्द्रमाजस्तै सेतो कर्पूर मिलाएको पानको बिरा चपाएर प्रसादस्वरूप दिंदा स्कन्द, हरि, इन्द्र आदि त्यही स्वीकार गरेर नै बलवान्, शक्तिवान् बनेका छन् । भगवान् शङ्कर कारणभूत अंश भएपनि वहाँको पूजाआजा गर्दा बाँकी प्रसाद शषांश चण्डेश्वरको भाग भएकोले देवताहरूले त्यो पाउँदैनन् । सम्पूर्ण दैत्यहरूलाई जितेर मुकुट कवच खोस्न सक्ने शक्ति र सामर्थ्य भएका देवताहरू शिवको उच्छिष्ट ग्रहण गरेर शक्तिवान् भएका होइनन्, बरु तिमीले ग्रहण गर्ने, सफा चन्द्रमाजस्तो रङ्ग भएको, कर्पूर र मिसाएको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानको बिरा चपाउँदा कृपा गरी फालेका केही कणलाई ग्रहण गरेर नै शक्तिवान् भएका हुन् ।

कर्पूरमिश्रित पान भन्नु नै सोमयुक्त अग्नि हो । भगवतीको प्रार्थनामा सोमअग्निसूर्यभक्षिणी पनि भनिएको छ । त्यसैले "**अग्नि सोम युगं योगं भानुर्भूत्वा चराचरं**" भनिएको छ । अग्नि नै शक्ति हो, जसको विना शक्ति-संचार नै हुन्न । विजयी बन्न शिवको अंश कर्पूर र शक्तिको अंश पान भनेपछि शिव सोम र अग्नि पानको प्रतीक रक्त, दुवैको प्रसाद जगदम्बाबाट मात्र प्राप्त हुने र त्यही प्रसाद प्राप्त गरेर नै देवताहरू स्कन्द, हरि, इन्द्र आदि अजेय र विजयी बनेका हुन् भनिएको हो ॥६४॥

विपञ्च्या गायन्ती विविधमपदानं पुररिपो–
स्त्वयाऽऽरब्धे वक्तुं चलितशिरसा साधुवचने ॥
तदीयैर्माधुर्यैरपलपितन्त्रीकलरवां ।
निजां वीणां वाणी निचुलयति चोलेन निभृतम् ॥६६॥

रसतरंगिणी

भगवान् त्रिपुरारिको पराक्रमको गीत वीणाको स्वरमा जब सरस्वतीले गाउँदछिन् त्यसबेला तिमीले शिर हल्लाउँदै मुखबाट "साधु साधु" शब्द निकाल्दछ्यौ । तिम्रो मुखबाट निस्किएको साधु शब्दको माधुर्यमा वीणाको तारको स्वर बिलाउन पुग्दछ । अनि सरस्वतीले लाज मान्दै आफ्नो पछ्यौरामा वीणा लुकाउँदछिन् ।

यहाँ भगवान् शिवको महिमामात्र सुन्न रुचाउने जगदम्बा, त्रिपुरारिको पराक्रम गीतलाई सुनेर शिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हल्लाउँदै साधु शब्द मुखबाट निकाल्दछिन् भन्नु, भू, भुवः स्वः यी तीन पुर भेदन गर्न भगवान् शिवबाहेक अरू समर्थ हुँदैनन् भन्नु हो । साधनाद्वारा तीन पुर भेदन गर्ने साधक स्वयं शिव भैसकेको हुन्छ । साधकले चक्र भेदन गर्दै जाने क्रममा मूलाधार चक्र भेदनपछि महासरस्वतीको उदय हुने हुँदा मेरुदण्डभित्रका स्नायु तन्त्री झंकृत हुन थाल्दछन् र नाद प्रकट हुन्छ । त्यही नादको तरङ्गले वैखरीको रूप धारण गर्दछ। साधकले त्यही नाद र वैखरीको सहायताले चक्र–भेदन गर्दै जाँदा शिवत्व प्राप्त गरेको जीवको गुण गान गौरवान्वित भैदिदा जगदंबा प्रसन्न भएर शिर हल्लाउँदै साधु शब्द उच्चारण गर्दछिन्। त्यही नै परावाणी हो । त्यो परावाणीको माधुर्य तरङ्गित हुँदा भौतिक वीणारूपी शरीरकोताररूप ती तन्तुहरूको नाद निस्प्रभ हुन्छ । अनि मूलाधार चक्रस्थित महा–सरस्वतीले रजो गुणको पछ्यौरीले वीणालाई लुकाएर लाज मान्दछिन् भन्नु पनि संहार अन्तरलीन प्रक्रियामा अग्निको प्रवाह स्वतः बढ्ने हुँदा त्यही क्रमलाई देखाउन खोजिएको हो र लाज मान्नुको अर्थ निस्प्रभ रहनु हो ।

नाद-वैखरीको सहायताविना परा-प्रासादसम्म पुग्न सकिदैन भने, यसकै सहायताले अघि बढ्दै जाँदा पराक्रम, सामर्थ्य आदिको उदय हुन्छ। पराप्रासादबाट वाणी तरङ्गित भएपछि ती सबै कुरा स्वतः विलीन हुन्छन्। अनि परममाधुर्यपूर्ण परावाणीको अगाडि महासरस्वतीको अवस्था निस्प्रभ हुन्छ । याने, जस्तोसुकै विद्वत्ता पनि मूक बन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करात्रेण स्पृष्टं तुहिनगिरिणा वत्सलतया ।
गिरीशेनोदस्तं मुहुरधरपानाकुलतया ॥
करग्राह्यं शंभोर्मुखमुकुरवृन्तं गिरिसुते ।
कथंकारं ब्रूमस्तव चिबुकमौपम्यरहितम् ॥६७॥

रसतरंगिणी

हिमालय पर्वतराजले वात्सल्यले आफ्नो हातले तिमीलाई मायाँ गर्दथे र भगवान् शम्भुले तिमीलाई अधर पानको लागि वारम्वार उठाएका छन्। तिम्रो चिउँडोको अपूर्व लावण्यलाई देखेर शिवले कुमालेले चक्र चलाउन समाएको डण्डीजस्तै, आनन्दको लागि समाएका छन् भने– तिम्रो अतुलनीय सौन्दर्यपूर्ण चिउँडोको बयान कसले गर्न सक्तछ ।

यो संसार कुमालेको चक्रजस्तै छ। कुनै पनि अवस्था स्थिर रहँदैन । श्री, सुख र सन्तान स्थिर रहोस् भनेर इच्छा राख्ने व्यक्तिले भगवतीको सुन्दर उपमारहित चिउँडोको ध्यान गरेमा कुमालेले चक्र चलाउन बलियो गरी समाएको लट्ठीजस्तै श्री-सम्पत्ति आदि दृढतापूर्वक स्थिर रहन्छ ।

भुजाश्लेषान्नित्यं पुरदमयितुः कण्टकवती ।
तव ग्रीवा धत्ते मुखकमलनालश्रियमियं ॥
स्वतः श्वेता कालागुरुबहुलजम्बालमलिना ॥
मृणालीलालित्यं वहति यदधो हारलतिका ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

भगवान् त्रिपुरारिले आफ्नो हातले अङ्गालो हालिराख्दा रोमान्चित भइरहने तिम्रो गर्धन, सुन्दर कमलको फूलजस्तो अनुहारलाई अडयाइराखेको कमलको डाँठजस्तो देखिन्छ। स्वतः सेतोमा कालो अगुरु मिसिंदा देखिने रक्त–श्यामलता भएको कमल नालजस्तो ग्रीवामा मोतीको मालाले अपूर्व शोभा प्राप्त गरेकोछ।

यहाँ पदार्थमा गर्धनको वर्णन गर्न खोजिएको छ तापनि तत्वार्थमा वैखरीतर्फ विचार गर्ने हो भने हार्द्ध शिव र सार्द्ध शक्तिलाई मानेर हार्द्ध कलाले सार्द्धकलालाई आलिङ्गन गरेपछि पराप्रासादमा सार्द्ध हार्द्ध कलाको योगको रूपमा उदय भएपछि मेरुदण्डको माथिल्लो भाग गर्धनमा अवस्थित आकाश गङ्गामा रहेकी चिति शक्ति पराको विमर्शको रूपमा प्रकट हुन्छिन्। अनि सूर्य चन्द्र नाडी सक्रिय भै मूलाधारमा प्रवाहित हुँदा शिवशक्तिको योग कालो अगुरुको रङ्गमा परिणत हुन्छ र सुषुम्नाद्वारा माथि चढ्दा चक्रस्थ तिम्रो सफा रङ्गमा पर्दा रछायाँ देखिन्छ र मोती जस्तो वैखरीको रुपमा तिमी अति नै सुन्दर देखिन्छ्यौ। याने मोतीजस्तो वैखरी विशुद्ध चक्रमा अति नै शोभायमान हुन्छ।

यतिसंमको स्थिति दीक्षित साधकले बुझ्नु नै हुनेछ। यसभन्दा बढी खुलाउन मर्यादाको उल्लंघन हुने हुँदा क्षमाप्रार्थी छु।

गले रेखास्तिस्रो गतिगमकगीतैकनिपुणे।
विवाहव्यानद्धप्रगुणगुणसंख्याप्रतिभुवः॥
विराजन्ते नानाविधमधुररागाकरभुवां।
त्रयाणां ग्रामाणां स्थितिनियमसीमान इव ते ॥६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

तिम्रो गलाको तीन रेखा गीतको गमक फैलाउन निपुण छ, कन्याको विवाहकालमा पहिराएको मङ्गलसूत्र जस्तो छ। विभिन्न रागहरू प्रकट हुने स्थान हो कि अथवा तीन-तीन रेखा गान्धार, मध्यम र षड्ज स्वरको सीमा रेखा हो ।

यहाँ भगवतीको, तीन रेखा भएको कण्ठस्थानलाई गीतलाई गम्काउने सरस्वतीको स्थानमा, मंगलसूत्र मा र स्वरको सीमामा तुलना गर्न खोजिएको छ ।

गायन विद्या र सौभाग्य प्राप्त गर्न खोज्ने साधक उपासकको लागि भगवतीको कण्ठको, तीन रेखासमेतको ध्यान उपासना गरेमा सौभाग्यको उदय हुन्छ भने गायन क्षेत्रमा भूः भुवः स्वः तीन पुरसम्म गान्धार, मध्यम, षड्ज तीन स्वरको गमक फैलाउनसक्ने हुन्छ । त्यसैले गन्धर्व विद्याका इच्छुकले त्रिरेखायुक्त भगवतीको कण्ठको ध्यान गर्नु उत्तम हुन्छ ।

मृणालीमृद्वीनां तव भुजलतानां चतसृणां ।
चतुर्भिः सौन्दर्यं सरसिजभवः स्तौति वदनैः ।
नखेभ्यः सन्त्रस्यन्प्रथममथनादन्धकरिपोः ।
चतुर्णां शीर्षाणां सममभयहस्तार्पणधिया ॥७०॥

रसतरंगिणी

उन्नत कमल–नालजस्ता तिम्रा चार बाहु शोभायमान छन् । जसको गुण–गान ब्रह्माजीले चार मुखले गरिरहेका छन् । किनभने पहिले अन्धक शत्रुको नङ्ग्राट पाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःसह दुःखबाट तिनै बाहुद्वारा उद्धार पाएका थिए। त्यसैले ती सुन्दर हातबाट संरक्षण पाई राख्न नै ब्रह्माले चारै मुखले गुणगान गरिरहेका हुन्।

उन्नत चार बाहु भक्त रक्षा गर्न सँधै तत्पर रहन्छन्। अन्धक दैत्यले दुःख दिदा भगवतीले नै त्यसबाट संरक्षण गर्नुभएको थियो। यहाँ रहस्यतिर विचार गर्दा अन्धक र ब्रह्मा दुई मुख्य पात्र देखा पर्दछन्। ब्रह्मा रजो गुण, सृष्टिको कारण हुन् भने, अन्धक काम–लिप्साको। अब सृष्टि र काम अन्योन्याश्रित छन् भने रजोगुण ब्रह्माको शत्रु अन्धक काम कसरी भयो ? अन्धकले विजयी वरदान पाएर आमा जगदम्बाप्रति नै आसक्त भएकोले नै त्यसको विनाश पनि भएको छ। पशुवत् कामलिप्सामा बाँधिनु, कर्तव्यबाट टाढा रहेर शक्तिलाई समेत कामको दृष्टिले हेर्नु, यो प्रक्रया पक्कै पनि रजोधर्मप्रति निष्ठावान्को हैन। रजोधर्मका अधिष्ठाता ब्रह्मा त शिव–शक्तिको दिव्य योगबाट प्रकट भएका दिव्य रूप या वस्तुप्रतिमात्र निष्ठावान् रहने हुँदा कामलिप्सा स्वतः शत्रु हुने नै भयो। यसरी वेदको प्रतिष्ठाविपरीत सबै कृत्यबाट रजोधर्म-लाई बचाएर यज्ञ प्रक्रया अक्षुण्ण राख्न उनै भगवतीको सुन्दर बाहुलीमात्र सक्षम भएकोले नित्य वन्दनीय छ। शत्रु-पीडाको अवस्थामा भगवतीका सुन्दर चार बाहुलीको चिन्तन गरे शत्रुभय नाश हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नखानामुद्यौतैर्नवनलिनरागं विहसतां ।
कराणां ते कान्ति कथय कथयामः कथमुमे ॥
कयाचिद्वा साम्यं भजतु कलया हन्त कमलं ।
यदि क्रीडल्लक्ष्मीचरणतललाक्षारुणदलम्॥७१॥

रसतरंगिणी

जसको नङ्को ज्योतिले नयाँ फुलेको शतपत्र कमलको चमकको उपहास गरिरहेको छ, तिम्रा त्यस्ता हातको छविको वर्णन हे उमे ! कसले गर्नसक्छ ? पाउमा लागेको लाहाले गर्दा पत्र रातो भएको कमलले अलिअलिमात्र भएपनि तुलना गर्न सक्छ कि !

जगदम्बाको अवयवको उपमा दिन मिल्ने पदार्थ संसारमा छँदैछैन । शृष्टिका जुनसुकै पदार्थ पनि उनकै लावण्यको कण बराबर अंश मात्र हुन्, तर यहा शंकराचार्यज्यूले बडो चतुरतापूर्वक लाक्षा रूप र रक्त कमलको उपमा प्रस्तुत गर्नु भएको छ। यहाँ, समुद्रबाट निस्किएकी लक्ष्मीको पद चिन्ह लाक्षारुण, रातो लाहा जस्तो रंगको र जलमानै फुल्ने रक्त कमल भन्नु, अग्नि सोमको योगपछि निर्मित सुधाको रंग रातो लाहा जस्तो हुन्छ। त्यस्तै, जल तत्वबाट उत्पन्न भएको कमलको रंग पनि गाढा संग्रीप जस्तो वा गाढा लाहाको रंग जस्तो हुन्छ र त्यही जल तत्वबाट उत्पन्न लक्ष्मीले पनि त्यही पदार्थमा टेकेर हिंड्दा अथवा खेल्दा पाउमा टाँसिएको पदार्थको छाप पनि त्यही नै लाहाजस्तो रंगको भनेर क्रीडा शब्दद्वारा लक्ष्मीको चञ्चल गतिलाई बुझाउँदै उनको स्थिर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताको लागि स्वाधिष्ठान चक्रमा रक्त कमलमा रातो लाहा रंगको माहुर लाएको लक्ष्मीको पाउको चिन्तनले ऐश्वर्य प्राप्त गर्न सक्ने संकेत दिन खोज्नुभएको छ ।

समं देवि स्कन्दद्विपवदनपीतं स्तनयुगं ।
तवेदं नः खेदं हरतु सततं प्रस्नुतमुखं ॥
यदालोक्याशङ्काऽऽकुलितहृदयो हासजनकः ।
स्वकुंभौ हेरंबः परिमृशति हस्तेन झटिति ॥७२॥

रसतरंगिणी

हे देवी ! स्कन्द र हेरंब दुबैले तिम्रो दुई स्तन पान गर्दछन् । गजमुखले तिम्रो स्तनपान गर्न आफ्नो सुंडले आफ्नो शिरको कलशलाई छाम्न पुग्दा तिमी हाँसेकी थियौ र हातले सुंडलाई झट्कारेर स्तन पान गराइथ्यौ। ती दुई दुध भरिएका स्तनले हाम्रो त्रासलाई नाश गरोस् ।

मूलाधारस्थित हेरम्ब आफ्नो सुंडले अमृतपानको लागि आफ्नो टाउकोमाथि स्तन खोज्नथाल्दछन् । सुषुम्ना मार्गमा अमृत संचार भएपछि तिनको सुंड झड्का खाएर त्रिकोण पीठमा खस्दछ र अमृत पान गर्दछन् भने ६ ओटा चक्र नै शिर भएका स्कन्द प्रत्येक मुखले अमृत पान गर्दछन् । यो स्थिति साधकको ऊर्ध्वरेता स्थितिमा पुगेपछि स्वतः अनुभूत हुन्छ । गजाननद्वारा अमृतपान नगरी चक्रस्थ स्कन्दले अमृत पान गर्न पाउँदैनन् । स्कन्दद्वारा अमृत पान नगरी स्नायुरूपी देवी-देवताहरूसम्म अमृतसंचार हुँदैन । स्नायुका–शाखा उपशाखासम्म संचार भएपछिमात्र वज्र देह बन्दछ र मृत्युको त्रासबाट मुक्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब भौतिक स्थितितिर विचार गर्ने हो भने पनि प्रत्येक पदार्थमा रसको संचार भएको पाइन्छ, जस्तै- जौ, गहुँ, धान, फल-फूल आदि सबैमा पूर्व अवस्था दूधनै हुन्छ। जस्तै- धान गहुँआदि अन्नपातहरू बाला लागेको वेलामा निचोरेर हेरे सेतो थोपा निस्कन्छ। त्यही सेतो तरल पदार्थकै चामल गहुँ आदि बन्दछ। यसरी जगदम्बाको स्तनबाट अमृतमय दूधको प्रवाह सृष्टिमा नहुने हो भने सृष्टिको विकास नै नहुने र जगदम्बाको अपार करुणाले भरिएको वास्तविकतालाई छोडेर जताततै अमृतको खोजी गरेर भौंतारिने साधकको स्थिति नै हास्यास्पद हुन्छ। पयस्विनी आमाको जताततै व्याप्त स्थितिलाई अनुभूति गर्ने साधकनै त्रासमुक्त हुन्छ ।

अमू ते वक्षोजावमृतरसमाणिक्यकुतुपौ ।
न सन्देहास्पन्दो नगपतिपताके मनसि नः ॥
पिबन्तौ तौ यस्मादविदितवधूसंगमरसौ ।
कुमारावद्यापि द्विरदवदनक्रौञ्चदलनौ ॥७३॥

रसतरंगिणी

अमृत रसले भरिपूर्ण माणिकको कलश समान तिम्रा स्तन छन् । यसमा रत्तिभर पनि सन्देह छैन । जसलाई पान गरेर गणेश, कुमार, दुवै कुमारावस्था मा नै छन् । यी दुवैको मनमा स्त्रीप्रसङ्गको भाव कहिल्यै आएन ।

माणिक्य कलश-समान स्तनपान गर्ने गणेश र कुमारमा सान्सारिक विकृति अथवा काम वासनाको भावना उदय भएन भन्नु नै षट्चक्र चिन्तन गरी अमृत पान गर्ने साधकको मनमा काम वासनाको उदय हुँदैन भनिएको हो । कामको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवाह पञ्च-भूतमा मात्र हुने हुँदा चक्रस्थ गुणको रूपमा अवस्थित दवता र पीठमा कामको गति पुग्दैन। यसरी षट्चक्र चिन्तनशील साधक सनकादि ऋषिहरूजस्तै संधै कौमार्य अवस्थामा रहन्छन्। चक्रमा चिन्तनको लय भएपछि अनुपम आनन्दको अनुभूति हुन थाल्दछ। त्यस वेला सोमको क्षरण नहुने हुँदा दीर्घकालसम्म आनन्दको अनुपम अनुभूति भइ-रहन्छ। यस्ती नित्यानन्ददायिनी मातृ शक्तिको आश्रयलाई त्यागर, क्षणिक आनन्दको अनुभूतिको लागि, शोषण क्रियामा प्रवीण र तल्लीन भैरवी शक्तिको आश्रित बन्न त प्रश्न नै उठ्दैन।

वहत्यम्ब स्तंबेरमदनुजकुंभप्रकृतिभिः।
समारब्धां मुक्तामणिभिरमलां हारलतिकां॥
कुचाभोगो विम्बाधररुचिभिरन्तःशबलितां।
प्रतापव्यामिश्रां पुरदमयितुः कीर्तिमिव ते॥७४॥

रसतरंगिणी

गजासुरको कुम्भजनित मुक्तामणिको सेतो हार तिम्रो कुच भागमा धारण गर्दा, त्यसमा तिम्रो छायाको विम्ब पर्दा, बीच भागमा रातो देखिने भई भगवान् शिवको प्रतापरूपी कीर्तिको संमिश्रणको रूपमा रहिआएको छ।

यहाँ हार्द र सार्द्ध कलाको योग छ, जसलाई मिश्रविन्दु अथवा अर्द्ध नारीश्वर मानिन्छ। सृष्टिप्रति अनुग्रह हुने अवस्थामा, शुक्ल र रक्त विन्दुको रूपमा विभाजित हुन्छ र भगवान् शिव सेतो र शक्तिको रातो रंगमा विभाजित हुन्छ। अनि शिवले शक्तिलाई सृष्टिको पूर्वाधारको लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्मल क्षितिजमा पठाउनु हुन्छ । शक्तिले १६ कलाको रुपमा पूर्वाधार बनाएर कारणरूप शिवलाई आव्हान गर्दछिन् । अनि मन्मथ कलामा आबद्ध कारणरूप शिव र शक्तिको उदय उनकै धाम अनाहत चक्रमा हुन्छ र सृष्टि प्रक्र्या प्रवर्तित हुन्छ ।

उक्त प्रक्र्या दर्शाउन, मूलाधार चक्रबाट (जहाँ गणेशको स्थिति छ,) तरङ्ग नादको कारण नै वैखरीको आकार प्रष्ट हुन्छ । त्यही वैखरीलाई नै गज–मुक्ताको उपमा दिइएको छ। कुच भागमा धारण गर्नुको अर्थ अनाहत चक्रको संकेत हो भने कुच अमृत–पूर्ण अनुग्रह हो। यो चक्रको सामरस्य भई वैखरीको रंग सेतो रंगमा शक्तिको रातो रंग पर्दा बीचको मोतीको भाग अरुणजस्तै रातो देखिनुको-अर्थ हो कारण रूप शिवमा मात्र आश्रित रहेकी शक्ति कल्याणाभिमुख भएकी छन् । शिव नभै शक्ति नरहने, शक्ति नभै सृष्टि नहुने हुँदा निरंकुश शक्तिलाई कारणरूप शिवले आफूमा मात्र आस्थावान् बनाउनु पुरुषार्थ हो भने यसबाट भएका उत्पन्न सृष्टिका पदार्थ कीर्ति हुन् ।

तव स्तन्यं मन्ये धरणिधरकन्ये हृदयतः ।
पयः पारावारः परिवहति सारस्वतमिव ॥
दयावत्या दत्तं द्रविडशिशुरास्वाद्य तव यत् ।
कवीनां प्रौढानामजनि कमनीयः कवयिता ॥७५॥

रसतरंगिणी

हे हिमालयपुत्री, तिम्रो मनोहर स्तन, अमृतसमान दुधले छचल्किएका सरस्वती (विद्या) को अपार निधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(खजाना) हुन् भनी मान्दछु । तिमीले दया गरेर द्रविड शिशुलाई त्यो दुध पिलाईदिदा, ऊ महान् कविहरूले पनि क्याबात् भन्नुपर्ने कविताहरू रच्न सक्ने भयो ।

यहाँ सुन्दर कविता रच्ने क्षमताको लागि पयोधरको ध्यान गर्नु पर्ने तथ्यलाई दर्शाइएको छ । विद्याप्राप्तिको लागि जगदम्बाको पयोधरको ध्यान गर्नाले साधकप्रति दया गर्दै सरस्वती नदीरूपी सुषुम्णा नाडीबाट दुग्ध प्रवाह गरी पिलाउँदछिन्, अनिमात्र विद्या खुल्छ । द्रविड बालक, आद्य शंकराचार्य आफै हुन्, उनले उपासनाद्वारा नै समस्त विद्या र अत्युच्च कवित्व शक्ति प्राप्त गरेका हुन् ।

हरक्रोधज्वालावलिभिरवलीढेन वपुषा ।
गभीरे ते नाभौसरसि कृतसङ्गो मनसिजः ॥
समुत्तस्थौ तस्मादचलतनये धूमलतिका ।
जनस्तां जानीते जननि तव रोमावलिरिति ॥७६॥

रसतरंगिणी

महादेवको क्रोध ज्वालाले शरीर तातेपछि अधीर भएर, तिम्रो गम्भीर नाभिमा गएर काम लुक्यो । हे गिरिकन्ये! त्यसबाट निस्किएको धुवाँको मुस्लो जो छ, त्यसलाई नै संसारले तिम्रो चम्किलो रोमावली भनी ठानेका छन् ।

नाभिस्थान सम्पूर्ण वासनाको संचयस्थल हो । मणिपुर चक्र भगवान् रुद्रको स्थान हो । यही चक्र अग्नि-तत्व पनि हो । काम्य वासनाको उदय भएपछि त्यो संकल्पको लहर शरीरभर फैलिन्छ, शरीरमा अग्नि तत्वको ताप बढ्न थाल्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस बेला रुद्रको क्रोध भन्नु कामोत्तेजलाई नै मान्नु युक्ति संगत हुन आउँदछ। यसरी कामोत्तेज फैलिई बुद्धि विवेक हराउँदा, मणिपुर चक्रस्थ भगवान् कालाग्नि रुद्रको चिन्तन गरेमा त्यस चक्रमा मन पुग्नेवित्तिकै वासनारूपी काम जल्न थाल्दछ। त्यस बेला साधकको सम्पूर्ण शरीर आनन्दले रोमाञ्चित हुन्छ, अपूर्व आनन्दको अनुभूतिले रोमरोममा तरङ्ग फैलिन्छ र साधकको शरीरमा दिव्य आभाको चमक देख्न सकिन्छ। यो प्रक्रया योगको क्रमबाट जान्नुपर्छ। वासना क्षय गराउन योभन्दा उत्तम उपाय अरू छैन। यो प्रक्रियालाई दिव्य गुरुको सान्निध्यमा रहेर सिक्नु पर्छ।

यदेतत् कालिन्दीतनुतरतरङ्गाकृति शिवे।
कृशे मध्ये किञ्चिज्जननि तव यद्भाति सुधियां ॥
विमर्दादन्योन्यं कुचकलशयोरन्तरगतं।
तनूभूतं व्योम प्रविशदिव नाभिं कुहरिणीम् ॥७७॥

रसतरंगिणी

हे शिवे! यमुनाको सूक्ष्म धाराको तरङ्गजस्तो तिम्रो मध्य भाग देखिन्छ। विचार गर्दा तिम्रो कुच कलश दुईको घर्षणले पिसिएर धुलो भएको आकाश, सम्पूर्ण अशुभ नाश गर्ने तिम्रो गहिरो नाभिमा प्रवेश गरेको जस्तो लाग्छ।

यहाँ आकाश तत्वबाट मणिपुर चक्रसम्म यमुना (पिङ्गला) को प्रवाहले सम्पूर्ण कुवासनाको क्षय गरी स्मृतिको अभिवृद्धि हुने प्रक्रया बताइएको छ। त्यहाँ आकाश तत्व विशुद्ध चक्रमा स्थित छ र शुद्ध मातृकाको सूक्ष्म नील लोहित आभा पिङ्गला मार्गद्वारा नाभिस्थ मणिपुर चक्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गई त्यहाँ रहेको सम्पूर्ण वासना तत्क्षणै नाश हुन्छ; त्यसैले कुहरिणी भनिएको हो ।सम्पूर्ण स्नायु पुन्जको प्रधान दश स्नायुको बीचमा प्रमुख स्नायुको रुपमा रहेको इडा पिङ्गला र सुषुम्णालाई योगीहरूले गंगा, यमुना र सरस्वतीको नामले चिन्दछन् ।

मानिसको अभ्युन्नतिमा बाधक बनेका उसका इच्छा र आकाँक्षा उसकै पूर्व जन्मका अपूर्ण संकल्पहरू नै हुन् । पूर्व जन्मको वासना–संचितिस्थल मणिपुर चक्र नाभि-स्थानं हो । यसैले मूलाधार चक्रबाट सुषुम्णा मार्गद्वारा प्रवाहित अमृतको अवरोह क्रममा यिनै इडा र पिङ्गलाको मार्गद्वारा नै अमृत तत्व प्रवाह हुने क्रममा विशुद्ध चक्रस्थ मातृकाको लोहित र भगवान् सदाशिवको नील रश्मिको मिथुन धाराको प्रवाह मणिपुर चक्रमा नभएसम्म वासना क्षय नहुने हुँदा त्यही पिङ्गला मार्गबाट कृपापूर्ण नील लोहित रश्मि प्रवाहको प्रक्रया बुझाउनु नै यो श्लोकको अभिप्राय हो ।

स्थिरो गंगाऽऽवर्तः स्तनमुकुलरोमावलिलता ।
निजावालं कुण्डं कुसुमशरतेजोहुतभुजः ॥
रतेर्लीलागारं किमपि तव नाभिर्गिरिसुते ।
बिलद्वारं सिद्धेर्गिरिशनयनानां विजयते ॥७८॥

रसतरंगिणी

हे जगदम्बा ! तिम्रो नाभिकुण्ड गंगाको आवर्त हो भने मदन तेजको अग्नि कुण्ड पनि हो । तिम्रो युगल कुच प्रदेशका रोम लत.को उद्गम स्थल खाल्डो, तिम्रो त्यो नाभि, रतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लीलागार पनि हो। शिवको दृष्टिलाई पनि विजय गर्ने, नेत्रलाई आनन्द दिने, समस्त सिद्धि प्रदान गर्ने, शिवको पर्वतीय गुफा हो। तिम्रो नाभिकुण्ड सदा विजयी छ।

यहाँ नाभिचक्रको महत्व र त्यहाँ शक्तिको भूमिकालाई दर्शाउन खोजिएको छ। वासनाको उद्‌गमस्थल भएकोले मदनको अग्निकुण्ड भनिएको हो, जहाँबाट कामाग्निको प्रवाह हुन्छ। समस्त संकल्पको संचितिस्थल भएकोले राम्रो लागेर गरिने संकल्प नै वासना भएर संचिति हुने स्थल भएर नै खाल्डो भनिएको हो। अनि सबैलाई जित्ने त्यो गम्भीर नाभि गंगाको पवित्र प्रवाहलाई वासनाको भुमरीमा डुबाउने स्थल पनि हो। भगवान् सदा शिवबाट प्रवाहित शुक्ल विन्दुको प्रवाहलाई स्रष्टा प्रजापतिको संकल्प अनुरूप वासनाको रंग भर्ने प्रक्र्या यसै चक्रमा हुने हुँदा गंगाको आवर्त भनिएको हो। कामको प्रवाह छाउनु हो भने रतिको प्रक्र्या लीला वा क्रीडा हो। विभिन्न प्रक्र्या वा क्रीडाद्वारा कामोद्दीपन गरी सृष्टिप्रति कारणरूप शिवको प्रतीक शुक्रको क्षरण गराउने कलाको उद्‌गम स्थल भएकोले नै रतिको लीलागार भनिएको हो। विद्याको प्रक्र्याद्वारा समस्त वासनाको क्षय भै **"एकोहं बहुस्याम्"** भन्ने स्थितिका साधक शिवनै हुन्। यो शास्त्रको उक्ति हो। त्यस्ताको लागि सम्पूर्ण प्रकारको सिद्धि प्रदान गर्ने र नयनलाई सुख दिने भन्दा तात्विक दृष्टिमा भौतिक वस्तुको महत्व हुन्न। त्यसैले कामलाई आकर्षण गर्ने भौतिक शरीरको चिन्तन नभै भगवान् कालाग्नि रुद्रसंग सृष्टि-स्थिति-संहार क्रममा संलग्न क्र्या शक्तिको रूपमा विद्यमान् जगदम्बा, आद्या कालीको रूपमा यसै चक्रमा विद्यमान भएकीले जगदम्बाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तन गरी वहाँको महिमाप्रति नतमस्तक साधकहरूको समस्त संकल्प परिपूर्ति गर्ने क्रममा अष्टसिद्धिहरू यही चक्रमा विद्यमान छन्। भगवान् महेश्वरद्वारा नियन्त्रित वासनाको डोरीमा आबद्ध प्राणीलाई भोगको प्रक्रयाद्वारा वासना भोगाई कर्म बन्धन मुक्त गर्ने प्रक्रयामा तल्लीन जगदम्बा आद्या कालिकाको अवर्णनीय लीलालाई हेरेर भगवान् शिवको नेत्रको मन्दिर भएको भन्ने तथ्यलाई मान्नु उपयुक्त ठान्दछु। त्यसैले, शिवको लागि प्रिय गिरिकन्दराजस्तो देखिने नाभिचक्र जीवको लागि बन्धन र मुक्ति दुबै प्रदान गर्ने महत्वपूर्ण चक्रको रूपमा रहेको छ।

निसर्गक्षीणस्य स्तनतटभरेण क्लमजुषो ।
नमन्मूर्तेर्नाभौ वलिषु च शनैस्त्रुटयत इव ।।
चिरं ते मध्यस्य त्रुटिततटिनीतीरतरुणा ।
समावस्थास्थेम्नो भवतु कुशलं शैलतनये ।।७६।।

रसतरंगिणी

कटि प्रदेश आफैं पातलो छ। स्तनको भार लिएर हिड्दा त त्यो सुन्दर कोमल प्रदेशमा स्तन-भारले केही झुक्दा पर्ने, नदी तटका भांचिएका वृक्षहरू जस्तै देखिने, त्रिबलि संतुलन बनाउन कुशल छन्। तिनको कुशल रहोस्।

संपूर्ण सृष्टि संतुलनमा अडेको छ। सौन्दर्यकी खानी शैलतनयाको क्षीणकटि स्वाभाविक सौन्दर्यको प्रतीक हो। युगस्तनले विश्वंभरा, अनुग्रह। याने संपूर्ण सृष्टिको भरण पोषणको लागि गमन गर्दा विश्वलाई पोषण गर्ने तिम्रा ती दुई स्तनको भारले केही नुहिँदा नाभि-प्रदेशमा स्वतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिबलि बन्दछ। नदी तटमा ढलेका रूखजस्तो देखिने त्यो त्रिवलय तिम्रो विश्वंभरा स्वरूपको अनुग्रहको प्रतीक मात्र हैन; सृष्टि, स्थिति, संहार, तीनै अवस्थाको संन्तुलन हो। हे शैलतनये! तिम्रो तीन रेखामय, तीनै अवस्थालाई संतुलित राख्ने महान् कुशलता संधै रहिरहोस् ।

यसरी सृष्टि, स्थिति, संहार तीनै अवस्थामा जगदंबाले संपूर्ण सृष्टिलाई सन्तुलित राखेकी छिन् भन्ने तथ्य यस श्लोकबाट बुझिन्छ। साधकले उक्त ध्यान प्रक्रिया-द्वारा आफ्नो सन्तुलन बनाई राख्न समर्थ हुन्छ ।

गुरुत्वं विस्तारं क्षितिधरपतिः पार्वति निजात् ।
नितंबादाच्छिद्य त्वयि हरणरूपेण निदधे ॥
अतस्ते विस्तीर्णो गुरुरयमशेषां वसुमतीं ।
नितम्बप्राग्भारः स्थगयति लघुत्वं नयति च ॥८०॥

रसतरंगिणी

गुरुत्व र विस्तार, पार्वतीले आफ्नो पिता पर्वतराज हिमालयबाट दाइजोको रूपमा पाएकी हुन् । त्यसैले तिम्रो वस्ति-प्रदेश र नितंबले पृथ्वीलाई स्थिर गरेर सानो समेत पारेको छ ।

अनन्त कोटि ब्रह्माण्डमा शक्तिको गुरुत्व र विस्तार क्रमतर्फ विचार लगाउने हो भने ब्रह्माण्डका अनगिन्ती पिण्डहरू कुनै पनि पूर्णतया गुरुत्व र विस्तारलाई फैलिनबाट रोक्न सक्ने तागत भएका छैनन् । त्यसैले शक्तिको विस्तार र गुरुत्वको असीमित क्षितिजमा पृथ्वी सानो र गतिरुद्ध देखिनु स्वतःसिद्ध छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिका उपासकहरूले सीमित परिधिभित्र मात्र सीमित रहनु पर्दैन। जस्तै, आमाको दाइजो स्वतः सन्तान हकदार भई उपभोग गर्न पाउँदछ, त्यस्तै साधकले असत्य-प्रति गुरुत्व र सत्यप्रति शक्तिविस्तारक्रमसंगसंगै मन बुद्धि, चित्त, अहंकारबाट निर्मित सूक्ष्म देहलाई फैलाउनु पर्दछ। अनिमात्र अपरिमित शक्तिको महत्ता बोध हुन्छ।

कुचौ सद्यःस्विद्यत्तटघटितकूर्पासभिदुरौ ।
कषन्तौ दोर्मूले कनककलशाभौ कलयता ॥
तव त्रातुं भङ्गादलमिति विलग्नं तनुभुवा ।
त्रिधा नद्धं देवि त्रिवलिलवलीवल्लिभिरिव ॥८१॥

रसतरंगिणी

यौवन मद उष्माले भरिएको तिम्रो स्तनमा जलकण पर्दा अति शोभायमान छ। बलियोसंग कसेको चोलीलाई भेदन गरेर वाहुमूलसम्म पुगेको छ। कामदेवले सुनको कलश जस्तै महत्वपूर्ण ठानेर तीन धर्का भएको तीन लहराले बीचमा राम्ररी कसिदिए ।

कामदेव, जगदंबा महात्रिपुरसुन्दरीकै पुत्र हुन्। शिवले कामदेवलाई भष्म गरेपछि जगदंबाले पञ्च पुष्प वाण र धनु आफ्नो हातमा लिएकी हुन्। एउटै शक्तिको अवस्था अनुसार भिन्नाभिन्नै स्थिति हुन्छ। एउटै शक्ति आमा बनेर सन्तानको पोषण गर्दछ भने पतिको लागि पत्नी बनेर शोषण पनि गर्दछे। यही शोषण प्रक्र्याद्वारा मृत्युको मुखसम्म पुऱ्याइदिन्छे पनि ।

शक्तिको यही अवस्थालाई गुणतिर मिलाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार गर्दा सत्व रज तम तीन गुणमा पोषण, शोषण, मृत्युको रूपमा अनुभव गर्न सकिन्छ ।

रजः क्रममा पोषण, सत्व क्रममा संरक्षण, तमः क्रममा शोषणको क्रम विद्यमान भएको हुँदा कामदेवले स्वर्ण कलश जस्तो महत्वपूर्ण ठानेर गुण रूपी डोरीको बीचमा कसेको अक्षर ३ ओटा लहरालाई मान्नु उचित ठान्दछु ।

करीन्द्राणाम् शुण्डान् कनककदलीकाण्डपटली ।
मुभाभ्यामूरूभ्यामुभयमपि निर्जित्य भवती ॥
सुवृत्ताभ्यां पत्युः प्रणतिकठिनाभ्यां गिरिसुते ।
विजिग्ये जानुभ्यां विबुधकरिकुंभद्वयमपि ॥८२॥

रसतरंगिणी

हात्तीको सुंड र सुनको केराको खंवालाई मात गर्ने तिम्रा दुई जंघा छन् । हे आमा ! पतिलाई प्रणाम गर्दा कस्सिएर गोल परेको तिम्रा पिडौली दुई ऐरावत हात्तीको शिरमा रहेका दुई कलशलाई मात गर्दछन् ।

यहाँ गज शुंडलाई कुण्डलिनीको अधो भाग मानी स्वर्णमय मूलाधार चक्रमा त्यसको तुलना गर्न खोजिएको छ भने भगवान् स्वयंभू समर्पित हुँदाको अवस्थामा त्यो तल्लो भाग, जसलाई पिंडौली भनिएको छ, लाई विजयी ऐरावतको शिरको कुंभजस्तो भनी उदाहरण प्रस्तुति गरिएको छ ।

पुरा जेतुं रुद्रं द्विगुणशरगर्भौ गिरिसुते ।
निषङ्गौ ते जङ्घे विषमविशिखो बाढमकृत ॥
यदग्रे दृश्यन्ते सितशरफलाः पादयुगली-
नखाग्रच्छद्मानः सुरमुकुटशाणैकनिशिताः ॥८३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

पहिले रुद्र विजय गर्न तिम्रो जांघलाई तूणीर (ठोक्रो) बनाएर त्यसमा पंच पुष्प बाणलाई डबल गरेर राखेजस्तै तिम्रा ती दुई पाउका औंलाहरू देखिन्छन् । जसको अग्रभाग बाणको टुप्पोजस्तै धारिलो छ । देवताहरूको शिरको मुकुटहरूले शान लगाएर तिम्रा पाउका नङलाई तिखो बनाएको छ ।

यहाँ भगवतीको जांघलाई कामदेवको बाण राख्ने ठोक्रो र पाउका अंगुलिलाई पुष्प बाणको उपमा दिंदै सबै देवताले ती मणिहरूको चरणमा शिर नुहाउँदा मुकुट घर्षणले बाणको टुप्पोजस्तो तिखो भएको भनी जगदम्बाको चरण कमल र उज्यालो नङको प्रभावलाई देखाइएको छ, जसको स्मृतिमात्रले पनि संपूर्ण अशुभहरू नाश भै अति भाग्यवान् बनिन्छ । मुक्तिपछिको विश्रान्ति स्थल पनि आमाको चरणकमल नै हो ।

श्रुतीनां मूर्द्धानो दधति तव यौ शेखरतया ।
ममाप्येतौ मातः शिरसि दयया धेहि चरणौ ॥
ययोः पाद्यं पाथः पशुपतिजटाजूटतटिनी ।
ययोर्लाक्षालक्ष्मीररुणहरिचूडामणिरुचिः ॥८४॥

रसतरंगिणी

हे आमा, जसलाई श्रुतिहरूले आफ्नो गहना मानेर शिरमा धारण गरेका छन्, दया गरेर, मेरो शिरमा पनि ती पाउ राखिदेऊ । त्यही चरण-प्रक्षालन-जललाई नै भगवान् पशुपतिले गंगाको रूपमा आफ्नो शिरको जटामा राख्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ। पैतालामा भएको लाहाजस्तो रातो रङ, हरिको केशमा लाग्नाले अरूण मणिजस्तो शोभायमान छ।

यहाँ जगदंबाको चरण कमलको महिमालाई देखाउन खोजिएको छ। जुन पाउबाट निस्किएको जल संपूर्ण पाप नाश गर्न सक्ने गंगाको रूपमा प्रवाहित हुँदा भगवान् पशुपतिले आफ्नो जटामा धारण गर्नाले गंगाधर नामले धन्य भए भने हरिले त्यही पाउलाई शिरमा धारण गर्दा पैतालाको लाहाजस्तो रातो रङ हरिको केशमा लाग्दा अरुण मणिजस्तो चम्किलो भएको छ भन्नु, आमाको चरण कमललाई सहस्त्रारको कमल कर्णिकामा चिन्तन गरेमा संपूर्ण पाप नाश भै षड्भग ऐश्वर्यवान् भै धन्य बन्दछ भन्नु हो।

हिमानीहन्तव्यं हिमगिरिनिवासैकचतुरौ।
निशायां निद्राणं निशि च परभागे च विशदौ॥
वरं लक्ष्मीपात्रं श्रियमतिसृजन्तौ समयिनां।
सरोजं त्वत्पादौ जननि जयतश्चित्रमिह किम्॥८५॥

रसतरंगिणी

हिउँमा कमल मर्दछ तर तिमी हिउँको प्रभावलाई निस्प्रभ पार्दै चंलाकीपूर्वक हिमालयमा बसेकी छ्यौ। कमल त रातमा मात्र फुल्दछ, तर तिमी रात–दिन शोभायमान छ्यौ। (कमल रमाको पात्र पनि हो) समयी जनहरूमा शुभ मतिको सृजना गर्दछ्यौ। यस्तो तिम्रो पाउरूपी कमल विजयी छ। हे आमा! यसमा केही आश्चर्य छैन।

यश, प्रभुता, सामर्थ्य, श्रीसंपत्ति, क्षमता, आदिको स्रोत जगदंबाको पाउ हो। यही पाउको चिन्तन–पूजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयाचारबाट गर्ने क्रम बताइएको छ । समयाचारका साधकलाई नै समयी भन्दछन् । समयाचारमा दीक्षाक्रम-बाट प्रवेश गर्नु पर्दछ ।

नमो वाकं ब्रूमो नयनरमणीयाय पदयोः ।
तवास्मै द्वन्द्वाय स्फुटरुचिरसालक्तकवते ॥
असूयत्यत्यन्तं यदभिहननाय स्पृहयते ।
पशुनामीशानः प्रमदवनकङ्केलितरवे ॥८६॥

रसतरंगिणी

हेरिरहुँजस्तो लाग्ने तिम्रा चरणकमललाई हामी नित्य प्रणाम गर्दछौं, किनभने, ती संपूर्ण इच्छालाई पुरा गर्ने रस-युक्त माहुरले असाध्य नै शोभायमान छन् । त्यहीँ पादा-घातको अभिलाषा राख्ने प्रमद वनका अशोक वृक्षहरूसंग भगवान् महेश्वर हृदयमा द्वेष राख्नुहुन्छ ।

दृश्य जगत्लाई नाटकको दृष्टिले हर्ने हो भने प्रत्येक पदार्थ नाटकका पात्र र सूत्रधार महेश्वर भएको स्पष्ट बोध हुन आउँदछ । पात्रले निर्वाह गर्नु पर्ने भूमिका दुःख र सुख हुन् । जब जगदंबाको पाउको प्रभावरूपी आघात पात्रमा पर्दछ, ऊ दुःख र सुखको भूमिका निर्वाह गर्नुबाट उम्केर मुक्त हुन्छ । भूमिकालाई बीचमा छोडेर मुक्त हुन खोज्ने पात्रले हृदयमा चरण कमलको चिन्तनको अभिलाषा राखि-छोड्ने हुँदा सूत्रधार महेश्वरले त्यस्ता पात्रप्रति द्वेष राख्नु स्वभाविकै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृषा कृत्वा गोत्रस्खलनमथ वैलक्ष्यनमितं ।
ललाटे भर्तारं चरणकमले ताडयति ते ॥
चिरादन्तःशल्यं दहनकृतमुन्मूलितवता ।
तुलाकोटिक्वाणैः किलिकिलितमीशानरिपुणा ॥८७॥

रसतरंगिणी

गोत्रलाई झुठो गरेर, लक्ष्यबाट खसेर, शिर नुहाएर बसेका आफ्ना पतिको निधारमा चरणकमलले ताडन गर्दा धेरै कालदेखि भित्रभित्र सल्किरहेको कामदेव भगवतीको पाउजेबको कणकण शब्द सुनेर सिंहनाद गर्न थाले ।

आज्ञाचक्रबाट शक्तिले निर्माण गरेको सृष्टिको पूर्वाधार-लाई हेरिरहेका शिव, शक्तिविना लक्षहीन भएर तलतिर हेरिरहेको अवस्थामा अग्नितत्व ताप कारक हुन्छ । त्यसको प्रकृया बढेर चित्रा स्नायुद्वारा तापपूर्ण शक्तिको प्रवाह ठोकिन पुग्दछ । अनि त्यही तापको कारणले सोमरूपी शिवको क्षरण हुन थाल्दछ । अनि कारणरूप शिव (सोम) लाई आबद्ध गरेर नै सृष्टि क्रम शुरू हुन्छ । अकुल शिव, कुल शक्तितिर उन्मुख भएको अवस्थामा रक्तरूपिणी शक्तिमा कामरूपी ताप बढेरमात्र सोमरूपी शिवको क्षरण गर्न सक्ने हुँदा रक्त प्रवाह बढ्नेबित्तिकै तापको रूपमा स्मरको प्रभाव तरङ्गित हुन्छ भने, संहार क्रममा अग्निको प्रकृया वृद्धि हुँदा अकुल शिवसंग कुल शक्तिको योग हुँदा सोमको क्षरण नहुने हुँदा त्यस बेला कामको तरङ्ग भस्म हुन्छ । यही नै संहार क्रम हुँदा संहार क्रममा निष्कृय रहेको स्मर सृष्टि क्रममा पूर्ण सहयोगी बन्दछ । यो सबै योगको प्रकृया-बाट जान्नुपर्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदं ते कान्तीनां प्रपदमपदं देवि विपदां ।
कथं नीतं सद्भिः कठिनकमठीखर्परतुलां ॥
कथंचिद् बाहुभ्यामुपयमनकाले पुरभिदा ।
यदादाय न्यस्तं दृषदि दयमानेन मनसा ॥८८॥

रसतरंगिणी

विपद्लाई नाश गर्ने तिम्रो कमलो पाउ कान्तिले पूर्ण छ। त्यो पाउलाई सज्जनहरूले कछुवाको पीठजस्तो सान्हो किन भनेहोलान् ? जुन पाउलाई विवाहको बेला भगवान् शिवले दया गरेर आफ्नो हातले उठाएर पत्थरमाथि राख्नुभएको थियो ।

जगदंबाको पाउको चिन्तनले संपूर्ण विपद् र आपत्तिहरू नाश भएर जान्छन्। त्यो पाउको प्रतिबिंब नै सन्सारमा देखिने उत्कृष्ट कान्तिपूर्ण वस्तुहरू हुन् भने पाउको लावण्य, कान्तिको वर्णन गर्न सक्षम कोही छैनन्। जान्ने जनहरूले कछुवाको खप्परजस्तो भन्नुको कारण त्यही खप्पर नै कछुवाको रक्षक भै, बाहिरी विपदाबाट भित्रको कछुवा-लाई रक्षा गरेजस्तै, जगदंबाको पाउले भक्तहरूको रक्षा गर्दछन्। त्यसैले उपमामा कछुवालाई प्रस्तुत गरिएको हो। विवाहको बेला भगवान् शिवले पाउको महत्ता दर्शाउन मणिमण्डपमा राख्नुभएको थियो र पाउको विभिन्न रङ्ग-युक्त कान्ति मणिमा पर्दा, मणिबाट परावर्तन भएर अनन्त कोटि ब्रह्माण्डमा कान्ति छरिंदा देखिएको अनुपम सौन्दर्य प्रदर्शन नै पाउको महत्ता हो र पाउ नै समस्त सृष्टिको आश्रय स्थल पनि हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नखनाकिस्त्रीणां करकमलसंङ्कोचशशिभि–
स्तरूणां दिव्यानां हसत इव ते चण्डि चरणौ ॥
फलानि स्वस्थेभ्यः किसलयकराग्रेण ददतां ।
दरिद्रेभ्यो भद्रां श्रियमनिशमन्हाय ददतां ॥८६॥

रसतरंगिणी

तिम्रो नङरूपी चन्द्रमालाई देखेर देवपत्नीहरूले फैलिएको कमलजस्ता हातलाई बन्द गरेर नमस्कार गर्दा तिम्रो पद कमलले स्वर्गको कल्प वृक्षलाई नै उपहास गरिरहेछ । किनकि कल्प वृक्षले स्वर्गमा देवताहरूलाई मात्र ईप्सित फल आफ्ना हाँगारूपी हातले दिन्छन् भने तिम्रो चरण कमलले सबै दरिद्रहरुलाई लक्ष्मीवान् बनाउँदछन् ।

यहाँ समस्त देव–देवाङ्गनाहरूद्वारा सेवित–नमित, चन्द्रमालाई माथ गर्ने नङहरू भएकी चण्डीको चरण कमललाई ध्यान गर्ने गरेमा संपूर्ण दरिद्रता नाश भई लक्ष्मीवान् बनिन्छ भनिएको हो ।

कदा काले मातः कथय कलितालक्तकरसं ।
पिबेयं विद्यार्थी तव चरणनिर्णेजनजलं ॥
प्रकृत्या मूकानामपि च कविताकारणतया ।
यदाधत्ते वाणी मुखकमलतांबूलरसताम् ॥६०॥

रसतरंगिणी

हे आमा ! रातो माहुर लागेको, तिम्रो सुन्दर, कोमल पाउको जल यो विद्यार्थीले कहिले पिउन पाउने हो ! जन्मैः देखिको लाटो पनि तिम्रो चरणारविन्दको रस पान गर्नाले सुन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणी बोल्ने र सरस कविताको रचयिता बन्दछ । त्यस कारण नै सरस्वतीले तिम्रो चरणोदक आफ्नो ताम्बूलमा मिसाउँछिन् ।

रसपानको प्रकृयाको खेचरीसंग सम्बन्ध छ । सहस्रारस्थित जगदंबाको रातो माहुरले सिंगारेका पाउको रातो पादोदक खेचरीद्वारा पान गर्न सकेमा विद्यार्थीले विद्या प्राप्त गरी सुन्दर कविताको रचना गर्न सक्ने हुन्छ । रक्त चरणको चिन्तन र चरण–प्रक्षालन जल खेचरीद्वारा पान गर्नाले विद्या खुल्छ, जडत्व नाश हुन्छ ।

पदन्यासक्रीडापरिचयमिवारब्धुमनस–
श्चरन्तस्ते खेलं भवनकलहंसा न जहति ॥
स्वविक्षेपे शिक्षां सुभगमणिमञ्जीररणित– ।
च्छलादाचक्षाणं चरणकमलं चारुचरिते ॥६१॥

रसतरंगिणी

तिम्रो पाउको राम्रो खेललाई मनले अभ्यास गर्न, तिम्रो घरमा, राजहंस, पदकमलसंगै रहन्छन् । त्यसलाई नूपुर ध्वनि मिश्रित चालले राम्ररी शिक्षा दिन्छ्यौ । त्यसैले बिर्सेर पनि तिनले तिम्रो पाउलाई त्याग्दैनन् ।

यहाँ क्रीडायुक्त पाउको गतितिर मन लगाउने र त्यो पाउको चालसंगै नूपुर ध्वनिद्वारा राजहंसलाई शिक्षा दिने तथ्यतिर विचार गर्नु उचित हुन आउँदछ ।

पदविन्यासशक्ति गमनको अवस्था अर्थात् रक्तरूपी शक्तिको प्रवाहको अवस्था हो । क्रीडा चक्रमा रक्त प्रवाहको न्यूनाधिक तरङ्ग हो भने चक्रैपिच्छे, वैखरीअनुसार उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाद, तरङ्ग हो। कलहंस भन्नाले हंसविद्यालाई बुझाउँदछ। जस्तै, हकार शिव र सकार शक्तिको योगको अवस्था नै हंस, प्राण हो र यसलाई नै हंस विद्या पनि भन्दछन्। साधकले ध्यान गर्दा चक्रैपिच्छे शक्तिको प्रवाहलाई हंस विद्यासंग–संगै जप र चिन्तन गर्नाले शक्तिको चालको अनुभूति हुन्छ। जस्तै, मूलाधार चक्रमा ऐरावतको जस्तो चाल हुन्छ भने स्वाधिष्ठानमा गोहीको जस्तो चाल हुन्छ। मणिपुरमा भेंडाको जस्तो चाल हुन्छ भने अनाहत चक्रमा मृगको जस्तो चाल हुन्छ। विशुद्ध चक्रमा शक्तिको चाल हात्तीको जस्तो हुन्छ।

यसरी हंसक्रमबाट शक्ति संगसंगै पछि लाग्दा वैखरीको र नादको दर्शन र श्रवण हुने हुँदा विभिन्न चक्रमा अनुभूत हुने वैखरी नै शक्तिको रूपान्तर हो र त्यही वैखरोको ध्वनि तरङ्ग नै नाद हो भन्ने शिक्षा पाइने हुँदा त्यो अनुपम आनन्द-लाई बिर्सने र त्याग्ने प्रश्न नै उठ्दैन।

यसरी चक्रमा रहेका वैखरीलाई वर्णमातृका भन्नुको कारण वैखरी नै शक्तिको रूपान्तर भएकोले पचास मातृका शक्ति र त्यसैबाट तरङ्गित ध्वनि नै नाद हो भन्ने कुरा प्रष्ट बुझिन्छ।

ददाने दीनेभ्यः श्रियमनिशमाशाऽनुसदृशी–
ममन्दं सौन्दर्यप्रकरमकरन्दं विकिरति ॥
तवास्मिन्मन्दारस्तबकसुभगे यातु चरणे।
निमज्जन्मज्जीवः करणचरणः षट्चरणताम् ॥९२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसतरंगिणी

दुःखीहरूको लागि इच्छामाफिक संपत्ति दिने, कहिले पनि नओइलाउने राम्रो फूलको जस्तो सौन्दर्य फैलाउने, छरिरहने आँपको मञ्जरी र मुगा-फुलको झुपाजस्ता सुन्दर ती चरण कमलमा मेरा इन्द्रियहरू भमराजस्तै डुबिरहून् ।

भगवतीको चरण कमल मन्दार-पुष्प-गुच्छाजस्तो छ । त्यो पाउको चिन्तन गर्नाले दुःख दरिद्रताको नाश हुन्छ र चिर सौन्दर्य मिल्छ । यसरी सुख संपत्ति, लावण्य प्रदान गर्ने ती युगल चरणबाट प्रवाहित रसमा संधै म डुबिरहौं । याने, देहस्थ षट्-चक्र नै छ पाउ हुन् । त्यही षट्-चक्रमा, पाउबाट प्रवाहित (रस) मकरन्दमा नै चिन्तन गरिरहनुलाई नै डुब्नु भनिएको हो । यहाँ श्रीक्रमबाट षट्-चक्रमा त्रिपुराको चिन्तन गर्नु उत्तम हुन्छ। यसरी स्थिर यौवन, श्री-संपत्ति, लावण्य प्राप्तिको लागि रात दिन चक्रमा चरणको चिन्तन गर्नु पर्दछ भन्ने बुझिन्छ ।

अराला केशेषु प्रकृतिसरला मन्दहसिते ।
शिरीषाभा गात्रे दृषदिव कठोरा कुचतटे ॥
भृशं तन्वी मध्ये पृथुरपि वरारोहविषये ।
जगत्त्रातुं शंभोर्जयति करुणा काचिदरुणा ॥९३॥

रसतरंगिणी

कालो घुंघरिएको केश छ। सरल मन्द हाँसो छ। कोमल शरीर छ। पहाडजस्तो साह्रो तिम्रो कुच प्रदेश छ। कटि प्रदेश ज्यादै पातलो छ र विशाल जंघा छ। त्यसमाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् शंभुले जगत् कल्याणको लागि रातोपना छरेर संसारलाई त्राण दिनुभएको छ ।

अज्ञानरूपी तमको प्रतीक कुटिल केश हो। प्राणीको हृदयमा भरिएको अन्धकारमा तिम्रो मन्द हास्य छर्दा संपूर्ण अन्धकारमा प्रकाशैप्रकाश फैलिन्छ। शिरीषको फूलजस्तो आभा भएको तिम्रो देहमा पहाडजस्ता सान्हा स्तन छन्। सान्हा स्तन सृष्टिको पोषणमा निरन्तरता दर्शउँछन्। त्यस्तै, कटि प्रदेश क्षीण भएपनि पुष्ट जंघा भएकी छ्यौ। भगवान् शंकरले लोक कल्याणको लागि छरेको रातोपना जगत्को त्राण हो। यसको अर्थ, वास्तवमा शक्ति तत्व भन्नु नै रक्त हो। बीजरूप शिवलाई देखेपछि स्वतः तरङ्गित हुने रक्तको प्रवाह शरीरमा छाउनाले देखिने सुन्दरता पनि सृष्टिकै लागि उन्मुख अवस्था भएकोले नै शिव समेत संलग्न हुनु भएको हो। रज = शक्ति, शुक्र = शिव हो।

पुरारातेरन्तःपुरमसि ततस्त्वच्चरणयोः ।
सपर्यामर्यादा तरलकरणानामसुलभा ॥
तथा ह्येते नीताःशतमखमुखाः सिद्धिमतुलां ।
तव द्वारोपान्तस्थितिभिरणिमाद्याभिरमराः ॥९४॥

रसतरंगिणी

देवाधिदेव महादेवकी पट्टमहारानी भएको कारणले, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यका वशमा परेका प्राणी तिम्रो चरणको अर्चना गर्न सक्तैनन्। तर तिम्रो प्रासादको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूपुरमा आणिमादि सिद्धि छन्, इन्द्रादि देवताहरूले त्यहींबाट नै सिद्धि प्राप्त गर्दछन् ।

यहाँ भगवान् शिवकी पत्नी भनेकोले, संसारप्रति करुणाको भावना राखेर कल्याण मार्गमा नलागेकाले तिम्रो चरणको चिन्तन गर्न सक्तैनन् भनेको हो । काम क्रोध लोभ मोह मद मात्सर्यरूपी शत्रुको वशमा परेको प्राणी कहिल्यै शिवसंकल्पयुक्त हुन सक्तैन । त्यसैले काम्य कर्ममा मात्र आस्था राखी उपासना गर्ने साधकका उपास्य इन्द्रादि देवताहरू पनि श्रीप्रासादभित्र प्रवेश पाउँदैनन् । मात्र भूपुरस्थित अणिमादि सिद्धिद्वारा प्राप्त सिद्धिले समर्थ भएका हुन् । यस्ता सीमित शक्तिका अधिकारी देवताका उपासकले जगदंबाको चरणको महिमालाई बुझेर चिन्तन पूजन गर्न सक्तैनन् । सबै देवताको स्थितिलाई बुझ्ने साधकले मात्र आमाको चरणमात्र सर्वसमर्थ छ भन्ने जानेर उपासना गर्दछन् ।

गतास्ते मञ्चत्वं द्रुहिणहरिरुद्रेश्वरभृतः ।
शिवः स्वच्छच्छायाघटितकपटप्रच्छदपटः ॥
त्वदीयानां भासां प्रतिफलनरागारुणतया ।
शरीरी श्रृंगारो रस इव दृशां दोग्धि कुतुकम् ॥९५॥

रसतरंगिणी

हे देवी ! तिमी विराजमान भएका मञ्चका चार खुट्टा ब्रह्मा, विष्णु, रुद्र र ईशान हुन् । अनि निर्मल छवि भएका सदाशिव फल्याकको रुपमा रहेका छन् । तिम्रो अङ्गबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्फुटित अरुण प्रभा प्रतिबिम्बित भएर, मानो शृङ्गार मूर्तिमान् भएर बारम्बार कौतूहल भर्दछ।

यहाँ शिवाकार मञ्चको वर्णन गरिएको छ। जगत्जननी महात्रिपुरसुन्दरी राज हुने मञ्च अर्थात् सिंहासनको चार खुट्टाको रूपमा ब्रह्मा विष्णु रुद्र र ईश्वर रहेका छन् भने बस्ने फलेकको रुपमा सदाशिव रहनुभएको छ। यसरी सृष्टि स्थिति-संहारकर्ता ब्रह्मा, विष्णु, रुद्र, आदि पनि यिनका उपासकले बयान गरेजस्ता सर्वसामर्थ्यवान् रहेनछन्। यी त मात्र आमाको चरण-कमलको महिमालाई धारण गर्नाले मात्र समर्थ देखिएका हुन् भन्ने कुरो प्रष्ट बुझिन्छ। जगदम्बाको विग्रहबाट प्रस्फुटित दिव्य रंगहरूको अंशलाई धारण गरेर नै यिनीहरू शक्तिमान् भएका हुन्। प्रकृतिका स्रोतको रूपमा देखिने ब्रह्मादिहरूमा शक्तिको अरुणाभ छाया पर्नाले देखिने रक्त-लोहित, नील-लोहित, पीत-लोहित, श्वेत-लोहित, श्याम-लोहित रंगमा यी अतिनै शोभायमान देखिन्छन्। यसको उदाहरण यिनै पञ्चमहाप्रेतको अंशी, सृष्टि—जगत्का पदार्थहरूमा देखिने विभिन्न रंग र आभामा देख्न सकिन्छ, जो आँखाको लागि कौतुहलपूर्ण छ। यही प्रक्रयालाई मूर्तिमान् भनिएको हो। याने सृष्टिका सबै पदार्थमा प्राण छ। आकार पनि छ। यसरी आँखा चिम्लिएर मनले कल्पनाद्वारा रचित विग्रहमा दिव्य रंग, दिव्य गन्ध, दिव्य सौन्दर्यको परिकल्पना गर्न सकिँदैन। आफ्नो सीमित परिकल्पनालाई पूर्ण ठान्दैमा पूर्ण चिन्तन हुँदैन। त्यसैले, सृष्टिका पदार्थमा भरिएका एक से एक राम्रा वस्तुहरूको रूप, लावण्य, आदि सबै नै जगदम्बाको अंशीभूत आभा हो भन्ने दृढ निश्चय भएका साधक, प्रकृति—कार्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थ भएका रंग आभा अदिलाई नै आफ्नो अंश सम्झिएर, उनको महिमाप्रति नतमस्तक हुन्छन् ।

कलङ्कः कस्तूरी रजनिकर्राबिबं जलमयं ।
कलाभिः कर्पूरैर्मरकतकरण्डं निबिडितं ।
अतस्त्वद्भोगेन प्रतिदिनमिदं रिक्तकुहरम् ।
विधिर्भूयो भूयो निबिडयति नूनं तव कृते ।।९६।।

रसतरंगिणी

मरकत-मणिबाट बनेको पानीले भरिएको गन्धपात्र शशिमण्डल हो, जसमा मृगमद कस्तूरी कलंकित कालो हुन्छ भने त्यहाँ कपूर सफा हुन्छ। त्यसलाई तिमीले प्रति-दिन भोग्नाले कृष्णपक्षमा घट्दै गएको जानेर शुक्ल पक्षमा विधाताले फेरि पूर्ण गर्दछन् । सुगन्ध त हो तर कस्तूरीको जस्तो कालो होइन । सुगन्ध सबैलाई मन पर्दछ, कुनै काम्य परक र कुनै विशुद्ध । काम्यपरक गन्ध कालो कस्तूरी हो र निर्मल गन्ध कपूर हो। मरकत मणिबाट निर्मित जलपूर्ण पात्र नै निष्कलंक चन्द्रमण्डल हो । त्यही चन्द्र मण्डलको गन्धयुक्त कला तिमीले भोग्ने क्रममा कृष्ण पक्षमा घट्दछ । तिम्रो भोगमा ऱ्हास न आओस् भनेर विधिले शुक्ल पक्षमा फेरि पूर्ण गर्दछन् ।

अनन्तकोटि ब्रह्माण्डमा पृथ्वी भोगको कक्ष हो । यहाँ समस्त प्राणी भोग्न आउँदछन् । भोग, चन्द्रकला जस्तो घट्ने बढ्ने हो । जसले कस्तूरीको गन्ध मन पराउँदछ, उसको भोग कृष्ण पक्षको जस्तो घट्दछ । जसले कपूरजस्तो निर्मल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्धको प्रक्रया जान्दछ, उसको भोग कहिल्यै घट्दैन, शुक्लपक्ष-को जूनजस्तो बढिरहन्छ ।

समुद्भूतस्थूलस्तनभरमुरश्चारु हसितं ।
कटाक्षे कन्दर्पाः कतिचन कदंबद्युतिवपुः ।
हरस्य त्वद्भ्रान्ति मनसि जनयन्ती सुवदने
भवत्या ये भक्ताः परिणतिरमीषामियमुमे ॥९७॥

रसतरंगिणी

तिम्रो उन्नत दुई स्तन पेटमा भएको भए राम्रो हाँसो हुन्थ्यो। धेरैको मन कटाक्षले आहत हुनेथियो। शरीर कदम्बको जस्तो लाग्दथ्यो। हे उमे ! तिम्रो भक्तजनहरूको यस्तो अवस्था हुने थियो। तिम्रो रूप-सौन्दर्यलाई धारण गरेर शिव-को मन पनि भ्रमित भएको थियो। तिम्रो स्वरूप र सौन्दर्य अवर्णनीय छ। सुगठित शरीरको अंग-प्रत्यंगबाट दिव्य रूप प्रस्फुटित भैराखेको छ। कोही पनि तिम्रो पूर्ण विग्रहको आभा चिन्तन गर्न सक्षम छैनन्। कारण, प्रत्येक अवयवबाट मन बुद्धि अन्यत्र लाग्न सक्तैन। त्यसैले तिम्रो स्तन पेटमा भएको भए उत्तम हाँसो बन्नेथियो होला। तर तिम्रा भक्तहरू कटाक्षले आहत भैरहन्थे होला, किनकि तिम्रो रूपले त शिवको मनलाई समेत भ्रान्त पारेको छ।

चिन्तनमात्र गरेर हुँदैन, विश्वंभरा, जगत्की आमा हुन् भन्ने। भावनाले गरेको उपासनामात्र फलदायी हुन्छ। चरण कमलको मात्र आश्रय लिनुपर्दछ, अन्यथा रूप सज्जामा, श्रृंगारमा, कटाक्षमा मन आबद्ध भई भक्तिभाव लुप्त हुन जान्छ। त्यस्तो अवस्थामा साधक आफू शिव बन्न सकेको छैन भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासनाको पाशमा बाँधिएर झन् अप्ठरोमा पर्दछ । सम्पूर्ण सृष्टिको भरण पोषणको लागि क्रियाशील उन्नत स्तन भएकी जगदम्बाको चिन्तनले मात्र आमाको वात्सल्य प्राप्त भई साधकले पादुकामा स्थान पाउँदछ ।

कलत्रं वैधात्रं कति कति भजन्ते न कवयः ।
श्रियो देव्याःको वा न भवति पतिः कैरपि धनैः ।
महादेवं हित्वा तव सति सतीनामचरमे ।
कुचाभ्यामासंगः कुरवकतरोरप्यसुलभः ॥९८॥

रसतरंगिणी

विधाताकी पत्नी सरस्वतीलाई कविले भज्दैनन् र ? भज्दछन् । त्यस्तै, सम्पत्तिवान् धनी व्यक्ति लक्ष्मीपति भनिन्छ । हे सति, सबै सतीकी शिरोमणि आमा ! तिम्रो कुचभागलाई छुन महादेव वाहेक अरु कसैको सामर्थ्य छैन । कुरबकतरु (सदा–वहार वृक्ष) समेतले भेट्टाउँदैन ।

विधाताकी पत्नी सरस्वती र विष्णुपत्नी लक्ष्मी साधकको वशमा रहन्छिन् । तर उमे ! तिमी शिवको मात्र अधीन छ्यौ । त्यसैले भगवान् शिवबाहेक अरुको वशमा छैनौ ।

गिरामाहुर्देवीं द्रुहिणगृहिणीमागमविदो ।
हरेः पत्नीं पद्मां हरसहचरीमद्रितनयां ॥
तुरीया कापि त्वं दुरधिगमनिःसीममहिमा ।
महामाये विश्वं भ्रमयसि परब्रह्ममहिषि ॥९९॥

रसतरंगिणी

आगमविद्हरूले ब्रह्माकी पत्नीलाई सरस्वतीको नामले पुकार्दछन् । विष्णुपत्नी कमलालाई पद्मा भन्दछन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे गिरिसुता ! तिमीलाई शम्भुको सहचरी भनेर पुकार्दछन् । तर तिमी जो भएपनि तुरीया हौ । तिम्रो महिमा जानिनसक्नु, अपार छ । हे परब्रह्मकी पटरानी ! तिमीले नै महामायाको रूपमा संसारलाई भ्रमित गराइराखेकी छ्यौ ।

यो संसारमा विभिन्न सङ्कल्पमा बाँधिएका, भिन्न विचारका प्राणीहरू छन् । एकको अनुहार अर्कोसंग नमिलेजस्तै विचारमा बुद्धिमा र कर्ममा पनि भिन्नता छ । त्यसैले वासनाअनुसार भिन्नभिन्न रूपमा उपासना गरेतापनि तिमी त एकै हो । तिमी नै भिन्नभिन्न रूपमा विद्यमान रहेकी महामाया सम्पूर्ण सृष्टिलाई मायाद्वारा भ्रमित गराइरहेकी छ्यौ । त्यसैले हे महामाया, तिम्रो महिमा जानिनसक्नु, अपार छ ।

सरस्वत्या लक्ष्म्या विधिहरिसपत्नो विहरते ।
रतेः पातिव्रत्यं शिथिलयति रम्येण वपुषा ॥
चिरं जीवन्नेषः क्षपितपशुपाशव्यतिकरः ।
परब्रह्माभिख्यां रसयति रसं त्वद्भजनवान् ॥१००॥

रसतरंगिणी

हे आमा ! तिम्रो भक्त सरस्वती र लक्ष्मीसंग ब्रह्मा र विष्णुलेजस्तै विहार गर्छ ।

आफ्नो सुन्दर शरीरले कामदेवकी पतिव्रता पत्नी रतिको सत डगाइदिन्छ । तिम्रो भक्त चिरकालसम्म बाँचेर परमानन्द रस पिउँछ ।

लक्ष्मी, सरस्वती विष्णु र ब्रह्मासंग विहार गर्दछन् । यिनको उपासकले काव्य शक्ति र सम्पत्तिमात्र आर्जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछन् । तर तिमी त सदाशिवसंग सहस्रारमा योगरत हुन्छयौ । तिम्रो साधकले ब्रह्मरस प्राप्त गर्दछन् र त्यही ब्रह्मरस पान गरेर धेरै वर्षसम्म पशुपाशबाट मुक्त रहेर आनन्दित रहन्छन् ।

निधे नित्यस्मेरे निरवधिगुणे नीतिनिपुणे ।
निराधातज्ञाने नियमपरचित्तैकनिलये ।
नियत्या निर्मुक्ते निखिलनिगमान्तस्तुतिपदे ।
निरातंके नित्ये निगमय ममापि स्तुतिमिमां ।।१०१।।

रसतरंगिणी

हे निधे ! नित्य मुस्कानयुक्त मुहार भएकी, असीमित गुणकी खानी, समस्त नीति जान्ने भएकी आमा ! तिमी र तिम्रो ज्ञान कसैको अधीनमा छैन, स्वतन्त्र छ । तिमी नियमपूर्वक उपासना गर्ने उपासकको हृदयमा वास गर्दछयौ र ज्ञान पनि दिन्छयौ । हे निरातंके ! नित्ये ! मैले बनाएको यो स्तुति तिमीमा समर्पण छ ।

प्रदीपज्वालाभिर्दिवसकरनीराजनविधिः ।
सुधासूनोश्चन्द्रोपलजललवैरर्घ्यघटना ।।
स्वकीयैरंभोभिः सलिलनिधिसौहित्यकरणं ।।
त्वदीयाभिर्वाग्भिर्मम जननि वाचां स्तुतिरियम्।।१०२।।

रसतरंगिणी

दियो बालेर सूर्यको आरती गरेजस्तै, चन्द्रमालाई चन्द्रकान्त मणिको जलकणले अर्घ्य प्रदान गरेजस्तै, समुद्रको जलले समुद्रलाई नै तर्पण गरेजस्तै, तिम्रो वाणीले वाक्स्वरूपा तिम्रो स्तुति गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हारीत वा हारीतायन नै दुर्गासप्तशतीका सुमेधा वा मेधा ऋषि हुन् । श्री भट्टजी यही हारीत वंशका सुपुत्र हुनु हुन्छ । उहाँको वंश परम्परामा श्रीविद्या साधना अविच्छिन्न चलिरहेको छ । प्रस्तुत सौन्दर्यलहरी पनि श्रीविद्यासाधनाका अनेकौं पक्ष प्रकट गर्ने ग्रन्थरत्न हो । पैंसट्ठियौं तन्त्र भनिएको, परमस्वामिनी महात्रिपुरसुन्दरी राजराजेश्वरीको अनुग्रहबाट सदाशिव पशुपतिले प्रकट गर्नु भएको, भुक्ति र मुक्ति दुवै दिने श्रीविद्याका साधनापद्धतिहरू प्रकट गर्ने सौन्दर्यलहरी अवश्य नै अगम्य, अपार, अभेद्य र दुरूह छ । यस्तो दुरूह ग्रन्थका जेलिएका ग्रन्थिहरूलाई फुकाउन सक्ने सामर्थ्य कुलीन, वंशानुगत श्रीविद्यासाधक, पूर्णाभिषिक्त नैष्ठिक विद्वान्मामात्र हुन सक्छ । त्यस्ता विद्वान्लेमात्र आदि शंकराचार्यको चिन्तनक्रम बुझ्न सक्छ । यो रसतरंगिणी व्याख्या महात्रिपुरसुन्दरीको सौन्दर्यको लहरीमा–फुर्तिलो, चुट्क्याइलो नौका नाचेजस्तै नाचेको छ । नेपालीमा गरिएको यो पहिलो व्याख्या उच्चकोटिको छ ।

परमस्वामिनी श्रीविद्या राजराजेश्वरीको मायालु नजर नपरीकन त नेपालीमा गरेको व्याख्या पनि बुझ्न सकिन्न ।

श्रीरणमुक्तेश्वर महादेव र श्रीत्रिपुरेश्वर महादेवको वंशानुगत मूल अर्चकको दायित्व बोक्नुहुने श्रीभट्टजीको अभिरुचि तन्त्रशास्त्रका प्रकाशित अप्रकाशित ग्रन्थहरूको संकलन, अध्ययन, अनुसन्धान र सुपात्र जिज्ञासुहरूको मार्गदर्शनतिर रहेको छ । साधना विषयका गुप्ततम रहस्य खोल्ने ग्रन्थ गुप्तसाधनतन्त्रम्, जुन उहांको निजी संकलनमा थियो, चौखम्बा संस्कृत सीरीज वाराणसीबाट प्रकाशित हुँदैछ । त्यसमा उहाँले रहस्यार्थबोधिनी व्याख्या गर्नु भएको छ । प्रस्तु–

मुखपृष्ठ

श्रीयन्त्र

चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि ।
प्रभिन्नाभिः शंभोर्नवभिरपि मूलप्रकृतिभिः ॥
त्रयश्चत्वारिंशद्वसुदल–कलाब्ज–त्रिवलय–
त्रिरेखाभिः सार्धं तव चरणकोणाः परिणताः ॥११॥

–सौन्दर्यलहरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्याकारको परिचय

नामः– श्रीगिरिधारी भट्ट
पिताः– श्रीनारायण भट्ट   माताः– जानकी भट्ट
जन्म मितिः– १९९७
जन्मस्थानः– रणमुक्तेश्वर, काठमाडौं
शिक्षाः– आई.ए. सम्मको अध्ययन

विद्वान् पिताबाट कर्मकाण्ड, ज्योतिष, आयुर्वेद आदिका साथै कुलपरंपरागत विद्याहरूको शिक्षा घरमै प्राप्त गरेको। पन्ध्र वर्षको कलिलै उमेरमा दीक्षा मार्गमा प्रवेश गरी योग्य गुरुहरूबाट क्रमशः छवटै आम्नायको दीक्षा लिई साधकहरूको लागि अति दुर्लभ मानिने पूर्णाभिषक लिइसकेको। वंशपरंपरामा अविच्छिन्न रहेको श्रीविद्यामा विशेष अभिरुचिले अध्ययन अनुसन्धान गरिरहेको।

श्रीविद्या–श्रीविद्याका आदि मानव गुरु दत्तात्रेयले भगवान् सदाशिवबाट यो विद्या प्राप्त गरे। दत्तात्रेयका प्रमुख दुई शिष्यमध्ये एक ऋषि विश्वामित्रमार्फत 'गन्धर्वतन्त्र' प्रकट भयो र पृथ्वीमा श्रीविद्याको गन्धर्वक्रम चल्यो। दोस्रा प्रमुख शिष्य परशुरामले 'परशुराम कल्पसूत्र' रचे। तर यो ग्रन्थ विलीन भइसकेको छ।

परशुरामका अति प्रिय शिष्य हारीत वा हारीतायन हुन्। परशुरामले हारीतलाई गरेको उपदेशलाई गुरुको आदेश, प्रजापति ब्रह्माको आशीर्वाद र देवर्षि नारदको प्रेरणा पाएर हारीतले ग्रन्थबद्ध गरी 'महात्म्यखण्ड', 'ज्ञानखण्ड' र 'चर्याखण्ड' नामक तीन भाग भएको 'त्रिपुरारहस्य' रचे। त्रिपुरारहस्यमा श्रीविद्यासाधनाको महात्म्य, श्रीविद्या दर्शन र श्रीविद्यासाधकको जीवनचर्याको वर्णन गरिएको छ। यस्तो सरस, सरल र गहन ग्रन्थरत्न अर्को छैन। यसको ज्ञानखण्डमात्र अब उपलब्ध छ। माहात्म्यखण्ड दुर्लभ भैसक्यो र चर्याखण्ड त पृथ्वीबाट नै लोप भैसक्यो।

(बाँकी कभर भित्री पेजमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu